मङ्सिर – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क १५ | २०८१ मङ्सिर १-१५ | पूर्णाङ्क ७७७



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | १ | इजलास नं. ६ | १५ |
| संयुक्त इजलास | २ | इजलास नं. ९ | ६ |
| इजलास नं. १ | १० | इजलास नं. ११ | २ |
| इजलास नं. ४ | १३ | इजलास नं. २१ | ३ |
| इजलास नं. ५ | ६ | इजलास नं. | |
| **जम्मा** | **३२** | **जम्मा** | **२६** |

**कूल जम्मा ३२ + २६ = ५८**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०15 सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, मङ्सिर – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | उत्प्रेषणसमेत | नितेश श्रेष्ठसमेत वि. उमाकुमारी ढकाल | १ |
| **संयुक्त इजलास** | | | **२ - ३** |
| २. | ज्यानसम्बन्धी कसुर | नेपाल सरकार वि. बुद्धिलाल मुराऊ | २ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमल थारू | ३ |
| **इजलास नं. १** | | | **४ - १२** |
| ४. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. दानबहादुर अधिकारीसमेत | ४ |
| ५. | बन्दी प्रत्यक्षीकरण | भिमबहादुर खड्का वि. बारा जिल्ला अदालत, बारा | ४ |
| ६. | बन्दी प्रत्यक्षीकरण | दिलिप पासवान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, बुटवलसमेत | ५ |
| ७. | बन्दी प्रत्यक्षीकरण | हुमप्रसाद काप्री वि. श्री उच्च अदालत पोखरासमेत | ५ |
| ८. | बन्दी प्रत्यक्षीकरण | भक्तबहादुर बस्नेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ६ |
| ९. | बन्दी प्रत्यक्षीकरण | भिमबहादुर खड्का वि. भक्तपुर जिल्ला अदालत, भक्तपुर | ७ |
| १०. | बन्दी प्रत्यक्षीकरण | नमराज सदाशंकर वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ८ |
| ११. | उत्प्रेषण / परमादेशसमेत | सुमित्रा बास्कोटा वि. शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ८ |
| १२. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. खेमराज बुढाथोकीसमेत | ९ |
| १३. | बन्दी प्रत्यक्षीकरण | पुजा भुषाल वि. श्री उदयपुर जिल्ला अदालत गाइघाट बोक्सेसमेत | ११ |
| **इजलास नं. ४** | | | **१२ – २२** |
| १४. | जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ | बाजीराम थारू वि. निरज परियार | १२ |
| १५. | उत्प्रेषण / परमादेशसमेत | दुर्गाकुमारी थपलिया गौतम वि. समाजकल्याण परिषद्, लैनचौर, काठमाडौंसमेत | १३ |
| १६. | बन्दी प्रत्यक्षीकरण | नरेन्द्रबहादुर पण्डित क्षेत्री वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा सिन्धुपाल्चोक | १३ |

| | | | |
|---|---|---|---|
| १७. | उत्प्रेषणसमेत | कैलाली जिल्ला गोदावरी नगरपालिका वडा नं. ५ स्थित राजेश ट्रान्सफरमर उद्योग प्रा.लि. समेत वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत | १४ |
| १८. | उत्प्रेषणसमेत | अनुपम भट्टराई वि. शङ्खरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौंसमेत | १५ |
| १९. | उत्प्रेषण | इश्वरीप्रसाद जोशी, जिल्ला सुनसरी, धरान स्थित शिव फर्मासिउटिकलसमेत | १६ |
| २०. | उत्प्रेषणसमेत | बन्दना श्रेष्ठ बैद्य वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, कीर्तिपुर, काठमाडौंसमेत | १७ |
| २१. | खिचोला छोडाई चलनसमेत | ठाकुर लोहार वि. नारायणठाकुर लोहारसमेत | १८ |
| २२. | सार्वजनिक बाटो घर उठाई जग्गा खिचोला चलन | राम अशिस राय यादव वि. रामजनम राय यादव | १९ |

| | | | |
|---|---|---|---|
| २३. | उत्प्रेषण | कमला चौधरीसमेत वि. मेडिकल कलेज प्रवर्धन विकास समिति गेटा, धनगढी, कैलालीसमेत | २० |
| २४. | उत्प्रेषण | प्रविणराज मास्के वि. काठमाडौं महानगरपालिका बागदरबार, काठमाडौंसमेत | २१ |
| २५. | उत्प्रेषणयुक्त परमादेशसमेत | कृष्णदेव मण्डल वि. क्षेत्रीय शिक्षा निर्देशनालय पूर्वाञ्चल मुकाम धनकुटासमेत | २१ |
| २६. | उत्प्रेषणसमेत | डा. रामहरि लामिछाने वि. पुनरावेदन अदालत पाटनसमेत | २२ |
| | **इजलास नं. ५** | | २२ – २६ |
| २७. | ठगी | परशुराम अधिकारी वि. नेपाल सरकार | २२ |
| २८. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. विवेक शाही | २३ |
| २९. | जबरजस्ती करणी | सुवास वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. सुवास वि.क. | २३ |
| ३०. | सवारी ज्यान | नेपाल सरकार वि. कृष्ण तामाङ | २४ |
| ३१. | जबरजस्ती करणी उद्योग | किरण खड्का वि. नेपाल सरकार | २५ |
| ३२. | भन्सार चोरी पैठारी | हरिदत्त पाण्डे वि. राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर | २६ |

| इजलास नं. ६ | | | २६ – ३९ |
|---|---|---|---|
| ३३. | बन्दी प्रत्यक्षीकरण | शान्ती श्रेष्ठ वि. प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्को सचिवालय सिंहदरबार, काठमाडौंसमेत | २६ |
| ३४. | अंश दपोट | बद्रीनाथ तखाछें श्रेष्ठ वि. बैजनाथ तखाछें श्रेष्ठ | २७ |
| ३५. | लेनदेन | प्रदिप शमसेर ज.व.रा. वि. रवि विक्रम शाह | २८ |
| ३६. | कर्तव्य ज्यान | डेनिस श्रेष्ठ वि. नेपाल सरकार | २८ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | केदारप्रसाद बराल वि. जिल्ला प्रहरी कार्यालय कास्कीसमेत | २९ |
| ३८. | खुन डाँका | नेपाल सरकार वि. शक्तिकुमार मण्डलसमेत, शक्तिकुमार मण्डल वि. नेपाल सरकार, नेपाल सरकार वि. जितेन्द्र यादवसमेत | ३० |
| ३९. | जालसाजी | रामनाथ मेहतासमेत वि. सकलीदेवी | ३१ |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्णबहादुर के.सी. | ३२ |
| ४१. | बन्दी प्रत्यक्षीकरण | दिनेश बस्नेत वि. उच्च अदालत पाटनसमेत | ३२ |
| ४२. | बन्दी प्रत्यक्षीकरण | रमेश अधिकारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत | ३३ |
| ४३. | उत्प्रेषणसमेत | आमोदकुमार पौड्याल वि. त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्, कीर्तिपुर, काठमाडौंसमेत | ३५ |
| ४४. | बन्दी प्रत्यक्षीकरण | राममान श्रेष्ठ वि. राधिका शाहीसमेत | ३६ |
| ४५. | उत्प्रेषण | रामचन्द्र जोशी वि. श्रम अदालत, काठमाडौंसमेत | ३७ |
| ४६. | उत्प्रेषणसमेत | किशोर न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३८ |
| ४७. | उत्प्रेषणयुक्त परमादेश/ प्रतिषेध | सुजन कुमार झा वि. ग्लोबल बैंक लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौंसमेत | ३८ |
| **इजलास नं. ९** | | | **३९ – ४७** |
| ४८. | बन्दी प्रत्यक्षीकरण | मोनिका तामाङ वि. उच्च अदालत, पाटन, ललितपुरसमेत | ३९ |

| | | | |
|---|---|---|---|
| ४९. | अंश | हर्कबहादुर गुरुङ वि. बलबहादुर गुरुङसमेत, खड्गबहादुर गुरुङसमेत वि. हर्कबहादुर गुरुङसमेत | ४० |
| ५०. | अंश दपोट | मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत | ४२ |
| ५१. | जबरजस्ती करणी | नेपाल सरकार वि. विष्णुप्रसाद शर्मा, विष्णुप्रसाद शर्मा वि. नेपाल सरकार | ४३ |
| ५२. | नाताकायम | रत्नकाजी वाडे वि. जमुनादेवी गौतम | ४४ |
| ५३. | उत्प्रेषणयुक्त परमादेश | बैकुण्ठ थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४५ |
| **इजलास नं. ११** | | | ४७ – ४९ |
| ५४. | कर्तव्य ज्यान | हिराधन राई वि. नेपाल सरकार | ४७ |
| ५५. | उत्प्रेषणसमेत | देवकी नेपाल वि. नेपाल स्वास्थ्य व्यवसायी परिषद् (NEPAL MEDICAL COUNCIL), बाँसबारी काठमाडौंसमेत | ४८ |
| **इजलास नं. २१** | | | ४९ – ५२ |
| ५६. | जबरजस्ती करणी | नेपाल सरकार वि. तेजबहादुर सुनार | ४९ |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गम्भीरबहादुर दनुवार | ५० |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गयाराम चौधरीसमेत, विनय रोशन चौधरी थारू वि. नेपाल सरकार, सुरज राई वि. नेपाल सरकार | ५१ |

## पूर्ण इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७४-NF-०००८, उत्प्रेषणसमेत, नितेश श्रेष्ठसमेत वि. उमाकुमारी ढकाल*

वादीले विवादका कि.नं.२२१, २१९ र २२३ का जग्गाहरू अंश मुद्दा चली वादीले अंश मुद्दाबाट अंश पाउने भई बन्डा मुचुल्कामा समेत उल्लेख भएका उक्त जग्गाहरू वादीको अंश हकको फैसला कार्यान्वयनबाट वञ्चित गर्न उक्त जग्गा बिक्री गरेको भनी लिएको दाबीतर्फ हेर्दा निश्चय पनि वादीले आफ्ना अंशियारको पैतृक सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिबाट नैसर्गिक अधिकारको रूपमा अंश प्राप्त गर्न पाउने नै हुन्छ। साथसाथै सगोल परिवारमा रहँदा धन मात्र प्राप्त हुने नभई घर व्यवहार चलाउन ऋण पनि लिनुपर्ने स्वाभाविक अवस्थाहरूलाई प्रचलित कानूनले समुचित व्यवस्था गरेको पाइन्छ। माथिका प्रकरणहरूमा विवेचना भएजस्तै मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. अंशबन्डाको १८ नं. दण्ड सजायको २६ नं. का कानूनी व्यवस्थाहरू सगोलमा रहँदाका व्यवहार सञ्चालनार्थ हुन सक्ने ऋण एवम् धन तथा अंशीहरूको सगोल सम्पत्तिमा हकाधिकार तथा दायित्वको कानूनी व्यवस्थाका रूपमा रहेको पाइन्छ। पुनरावलोकनकर्ताहरूले पुनरावलोकन निवेदनमा मुद्दा पुनरावलोकन गरिपाउँ भनी माग गर्दा वैद्यनाथप्रसाद भेडियार वि. हेमन्त चौधरीसमेत भएको संशोधन दाखिल खारेज (ने.का.प. २०५४ अङ्क ३ नि.नं. ६३३६) को मुद्दा, जंगबहादुर न्यौपानेसमेत वि. पुनरावेदन अदालत महेन्द्रनगरसमेत (ने.का.प. २०६७ अङ्क १२ नि.नं. ८५२०) भएको उत्प्रेषणको मुद्दा, शान्तिदेवी कोइरिन वि. जैतुन खातुन (ने.का.प. २०६८ अङ्क १२ नि.नं.८७३८) भएको कित्ताकाट दर्ता बदर दर्ता मुद्दा र सावित्री राई वि. एकमाया बस्नेतसमेत भएको (ने.का.प. २०६९ अङ्क ६ नि.नं.८८४८) उत्प्रेषणयुक्त प्रतिषेध मुद्दामा भएको व्याख्यालाई समेत उद्धरण गरेको स्थिति देखिन आउँछ। कुनै पनि अमुक मुद्दाको विषयवस्तु वा विवाद वा न्यायिक विवेचनामा ठ्याक्कै एकरूपता हुनुपर्छ भन्न सकिने अवस्था रहँदैन। माथिका प्रकरणहरूमा विवेचना गरिएजस्तै सगोल परिवारमा रहेकी र घर व्यवहार गर्ने मुख्य व्यक्ति लक्ष्मी मैया श्रेष्ठले सगोलको छोरालाई साक्षी राखी अंश मुद्दाका वादी दामोदर श्रेष्ठले अंश मुद्दा दायर गर्नुभन्दा ११/२ वर्षपहिले बैंकबाट सगोल परिवारकै उत्पादनमूलक उद्देश्यका लागि लिएको ऋणप्रति पुनरावलोकनकर्ताको पुरापुर दायित्व रहन जाने देखिन्छ। सोही बैंकको संस्थागत ऋण तिर्न विवादको घरजग्गा बिक्री भएको अवस्था सुस्पष्ट तवरबाट स्थापित भइरहेको स्थिति देखिन्छ। अंश मुद्दामा मुद्दाको सम्पूर्ण सहभागिता वादी दामोदर श्रेष्ठको मात्र देखिएको र कानूनी रोह-रीत पुऱ्याई यिनै जग्गा मात्र सम्पत्ति देखाई बन्डा गर्न माग गरिएको देखिन्छ। अंश मुद्दा नितान्त पारिवारिक सम्पत्तिसम्बन्धी मुद्दा हुने र त्यस्ता अंश मुद्दामा परिवारभित्र रहेको सम्पत्ति स्वयं परिवार मात्र जानकार हुने अवस्था रहन्छ। पारिवारिक सदस्यहरू एकापसमा मिली भएका सम्पत्ति वा व्यवहार गुपचुप गरी कृत्रिम एवम् नखरा मुद्दा सिर्जना गरी कानूनका छिद्रहरूको उपयोग गरी अनजान तेस्रो पक्ष (INNOCENT THIRD PARTY) उपर घात गर्न सक्ने अवस्थाप्रति अदालत हरदम सचेत रहनुपर्ने हुन्छ। प्रस्तुत वादी दामोदर श्रेष्ठ र प्रतिवादी लक्ष्मीमैया श्रेष्ठसमेत प्रतिवादी भएको अंश मुद्दामा पनि सगोल व्यवहार क्रियाकलापका लागि बैंकबाट ऋण लिएको, वादीले अंश मुद्दा दायर गरेको, प्रतिवादीहरू कसैले पनि प्रतिउत्तर नै नफिराई वादी दाबीबमोजिम एक पक्षीय फैसला भएको, वादीले बैंक ऋणबापत धितो रहेको जग्गाबाहेक अन्य कुनै

सम्पत्ति नदेखाएको, लक्ष्मीमैया श्रेष्ठसमेतले अंश मुद्दा दायर भएको तथ्य जारी म्यादबाट पनि देखिएकोमा सोमा केही नगरी २०६४ सालमा नै भएको व्यवहार गुपचुप गरी २०६४ सालमा नै बैंकमा धितो राखेको जग्गा अंश मुद्दा फैसला भई तिनै धितो जग्गा मात्र बन्डा मुचुल्का भएपछि तेस्रो पक्षलाई बिक्री गरी सोही अंश मुद्दामा प्रतिउत्तर नगर्ने राजेन्द्रमान श्रेष्ठ, महेन्द्रमान श्रेष्ठसमेतले निजहरू विरुद्ध सर्वोच्च अदालतबाट उत्प्रेषणको रिट जारी भएपछि गरेको पुनरावलोकन निवेदनमा तमाम अवस्थाहरू स्वाभाविक अवस्थाका नदेखिएको र कानूनका छिद्रहरू उपयोग गरी तेस्रो पक्षको हक सम्पत्तिमा आघात पार्न उद्धत रहेको भन्ने स्पष्ट देखिन आउँछ । न्याय भनेको पीडित पक्षलाई कानूनले प्रदान गरेको हकाधिकार समन्यायिक र स्वच्छ तवरमा (EQUITABLE AND FAIR MANNER) उपयोग गर्न सक्षम बनाउनु हो । कसैलाई पनि अनुचित तवरबाट सम्पत्ति प्राप्त गर्ने अधिकार नरहने अवधारणालाई (UNJUST ENRICHMENT) मुलुकी देवानी संहिता, २०७४ को दफा ६६४ ले कानूनी व्यवस्थासमेत गरेको पाइन्छ । अत: उपर्युक्त उल्लिखित आधार, कारणबाट कुनै सम्पत्तिमा अंशबन्डाजस्तै पारिवारिक मुद्दा पर्दैमा निजहरूको सम्पत्तिमा अस्वाभाविक पारिवारिक क्रियाकलापका कारणले अनजान तेस्रो पक्षको हकहितमा असर पार्न सक्ने अवस्था रहन जानु मनासिब देखिँदैन ।

सगोलमा रहँदाको अवस्थामा घरको मुली व्यक्तिले लिएको बैंकको ऋण तिर्न धितो फुकुवा गरी जग्गा राजीनामा गरी प्राप्त रकमबाट बैंकको ऋण भुक्तान भएको अवस्थामा जग्गा राजीनामा गरिलिने विपक्षीले राखेको धितोको लिखतलाई दूषित लिखत भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।१२।७ मा भएको आदेशलाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।३।१९ को आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षीहरूलाई दिएको दाखिल खारेज दर्ता गरिदिने भन्ने जनाउ पुर्जीसमेत कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासको मिति २०७३/१२/२० को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - नवीनकुमार यादव
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०८० वैशाख २८ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

### २

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा**, *०७९-RC-००३९, ज्यानसम्बन्धी कसुर, नेपाल सरकार वि. बुद्धिलाल मुराऊ*

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. मा प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएमा निजलाई जन्मकैदको सजाय दिँदा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले घटी सजाय गर्न उपर्युक्त देखेमा सोको कारण खुलाई रायसहितको फैसला गर्न सक्ने छ भन्ने व्यवस्था रहेको देखिन्छ । प्रतिवादी बुद्धिलाल मुराऊलाई आफूले गरेको कार्यप्रति पश्चाताप महसुस भई निज स्वयम् कसुर स्वीकार गरी प्रहरीमा उपस्थित भएको देखिन्छ । प्रतिवादी बुद्धिलाल मुराऊको आफ्नो श्रीमती राधा मुराऊलाई मार्नुपर्ने कुनै पूर्वरिसइवी नभई निज मृतककै व्यवहारको कारणबाट तत्काल उठेको रिसको आवेगमा आफूसँग रहेको फरूवाले प्रहार गर्दा संवेदनशील अङ गर्धनमा लाग्न गई राधा मुराऊको मृत्यु भएको देखिएको छ । कसुर हुँदाको

अवस्था, परिस्थिति, घटनाक्रम, प्रतिवादीले न्यायिक प्रक्रियामा सहयोग नै गरेको अवस्था, वारदातमा प्रयोग गरेको साधन (जोखिमी हतियार धार भएको फरुवा) तथा प्रतिवादीको वृद्धावस्थाको उमेरसमेतलाई दृष्टिगत गर्दा निजलाई जन्मकैद गर्ने गरी भएको सजाय चर्को पर्न जाने हुँदा निजलाई १५ वर्ष मात्र  कैद सजाय गर्नु मनासिब देखियो ।

प्रतिवादी बुद्धिलाल मुराउले आफ्नो श्रीमती राधा मुराउलाई फरुवाले प्रहार गर्दा निजको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय हुने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७७।३।३१ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । साथै, माथि विवेचित कारणबाट निज प्रतिवादी बुद्धिलाल मुराऊलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ क. बमोजिम १५ (पन्ध्र) मात्र वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

इति संवत् २०७९ कार्तिक २७ गते रोज १ शुभम् ।

### ३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, *०७९-RC-००१३, कर्तव्य ज्यान, नेपाल सरकार वि. कमल थारु*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मार्ने गैह्रकुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ, सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ । प्रतिवादी दङगुवा भन्ने कमल थारू चौधरीले मृतक सन्जोग राईलाई मुड्की र बेल्साले शरीरको विभिन्न भागमा प्रहार गरेकोसमेतको पिटाइको चोटपीडाका कारणबाट सन्जोग राईको मृत्यु भएको भन्ने नदेखिँदा निज प्रतिवादीलाई जन्मकैद गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट भएको फैसला मनासिब नै देखियो । तसर्थ, निज प्रतिवादी दङगुवा भन्ने कमल थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको सुरू फैसला सदर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७८/१०/३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ ।

प्रतिवादी दङगुवा भन्ने कमल चौधरीको हकमा मुलुकी ऐन, अ.बं. १८८ बमोजिम घटी सजाय गर्ने गरी व्यक्त भएको रायतर्फ विचार गर्दा, प्रतिवादी दङगुवा भन्ने कमल चौधरीले मृतकलाई पूर्वरिसइवी वा योजना बनाई कुटपिट गरेको भन्ने देखिँदैन । मृतककै कारणबाट तत्काल भएको विवादको कारणबाट अनपेक्षित रूपमा हत्या गरी लास लुकाउने प्रयास गरेको देखिन्छ । मादक पदार्थ सेवन गरेका मृतकले प्रतिवादीहरूलाई पेटीले हान्न खोज्दा आफैँ लरबरिएर पुलबाट खसेको र निजको मृत्यु भएको सम्झी पानी जमेको खाल्डोमा राखेर फर्केकोसमेत प्रतिवादीको भनाइ रहेको पाइयो । यसबाट भवितव्य प्रकृतिको कसुर रहेछ कि भन्ने पनि देखिएको छ । यस अवस्थाका प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा सो सजाय चर्को पर्ने चित्तमा लागेकाले निज प्रतिवादी दङगुवा भन्ने कमल चौधरीलाई तत्काल प्रचलित मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष मात्र कैद सजाय गर्ने ।

इजलास अधिकृत – श्रद्धा विष्ट

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम् ।

## इजलास नं.१

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का,** *०७४-CR-०५७९, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. दानबहादुर अधिकारीसमेत*

प्रतिवादीमध्येका शंकरनाथ उप्रेती र दानबहादुर अधिकारीले सरकारी कार्यालयको छापलाई किर्ते गरेको तर सोबाट लाभ प्राप्त गरिसकेको देखिएन। प्रतिवादीहरू श्याम भन्ने भिमबहादुर खड्का, अर्जुन भन्ने निरज अधिकारी र छोटेलाल महतो मुख्य प्रतिवादीहरूलाई किर्ते गर्न प्रबन्ध मिलाइदिने व्यक्तिहरू रहेको पाइयो । साथै प्रतिवादीहरू शोभा श्रीवास्तव, भवनाथ फुयाल, देवीप्रसाद भट्टराई र हरिनारायण चौधरी भन्ने हरिनारायण साह कानूको कसुरमा संलग्नता रहेको बेहोरा कुनै वस्तुनिष्ठ प्रमाणबाट पेस हुन सकेको नदेखिँदा विद्वान् उपन्यायाधिवक्ता तथा प्रतिवादी शंकरनाथ उप्रेतीको तर्फबाट उपस्थित हुनुभएको विद्वान् अधिवक्ताले प्रत्यर्थी झिकाइ पाउँ भनी गर्नुभएको बहससँग सहमत हुन सकिएन।

प्रतिवादीहरू शंकरनाथ उप्रेती र दानबहादुर अधिकारीलाई मुलुकी ऐन, किर्ते कागजको महलको १, ७, १२ नं. अनुसार मूल बिगो रु.१,४७,००,०००।– जरिवाना हुनेमा सोही महलको ७. नं अनुसार रु.७३,५०,०००।– जरिवाना निजहरू दुवै जनालाई र सोही महलको १२ नं. अनुसार ६ महिना जनही थप कैद गर्ने गरी बारा जिल्ला अदालतबाट फैसला भएकोमा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट जरिवानाको हकमा केही उल्टी भई निज प्रतिवादीहरू शंकरनाथ उप्रेती र दानबहादुर अधिकारीलाई जनही रु.३६,७५,०००।– (छत्तिस लाख पचहत्तर हजार रूपियाँ) जरिवाना र कैदको हकमा सुरू बारा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको फैसला मिलेकै देखियो । प्रतिवादीहरू श्याम भन्ने भिमबहादुर खड्का, अर्जुन भन्ने निरज अधिकारी, छोटेलाल महतोलाई मतियारको हैसियतमा ऐ.ऐन महलको ११ नं.बमोजिम प्रतिवादी शंकरनाथ उप्रेती र दानबहादुर अधिकारीलाई हुने सजायको आधी सजाय जनही रु.१८,३७,५००।– (अठार लाख सैँतिस हजार पाँच सय) रूपियाँ जरिवाना र ३ महिना थप कैद तथा अन्य प्रतिवादीहरू शोभा श्रीवास्तव, भवनाथ फुयाल, देवीप्रसाद भट्टराई र हरिनारायण भन्ने हरिनारायण साह कानूलाई अभियोग दाबीबाट सफाइ दिने गरी बारा जिल्ला अदालतबाट मिति २०७१।२।२९ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- श्रद्धा विष्ट
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल भाद्र २८ गते रोज २ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का**, *०७७-WH०३६५, बन्दीप्रत्यक्षीकरण, भिमबहादुर खड्का वि. बारा जिल्ला अदालत, बारा*

निश्चित् गरिएको हदभन्दा बढी कैद ठेकिनु भनेको आफैँमा कानूनको उल्लङ्घन हो । कुनै पनि व्यक्ति, अधिकारी वा निकायको गल्तीको परिणाम व्यक्तिले भोग्नुपर्ने अवस्था आउनु हुँदैन । कसैको गल्तीको कारणबाट कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता एक क्षणका लागि पनि कुण्ठित हुन नहुने भनी गगनसिंह ठकुरी विरुद्ध कारागार कार्यालय काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा उक्त सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यस मुद्दाको सन्दर्भमा श्याम भन्ने भिमबहादुर खड्का मुलुकी ऐन, दण्ड सजायको ३८ (१) को कानूनी व्यवस्थाले निर्धारण गरेकोभन्दा बढी समय कैदमा बसिसकेको

देखियो।

निवेदक श्याम भन्ने भिमबहादुर खड्का बारा जिल्ला अदालतबाट भएको फैसलाबमोजिम ३ महिना कैद र रु.१८,३६,५००।- जरिवाना गर्ने गरी भएको फैसला आज यसै इजलासबाट सदर भई फैसला भएको अवस्था छ । यसरी निज श्याम भन्ने भिमबहादुर खड्का अनुसन्धानको क्रममा मिति २०६९।३।३ मा पक्राउ परी लागेको ३ महिना कैद मिति २०६९।६।२ मा भुक्तान भइसकेको तथा निजलाई लागेको जरिवानाको हकमा मुलुकी ऐन, दण्ड सजायको ३८(१) बमोजिम ४ वर्ष कैद गर्नुपर्ने देखियो । निज श्याम भन्ने भिमबहादुर खड्कालाई लागेको जरिवानाको हकमा मिति २०६९।६।३ देखि मिति २०७३।६।२ सम्म कैदमा बसी नियमानुसार कैद मुक्त हुनुपर्नेमा मिति २०७३।६।३ देखि हालसम्म पनि थुनामा रहेको देखिएकोले माथि विवेचित कानूनी व्यवस्थाले निर्धारण गरेको सजायभन्दा बढी अवधि कैदमा बसेको देखिँदा निजलाई थुनामा राखिरहनु गैरकानूनी देखिन आयो। तसर्थ, निवेदन मागबमोजिम विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत :- श्रद्धा विष्ट

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २८ गते रोज २ शुभम्

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान**, *०७७-WH-०२५९, बन्दीप्रत्यक्षीकरण, दिलिप पासवान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, बुटवलसमेत*

रिट निवेदकहरूले पनि फर्निचर उद्योग सञ्चालन गर्न सहजीकरण गरिदिने भनी यमनाथ शर्मासँग रु.५०,०००।- लिँदै गर्दा रङ्गेहात पक्राउ भएको र सोही मुद्दाको अनुसन्धानमा विशेष अदालतबाट म्याद थप गरी लिई अनुसन्धान भई नै रहेको हुँदा रिट निवेदकहरूले आफूहरूलाई विपक्षीले गैरकानूनी रूपले बन्दी बनाएको भनी लिएको दाबीको औचित्य देखाउन नसकेको हुँदा निजहरूले प्रस्तुत रिट निवेदनमार्फत विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी लिएको दाबी तथा निजका तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

रिट निवेदकहरू दधिराम पौडेल र राजेश पासीलाई घुस रिसवत लिएको कसुरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवलबाट मिति २०७७।११।१३ मा पक्राउ गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पेस गरेको र सो आयोगबाट निजहरूलाई घुस रिसवत मुद्दामा अनुसन्धान गर्नको लागि विशेष अदालतमा पेस गरी सो अदालतको अनुमतिले मुद्दाको अनुसन्धान गर्ने प्रयोजनार्थ सोही आयोगको हिरासतमा राखेको कार्य कानूनसम्मत हुँदा रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - नवराज जोशी

कम्प्युटर - कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल चैत्र ५ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री टंकबहादुर मोक्तान**, *०७७-WH-०२५०, बन्दीप्रत्यक्षीकरण, हुमप्रसाद काप्री वि. श्री उच्च अदालत पोखरासमेत*

रिट निवेदक हुमप्रसाद काप्रीलाई उल्लिखित मुद्दामा साबिकको मुलुकी ऐनबमोजिम जरिवाना नदिएको भनी थुनामा राखिराख्ने कार्य गैरकानूनी हुने देखिएकाले निजलाई उल्लिखित डाँका चोरी मुद्दामा भएको फैसला अनुसारको जरिवाना रु.१,००,०००।- पनि ११ महिना ४ दिन कैद बसे हुनेमा सोभन्दा अधिक उक्त जरिवानाको रकम बराबरको कैद बसी जरिवाना भुक्तान गरिसकेकोले अन्य मुद्दामा थुनामा

राख्नुपर्ने अवस्था विद्यमान नभए निजलाई आजै कैद मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

साबिक मुलुकी ऐनबमोजिम सरकारवादी मुद्दामा कैद र जरिवाना बढी भएको र हाल लागु भएको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने तथा नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा सुरू जिल्ला अदालतहरूमा फौजदारी मुद्दामा कसुर ठहर भएका प्रतिवादीहरूले कैद र जरिवानाको सुविधा पाउँ भनी दिएका निवेदनहरूमा उल्लिखित ऐनबमोजिम कैद र जरिवानाको सुविधा प्रदान गर्ने गरेको देखिएन । यसरी सुरू जिल्ला अदालतबाट सुविधा नपाएका प्रतिवादीहरूले यस अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गर्ने गरेको र यस अदालतबाट उल्लिखित कानूनबमोजिमका सुविधा पाउने मुद्दाहरूमा धेरै रिट निवेदनहरूमा रिट जारी भइसकेको अवस्थामा यस्ता प्रकृतिका मुद्दामा साबिक मुलुकी ऐनमा भएको कैद र जरिवानाभन्दा हाल कायम रहेको मुलुकी फौजदारी अपराध संहिता, २०७४ मा घटी सजाय हुने भएको देखिएमा त्यस्ता कसुरहरूमा हाल लागु भएको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम सुविधा प्रदान गर्न जिल्ला अदालतहरूलाई लेखी पठाइदिनु भनी यस अदालतका रजिस्ट्रारको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत - नवराज जोशी

कम्प्युटर - कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल चैत्र ५ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना**, *०७८-WH-००२६, बन्दीप्रत्यक्षीकरण, भक्तबहादुर बस्नेत वि.* काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

निवेदकबाट भएको कसुरमा निजलाई एक वर्ष मात्र सजाय भएको देखियो । यी निवेदकलाई फैसला कार्यान्वयनको सिलसिलामा ठहरेको कैदबापत अदालतले कैद म्याद ठेकी कारागार कार्यालय पठाएको अवस्था हुँदा निजको थुनालाई गैरकानूनी भन्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था भने देखिन आएन। तथापि हाल विश्वव्यापी रूपमा रहेको COVID-१९ को महामारीको अवस्थामा यी निवेदकलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिमको सुविधा नदिई कैदमा राख्दा जनस्वास्थ्यसमेतको संवेदनशीलतालाई दृष्टिकोण गरी उक्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गरेमा कैदमा बस्न नपर्ने गरी सुविधा प्राप्त गर्न सक्ने ।

निवेदकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को कानूनी व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गरेमा कैदमा बस्न नपर्ने गरी सुविधा प्राप्त गर्न सक्ने नै अवस्था देखिँदा निवेदकलाई उक्त सुविधा प्रदान गर्न इन्कार गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।४।२६ मा भएको आदेश कानूनतः मिलेको नदेखिँदा बदर

गरिदिएको छ । अब, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा (२) मा विवेचित कानूनी व्यवस्थाबमोजिमको कागज गराई निवेदकलाई लागेको कैदबापत ऐ. संहिताको दफा १५५(३)बमोजिम एक दिनको रु.३००।- का दरले हुन आउने रकम बुझाउन ल्याए बुझी लिई कानूनबमोजिमको प्रक्रिया पुऱ्याई निवेदक भक्तबहादुर बस्नेतलाई प्रस्तुत मुद्दाको हकमा कैदमुक्त गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर - रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २२ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७७-WH-०३२३, बन्दीप्रत्यक्षीकरण, भिमबहादुर खड्का वि. भक्तपुर जिल्ला अदालत, भक्तपुर*

निवेदक श्याम भन्ने भिमबहादुर खड्काउपरको कैदका हकमा सबैभन्दा बढी ३ (तीन) वर्ष कैद भएको र जरिवाना नबुझाएका अवस्थामा जरिवानाको हकमा ४(चार) वर्ष गरी जम्मा ७(सात) वर्ष कैद सजाय हुने देखियो । निज रिट निवेदक मिति २०७०/१२/१० गते पक्राउ परी निवेदक/प्रतिवादीलाई लागेको सबैभन्दा बढी कैद ३ (तीन) वर्ष कैदको हकमा मिति २०७०/१२/१० देखि २०७३/१२/१० सम्म र निजउपर लागेको जरिवानाबापत ४(चार) वर्ष मिति २०७३/१२/११ देखि २०७७/१२/१० गतेसम्म कैद भुक्तान हुने अवस्थाको देखिन्छ । साबिक र मौजुदा कानूनमध्ये जुनमा घटी सजाय हुने हो सोहीबमोजिम कैद निर्धारण गर्नुपर्छ । एकै मानिसलाई अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने पहिले ठेकिएको कैदमा कैद थप्नु पर्दैन । सबैभन्दा बढी कसुरको मात्र कैद सजाय कार्यान्वयन गर्नुपर्ने देखिन्छ । उल्लिखित मुद्दाहरूको फैसलाबमोजिम निवेदकलाई लागेको कैद सजाय तथा जरिवानाबापतको कैदसमेत भुक्तान गरिसकेको अवस्थामा भक्तपुर जिल्ला अदालतबाट विभिन्न मितिमा भएको फैसलाबमोजिम निवेदकउपर लागेको कैद र जरिवानाका सम्बन्धमा जारी गरेको एकीकृत कैदीपुर्जी कानूनत: मिलेको नदेखिने ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ को दफा ५ मा साबिकको वा मौजुदा कानूनमध्ये जुनमा घटी सजाय हुने हो सोहीबमोजिम कैद निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी विद्यमान कानूनी व्यवस्थाको रोहमा हेर्दा निज निवेदक/प्रतिवादीउपर चलेको मुद्दाहरूमध्येको मुद्दा नं. ०७०-CR-०११४ मा २०७२/३/१९ गते फैसला हुँदा ३(तीन) वर्षको कैद भएको र उक्त कैद सबैभन्दा ठुलो कैदको हद रहेको देखिन्छ । साथै निज प्रतिवादीउपर जरिवानाबापत मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. बमोजिम थप ४(चार) वर्ष कैद हुने।

निवेदक/प्रतिवादी मिति २०७०/१२/१० देखि २०७३/१२/१० देखिसम्म ३(तीन) वर्ष कैद भुक्तान भएको र निजउपर लागेको जरिवानाबापतको ४(चार) वर्ष कैद मिति २०७३/१२/११ देखि २०७७/१२/१० गतेसम्म थुनामा बसी भुक्तान गरिसकेको देखिन आएकाले निजउपर उल्लिखित मुद्दाहरूको फैसलाबमोजिम सजाय भुक्तान भइसकेको देखियो । निज निवेदक श्याम भन्ने भिमबहादुर खड्कालाई अन्य कुनै मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा आजै थुनामुक्त गरिदिनु भनी सुरू भक्तपुर जिल्ला अदालतको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत :- ऋतु राई

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल वैशाख २९ गते रोज ४ शुभम्।

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-WH-०३२८, बन्दीप्रत्यक्षीकरण, नमराज सदाशंकर वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

निवेदक नमराज सदाशंकर डाँका चोरीको कसुरमा पक्राउ परी मुद्दा दायर भएको देखियो । निजले अदालतमा प्रतिवादीमध्ये रितेश लामा र विलाश खतिवडा पहिलेदेखि नै मेरो पसलमा आउने सामानहरू बनाउने गरेको र विशाल खतिवडाको श्रीमतीले मलाई फोन गरी आज भाइहरू गहना लिएर आउँदै हुनुहुन्छ मिलाएर गर्दिनुहोला भनी भन्नु भएको र मैले बिलबिनाको गहनाहरू लिन मिल्दैन म लिन्न भन्दा निजहरूले विदेश जानको लागि पैसा नपुगेको हुँदा गहना किनिदिन धेरै नै अनुरोध गरेपछि मैले विश्वासमा परी खरिद गरेको हुँ । निजहरूले बिक्री गर्न ल्याएका गरगहनाहरू चोरी गरेको बारेमा थाहा छैन भनी कसुरमा इन्कारी जिकिर लिएको देखिन्छ । निजलाई कसुर ठहर गरेकै अवस्थामा पनि मुलुकी अपराध संहिता, २०७४ को दफा २८७(२) अनुसार पाँच वर्ष कैद वा पचास हजार रूपियाँसम्म जरिवाना वा दुवै हुन सक्ने हुन्छ । सजाय गर्दा कसुरको प्रकृतिसमेतलाई विचार गरी सजाय हुने हो । थुनामा राख्ने वा नराख्ने भन्ने सन्दर्भमा विवेचना गर्दा कसुर कायम हुनसक्ने नसक्ने, कसुर कायम नै भएको अवस्थामा पनि के कस्तो प्रकृतिको कसुर कायम हुने र हुन सक्ने सजायसमेतलाई मनन गर्नुपर्ने हुन्छ । यी निवेदक नेपाली नागरिक देखिन्छन् । निज भागी जाने वा प्रमाण लोप गर्न सक्ने अवस्थाको पनि कुनै कतैबाट देखिँदैन । निवेदकलाई मुद्दा पुर्पक्षका लागि थुनामा नै राखिनुपर्ने अन्य वस्तुनिष्ठ आधार पनि देखिँदैन । यस्तो अवस्थामा निवेदकलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७८/०१/२० को आदेश मिलेको देखिएन । सो आदेश बदर गरिदिएको छ । अब, निज निवेदकलाई हुन सक्ने सजायसमेतलाई विचार गरी नगद, धरौट, बैंक जमानत वा जेथा जमानत माग गर्ने सम्बन्धमा कानूनबमोजिम आदेश गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत :-ऋतु राई

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल वैशाख २९ गते रोज ४ शुभम् ।

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-०९७२, उत्प्रेषण / परमादेशसमेत, सुमित्रा बास्कोटा वि. शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २६ मा दरखास्त रद्द वा सिफारिस बदर हुन सक्ने व्यवस्थाअन्तर्गत सोही नियमको उपनियम १ मा कुनै उम्मेदवारले झुट्टा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भङ गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्ने छ" भन्ने उल्लेख गरेको पाइन्छ । माथि विवेचित प्रमाणहरूबाट निज निवेदिका सुमित्रा बास्कोटा सँस्कृत माध्यमिक विद्यालय, रानीपोखरी काठमाडौंमा स्थायी शिक्षक बिन्दु दवाडीको लियन पदमा मिति २०६१।३।१० देखि अविच्छिन्न रूपमा कार्यरत रहेको, ग्रामीण विकास विषयमा स्नातकोत्तर तह र शिक्षा विषयमा स्नातक तह उत्तीर्ण भएको देखिन्छ । शिक्षा ऐन, २०२८ को आठौँ संशोधन, २०७३ ले व्यवस्था गरेको कानूनी प्रावधानबमोजिम शिक्षक सेवा आयोगले मिति २०७३।१२।२८ मा गरेको विज्ञापनका लागि निज निवेदिका योग्य भएको नै देखिन आयो । शिक्षक सेवा आयोगले गरेको उक्त विज्ञापनमा दरखास्त दिनका लागि निवेदिका सुमित्रा बास्कोटाले आफू योग्य रहेको भनी संस्कृत माध्यमिक विद्यालय र जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ काठमाडौंबाट समेत आफ्नो सेवा

प्रमाणित गराएको कागजातसमेत दरखास्तका साथ पेस गरेको देखिएकोले शिक्षा सेवा आयोगले झुट्टा विवरण पेस गरेको भनी निज सुमित्रा बास्कोटाको दरखास्त र परीक्षासमेत रद्द गर्ने गरी मिति २०७५।११।२३ मा गरेको निर्णय न्यायसङ्गत देखिन नआउने।

निवेदिका सुमित्रा बास्कोटा मिति २०६१।३।१० गते संस्कृत माध्यमिक विद्यालयले नियुक्ति दिएदेखि आजका मितिसम्म निरन्तर उक्त लियन पदमा कार्यरत रहेको कुरामा विवाद छैन। नेपाल सरकारको दरबन्दीमा कार्यरत शिक्षक बिन्दु दवाडीको **लियन** पदमा नियुक्ति पाएको हुँदा निजले नेपाल सरकारबाट तलब पाइरहेको अवस्थासमेत रहेको छ। यसरी निवेदिकाजस्तै अस्थायी र **लियन पदमा** कार्यरत रहेका शिक्षकहरूलाई स्थायीको लागि अन्तिम एक पटक मौका दिने उद्देश्यले विधायिकाले ऐनमा संशोधन गरेको देखिन्छ। उक्त व्यवस्थाबमोजिम भएको विज्ञापनमा विधायिकाको उद्देश्यकै प्रतिकूल हुने गरी भएको उक्त निर्णय न्यायपूर्ण देखिएन। साथै आयोगले विज्ञापन गरी मागेको १४१ पदमा जम्मा ३१ जना मात्र लिखित परीक्षामा उत्तीर्ण भएर अन्तरवार्तामा सामेल भएको देखिन्छ। विज्ञापित पदभन्दा कम उम्मेदवार उत्तीर्ण भएको अवस्थामा योग्य र सफल उम्मेदवारलाई अयोग्य भनी निजको दरखास्त र परीक्षा नै रद्द गर्ने आयोगको उक्त काम, कारबाही र निर्णयबाट नेपालको संविधान तथा प्रचलित कानूनले अवलम्बन गरेको मौलिक हक तथा अधिकारको बर्खिलाप हुन जाने।

निवेदिका सुमित्रा बास्कोटा मिति २०६१।३।१० मा संस्कृत माध्यमिक विद्यालय, रानीपोखरी काठमाडौंमा बिन्दु दवाडीको लियन पदमा अस्थायी नियुक्ति पाई हालसम्म अविच्छिन्न रूपमा अध्यापनरत रहेको देखिएकोले शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा ११च को उपदफा (१) खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम शिक्षक सेवा आयोगको विज्ञापनमा उम्मेदवार हुन योग्य देखिएकोले शिक्षक सेवा आयोगको मिति २०७३।१२।१८ को पदपूर्तिसम्बन्धी सूचना विज्ञापन नं. २०२/०७३ अन्तर्गत मध्यमाञ्चल क्षेत्रको सामाजिक विषयको लागि निजले दरखास्त दिई लिखित परीक्षामा सामेल भई उक्त परीक्षा उत्तीर्णसमेत भएको र अन्तरवार्तामा समेत सहभागी भएको अवस्थामा नतिजा प्रकाशनमा निजले उक्त विज्ञापनमा प्रतिस्पर्धा गर्न निज अयोग्य ठहरेको भनी मिति २०७५।११।२३ मा शिक्षक सेवा आयोगले गरेको निर्णय कानूनसङ्गत नदेखिएकोले उक्त निर्णय र सो निर्णयबमोजिम मिति २०७५।११।२५ मा भएको विज्ञापन नं. २०२/०७३ को नतिजा प्रकाशनसमेतलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब शिक्षक सेवा आयोगले मिति २०७३।१२।१८ मा गरेको विज्ञापन नं. २०२/०७३ मा निज सुमित्रा बास्कोटाले नियमानुसार दरखास्त दिई लिखित परीक्षामा सफलता हासिल गरी अन्तरवार्तामा समेत सहभागी भएको देखिएकोले निजले लिखित परीक्षा र अन्तरवार्तामा प्राप्त अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरी अन्य सफल उम्मेदवारलाई दिएको मितिबाट लागु हुने गरी तलब, भत्तालगायतका सेवा सुविधा पाउने गरी नियमानुसार नियुक्तिपत्र दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २० गते रोज १ शुभम्।

## १२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७५-CR-०२००, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. खेमराज बुढाथोकीसमेत*

प्रतिवादीहरू मनोज गुरुङ र मनिराज राईको समेत उक्त वारदातमा संलग्नता रहेकोले निजहरूलाई समेत सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर रहेको तर्फ विचार गर्दा,

प्रतिवादीहरू मनोज गुरुङ र मनिराज राईको उक्त वारदातस्थलमा संलग्नता देखिए तापनि निजहरूले समेत कुटपिट गरेका हुन् भनी प्रतिवादी प्रभाकर राई र खेमराज बुढाथोकीले बयानमा खुलाउन नसकेको, यी प्रतिवादीहरूलाई प्रतिवादी खेमराज बुढाथोकीले साथमा लिई गएको भन्ने देखिएको, निजहरूको यी पीडितसँग कुनै पूर्वरिसइवी नरहेको, यी प्रतिवादीहरूले समेत पीडितलाई कुटपिट गरेका हुन् भनी घटनाका प्रत्यक्षदर्शी, जाहेरवाला, पीडितसमेतले स्पष्ट रूपमा भन्न नसकेको स्थितिमा प्रतिवादी मनोज गुरुङ र मनिराज राईले पीडितलाई कुटपिट गरेको भन्ने पुष्टि हुन नआएकोले सुरू अदालतबाट निजहरूलाई सफाइ दिने गरी गरेको फैसला सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादीहरूले पीडितलाई कुटपिट गरेको देखिएको, उक्त कुटपिटबाट पीडितको बायाँ आँखा फुटी BLINDNESS भएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिएको स्थितिमा उक्त कसुर कानूनतः कुटपिट महलको १ र २ नं. अन्तर्गत पर्ने देखिन्छ। यस स्थितिमा कसुरदार ठहर भएका प्रतिवादीहरूलाई कुटपिटको महलको १ र २ नं. अनुसार अङ्भङ्गतर्फ कसुर कायम गरी मुद्दा दायर गर्नुपर्नेमा सो नभई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम सजाय माग गरी दायर भएकोले विवेचित आधार, प्रमाणबाट प्रतिवादी खेमराज बुढाथोकी र प्रभाकर राईले मुलुकी ऐन, कुटपिटको महलको १ नं. विपरीत सोही महलको २ नं. अनुरूपको कसुरजन्य कार्य गरेको पुष्टि भएकोले निज प्रतिवादीहरू खेमराज बुढाथोकी र प्रभाकर राईलाई मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम सजाय गर्नुपर्ने देखिन आउने।

वारदातको समयमा प्रचलनमा रहेको मुलुकी ऐन, कुटपिटको महलको ६ नं. मा "अङ्भङ्गको खतमध्ये अन्धो र नपुङ्सक यी दुई खतमा जुनसुकै एक खत गरे पनि सो गर्नेलाई दश हजार रूपियाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। सो दुई खतबाहेक अङ्भङ्गको अरू खतमध्ये जुनसुकै एक खत गरे पनि सो गर्नेलाई पाँच हजार रूपियाँ जरिवाना गरी आठ वर्ष कैद गर्नुपर्छ। एउटै किसिमको काम लिने एउटाभन्दा बढी अङ्ग हुनेमा सोमध्ये एउटा अङ्ग मात्र बेकम्मा पारिदिएको भए माथि लेखिएको सजायको आधा सजाय गर्नुपर्छ" भन्ने व्यवस्थाबमोजिम सुरू जिल्ला अदालतबाट यी प्रतिवादीहरू खेमराज बुढाथोकी र प्रभाकर राईलाई एउटै किसिमको काम गर्ने आँखा दुई वटा भएको र एउटा आँखा बेकम्मा पारिदिएकोले आठ वर्षको आधा सजाय जनही ४ वर्ष कैद र पाँच हजार जनही जरिवानाका साथै सोही कुटपिटको महलको १८ नं. बमोजिम जनही रु.१००।– थप जरिवानासमेत हुने गरी भएको फैसला सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट भएको फैसला अन्यथा मान्नुपर्ने।

पीडितलाई क्षतिपूर्ति दिनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, विवेचित मुलुकी ऐन, कुटपिटको महलको ६ नं. को कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीहरू खेमराज बुढाथोकी र प्रभाकर राईलाई जरिवाना रु.५,१००।– गरेको देखिए तापनि पीडितलाई क्षतिपूर्ति दिने नदिने सम्बन्धमा विचार गरेको देखिन आएन। यी पीडित रामकुमार विश्वकर्माले उपचारको क्रममा रु.१,४८,७४४।– खर्च भएको भनी बिल पेस गरेको भनी सोही रकम बराबर प्रतिवादीहरूबाट भराइपाउँ भनी जिकिर लिएको देखिन्छ। आँखाजस्तो संवेदनशील अङ्गमा चोट लागी आँखा नै काम नलाग्ने भएकोमा वारदात भएको जिल्ला खोटाङमा उपचार हुन नसकी काठमाडौंमा आई उपचार गराउनु परेको भन्ने मिसिल संलग्न कागजातहरूबाट खुल्न आएकोले यी पीडितलाई घाउ खर्चबापत रकम प्रतिवादीहरूबाट भराउँदा पीडितशास्त्रको सिद्धान्तबमोजिमसमेत उपर्युक्त देखिन आउछ। अब यी पीडितलाई के-कति

रकम भराउने भन्ने सम्बन्धमा मिसिल संलग्न बिलहरू हेर्दा उक्त बिलहरूमा औषधी उपचारका बिल मात्र पेस भएको नभई खाना र लजको खर्चसमेत समावेश गरेको देखिन आयो। यस अवस्थामा निज पीडितलाई यी दुई जना प्रतिवादीहरूबाट रु.१,००,०००।- (एक लाख) भराउँदा उपर्युक्त र न्यायोचित देखिने।

प्रतिवादी खेमराज बुढाथोकी र प्रभाकर राईले मुलुकी ऐन, कुटपिटको महलको १ नं. विपरीत सोही महलको २ नं. अनुरूपको कसुरजन्य कार्य गरेको पुष्टि भएकोले निज प्रतिवादीहरू खेमराज बुढाथोकी र प्रभाकर राईलाई मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम जनही ४ वर्ष कैद र रु.५,०००।- जरिवाना र सोही कुटपिटको महलको १८ नं. बमोजिम जनही रु.१००।- थप जरिवानासमेत हुने र अन्य प्रतिवादीहरू मनोज गुरुङ र मनिराज राईले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू खोटाङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७३।११।३० मा भएको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने।

क्षतिपूर्तिको हकमा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको फैसलामा केही बोलेको नदेखिँदा सो हदसम्म उक्त फैसला उल्टी भई यी प्रतिवादीहरू खेमराज बुढाथोकी र प्रभाकर राईबाट रु.१,००,०००।– (एक लाख रूपियाँ) पीडितलाई घा खर्चबापत भराइदिनुपर्ने ।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल भाद्र २५ रोज ६ शुभम्।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७७-WH-०२६१, बन्दीप्रत्यक्षीकरण, पुजा भुषाल वि. श्री उदयपुर जिल्ला अदालत गाइघाट बोक्सेसमेत*

अदालतले गरेको फैसलाबमोजिमको कैद भुक्तान गरेपछि उल्लिखित मुद्दाहरूमा भएको जरिवानाबापत कति रकम बुझाएमा निज कैदमुक्त हुने हो भन्ने प्रश्नको निरूपण गर्नुपर्ने देखियो । निवेदक जरिवानाबापत मिति २०७६।११।३ देखि हालसम्म १/१/३ (एक वर्ष एक महिना तीन दिन) कैदमा रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) समेतका प्रचलित कानूनबमोजिम जरिवानाबापत कैद ठेक्नुपर्दा एक दिनको रु.३००।– का दरले गणना गरी कैद ठेक्नुपर्ने हुन्छ। यस प्रकार निवेदक उक्त १/१/३ (एक वर्ष एक महिना तीन दिन) को रु.१,१७,९००।- (एक लाख सत्र हजार नौ सय रूपियाँ) बराबरको कैद बसिसकेको देखिन आयो । मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (३) (ग) मा "खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपियाँसम्म जरिवाना" हुने कानूनी व्यवस्था रहेको छ । सो उपदफाको खण्ड (क) मा "भ्रष्टाचार हुनेमा बाहेक नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको कुनै संस्थालाई ठगी गरेमा दश वर्षसम्म कैद र एक लाख रूपियाँसम्म जरिवाना" र खण्ड (ख) मा "आफ्नो नाम, दर्जा, पदवी, योग्यता ढाँटी ठगी गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रूपियाँसम्म जरिवाना" हुने व्यवस्था रहेको पाइन्छ। यी रिट निवेदकले साबिकमा कायम रहेको मुलुकी ऐन ठगी महलबमोजिमको कसुर गर्दा उल्लिखित खण्ड (क) र (ख) बमोजिमको ठगी नगरी खण्ड (ग) बमोजिमको ठगीभित्र पर्ने कसुर गरेको देखिन आउँछ । हाल प्रचलित उल्लिखित कानून अनुसार ठगी मुद्दामा रु.७०,०००।– भन्दा बढी जरिवाना हुन सक्ने अवस्था देखिँदैन।

रिटनिवेदक/प्रतिवादी दिलबहादुर घिसिङलाई उल्लिखित मुद्दामा पुरानो कानूनबमोजिमको जरिवाना नदिएको भनी थुनामा राखिराख्ने कार्य गैरकानूनी हुने

देखिएकाले निजलाई उल्लिखित ठगी मुद्दामा भएको फैसला अनुसारको जरिवाना रु.७०,०००।- पनि १/१/३ (एक वर्ष एक महिना तीन दिन) कैद बसी रु.१,१७,९००।- रकम बराबरको कैद बसी जरिवाना भुक्तान गरी सकेकोले निजलाई आजै कैद मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - नवराज जोशी

कम्प्युटर - कृष्णमाया खतिवडा

इति संवत् २०७७ साल चैत्र ६ गते रोज ६ शुभम्।

## इजलास नं. ४

### १४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७७-CI-०४६९, जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, बाजीराम थारू वि. निरज परियार*

मिति २०७२।१२।२६ मा भएको नक्सा मुचुल्का हेर्दा, न.नं. ५ वादीको भोगचलनमा रहेको, निजको नाममा दर्ता स्रेस्ता कायम भएको कि.नं. ११७० को ०२०३० व.मि. क्षेत्रफलभित्रको जग्गा जग्गा हो भनी उल्लेख भएको देखिन्छ। न.नं. ६ प्रतिवादीको स्रेस्ताभित्रको कि.नं. ११७० को ०२०३० व.मि. जग्गा हो। सो जग्गा निजको भोगचलनमा रहेको र उक्त न.नं. मा ०४४२.०० व.मि. जग्गा रहेको भनी उल्लेख भएको छ। न.नं. ६क कि.नं. ११७१ मध्येको प्रतिवादी निरज परियारका नाउँमा दर्ता स्रेस्ता रहेको जग्गामध्येको विवादित जग्गा भनी उल्लेख गरेको देखिन्छ। उक्त न.नं.मा ०००६६.०० व.मि. जग्गा रहेको भनी उल्लेख भएको छ। यसरी न.नं. ६क विवादित जग्गा भनी उल्लेख भए तापनि सो जग्गा प्रतिवादी निरज परियारका नामको दर्ता स्रेस्ताभित्रको कि.नं. ११७१ मध्येको जग्गा हो भन्ने नै छ। उक्त न.नं. ६ र ६क मा उल्लेख भएको क्षेत्रफल जोड्दा प्रतिवादीको नामको दर्ता स्रेस्ता अनुसारको ००५०८.०० व.मि. क्षेत्रफल पुग्ने देखिने ।

वादी र प्रतिवादीको नामको जग्गा नापी नक्सा, नक्सा मुचुल्कामा उल्लेख भएको नक्सा, र ट्रायल चेकको नक्साको स्वरूप र प्रकृति एउटै रहेको देखिन्छ। दुवै पक्षको जग्गाको क्षेत्रफल पनि आ-आफ्नो दर्ता स्रेस्ता अनुसारको रहेको र नक्साको आकृति प्रकृतिसमेत मेल खाएको अवस्थामा वादीको कि.नं. ११७० को ०२०३० व.मि. जग्गामध्ये दक्षिणतर्फबाट ९३.११ व.मि. जग्गा प्रतिवादी कब्जा खिचोला गरेको भन्ने प्रमाणबाट पुष्टि हुन सकेको देखिएन। वादीका नाउँको कि.नं. ११७० को न.नं. ५ मा उल्लिखित क्षेत्रफल ०२०३०.०० व.मि. वादी काजीराम थारूको नाउँको जग्गा निजकै भोगचलनमा रहेको देखिएकोले वादी दाबीको जग्गा प्रतिवादीले खिचोला गरेको नदेखिएकाले वादी दाबी पुग्न नसक्ने भनी सुरु जिला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला मिलेको देखिने।

अदालतबाट भइआएको मिति २०७२।१२।२६ को नक्सा मुचुल्कामा उल्लेख भएको न.नं. ६क को जग्गा विवादित जग्गा भनी उल्लेख भए पनि प्रतिवादी निरज परियारका नामको दर्ता स्रेस्ताभित्रको कि.नं. ११७१ मध्येको जग्गा हो भन्ने देखिएको र वादी प्रतिवादी दुबैको जग्गाको नक्साको आकृति प्रकृति र क्षेत्रफलसमेत मिलेभिडेको अवस्था हुँदा वादी दाबीको जग्गा प्रतिवादीले खिचोला गरेको नदेखिएको ले वादी दाबी पुग्न सक्दैन भनी बर्दिया जिला अदालतबाट मिति २०७३।०३।१५ मा भएको भएको फैसलालाई सदर हुने भनी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।०१।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- डोलनाथ न्यौपाने

इति संवत् २०७९ साल माघ २४ गते रोज ३ शुभम् ।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०९७८, उत्प्रेषण / परमादेशसमेत, दुर्गाकुमारी थपलिया गौतम वि. समाजकल्याण परिषद्, लैनचौर, काठमाडौंसमेत*

मिसिल संलग्न रहेको रिट निवेदनसाथ पेस भएको विभिन्न मितिको पत्रहरूबाट यी निवेदकलाई विगतमा पनि पटकपटक विभिन्न विषयहरूमा स्पष्टीकरण सोधिएको देखिन्छ। प्रस्तुत रिट निवेदनसँग सम्बन्धित मिति २०७४।०४।०५ को च.नं. ०००१४९ को पत्र हेर्दा, "तपाइँलाई विगतमा पनि पटकपटक आफ्नो पदीय जिम्मेवारी र अनुशासनको विषयमा स्पष्टीकरण माग गर्दासमेत तपाइँको आचरणमा सुधार नआएको अवस्था रहेको, तपाइँले घरकर्जासम्बन्धी भएको निर्णयका विषयमा लेख्नु भएको आन्तरिक स्मरणपत्र तपाइँको पदीय जिम्मेवारी, आचरण र अनुशासनविपरीत देखिएकोले तपाइँको आचरण सुधार नभएसम्मको लागि तपाइँलाई दिइएको जिम्मेवारीबाट नसिहतस्वरूप हटाइएको बेहोरा परिषद् कार्यालयको निर्णय अनुसार जानकारी गराइन्छ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। सोही मितिमा च.नं. ०००१५० को अर्को पत्रमा घरकर्जासम्बन्धी पेस भएको प्रतिवेदनका सम्बन्धमा सदर भएको निर्णयको विषयमा तपाइँले मिति २०७४।४।५ मा लेखा प्रमुखलाई सम्बोधन गरी लेख्नुभएको अन्तरिक स्मरणपत्र तपाइँको जिम्मेवारी, आचरण र अनुशासनविपरीत देखिएकोले यस विषयमा २४ घन्टाभित्र स्पष्टीकरण पेस गर्नु भन्ने उल्लेख भएको देखिन्छ। यसरी यी निवेदकलाई एउटै दिनमा एकै विषयलाई आधार बनाई जिम्मेवारीबाट हटाउने र स्पष्टीकरण पेस गर्ने भनी दुई वटा पत्र एकैसाथ दिएको देखिने।

नियमावलीमा सजायको अभिलेख राख्ने कार्य कुन कसुरबापतको सजायमा हो भन्ने पनि खुलाएको पाइँदैन, नसिहत दिने कारबाहीसम्म प्रारम्भ भएको देखिन्छ। सो कारबाहीलाई टुङ्गो लगाई नसिहतको सजाय दिइएको भन्ने लिखित जवाफबाट देखिन आउँदैन। सजाय हुने निर्णय भएपछि सो विषयको अभिलेख कर्मचारीको रेकर्डमा राखिने विषय हुन सक्दछ। सजायको कारबाही प्रारम्भले मात्र दोषी हुने हुँदैन। साथै, नसिहतको कारबाही भएकोसम्म कारण अभिलेख राख्नपर्ने कुनै कानूनी तथा तर्कसङ्गत आधार पनि हुँदैन। विपक्षी परिषद्ले यी निवेदकलाई उक्त नियमावलीबमोजिमको सजाय नगरिएको भनी लिखित जवाफमा समेत उल्लेख गरेको अवस्थामा यी निवेदकलाई नियमबमोजिम सजाय नै नगरिकन निजको वृत्तिविकासमा प्रतिकूल प्रभाव पर्ने गरी कारबाहीको अभिलेख राख्नु मनासिब हुँदैन। तसर्थ, निवेदक दुर्गाकुमारी थपलिया गौतमलाई मिति २०७४।१०।१० मा पुनः जिम्मेवारी तोकिएको भए तापनि सो पत्रमा उल्लिखित "कारबाही अभिलेख रहने गरी" भनी उल्लेख भएको वाक्यांशको हदसम्म कानूनसङ्गत नहुँदा उक्त निर्णयलाई सो हदसम्म मात्र प्रभावहीन हुने गरी मेटिदिनु उचित हुने।

रिट निवेदक दुर्गाकुमारी थपलिया गौतमलाई मिति २०७४।०४।०५ मा गरिएको नसिहतस्वरूप जिम्मेवारीबाट हटाउने गरी गरेको कारबाही "अभिलेखमा रहने" भन्ने हदसम्मको विपक्षीबाट भएको मिति २०७४।१०।१० को निर्णय उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७९-WH-०१९३, बन्दीप्रत्यक्षीकरण, नरेन्द्रबहादुर पण्डित क्षेत्री वि. सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा सिन्धुपाल्चोक*

निवेदक सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०७९।१०।२३ मा पुर्पक्षका लागि थुनामा पठाउने भनी आदेश भएपश्चात् सोउपर मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को ७३ बमोजिम उच्च अदालत पाटनमा निवेदन गरेको भनी निवेदनमा उल्लेखसम्म गरेको देखिन्छ। अर्कोतर्फ सिन्धुपाल्चोक जिल्ला अदालतमा आफूउपर दायर भएको ०७९-C१-००४४ को झुट्ठा विवरण पेस गरी नागरिकता लिएको मुद्दा फैसला भई अन्तिम भइरहेको छ भनी भन्न र लेख्न सकेको देखिँदैन। यी निवेदकले सुरू अदालतमा आफूउपर चलेको मुद्दा विचाराधीन अवस्थामा रहेको अवस्थामा प्रस्तुत निवेदन यस अदालतमा दायर गरेका छन् । यी निवेदकउपर साधारण अधिकार क्षेत्रअन्तर्गत चलेको सुरू अदालतमा विचाराधीन मुद्दा फैसला भएको देखिँदैन । यस अवस्थामा असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भएको प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहबाट असाधारण अधिकारक्षेत्र ग्रहण गरी साधारण अधिकारक्षेत्रअन्तर्गत हुने सुनुवाइ प्रक्रियालाई हस्तक्षेप गर्न पनि नमिल्ने।

निवेदकले साधारण अधिकारक्षेत्रअन्तर्गतको प्रक्रियाबाट निवेदन मागको विषयमा कानूनी उपचार पाउनसक्ने स्थिति विद्यमान रहेको कुरालाई पनि विचार गर्नुपर्ने हुन्छ। यी निवेदकउपर दायर भएका अन्य मुद्दाहरू अन्तिम भई फैसला कार्यान्वयनका क्रममा थुनामा रहेको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ सिन्धुपाल्चोक जिल्ला अदालतमा विचाराधीन झुट्ठा विवरण पेस गरी नागरिकता लिएको मुद्दामा भएको आदेशानुसार नै हाल कानूनबमोजिम यी निवेदक पुर्पक्षका लागि थुनामा रहेका छन् । निवेदकउपरको विचाराधीन उक्त मुद्दा फैसला भई अन्तिम भएकाबखत निजलाई विभिन्न मुद्दाहरूमा लागेको कैद सजाय खापिने हो वा होइन भन्नेसमेतका विषयमा साधार **अधिकारक्षेत्रअन्तर्गतको** प्रक्रिया अवलम्बन गर्दा उपचार पाउन सक्ने नै देखिन्छ । यसरी साधारण अधिकारक्षेत्रअन्तर्गत उपचार पाउन सक्ने विषयमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत :- डोलनाथ न्यौपाने

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र २७ गते रोज २ शुभम् ।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना**, *०७७-WO-१२६५, उत्प्रेषणसमेत, कैलाली जिल्ला गोदावरी नगरपालिका वडा नं. ५ स्थित राजेश ट्रान्सफरमर उद्योग प्रा.लि. समेत वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने उल्लेख छ । उक्त ऐनको दफा ३८ मा आर्थिक प्रस्तावको मूल्याङ्कन गरी प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएपछि सो सूचनाउपर कुनै प्रस्तावदाताले उक्त ऐनको दफा ४७ बमोजिमको निवेदन नगरेमा उक्त सूचनानुसार प्रस्ताव स्वीकृत गरिने उल्लेख छ। सोही दफा ४७ मा सार्वजनिक निकायले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको मा बोलपत्रदाताले त्यस्तो त्रुटिको पुनरावलोकनको लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुखसमक्ष निवेदन दिन सकिने तथा उक्त निवेदनका सम्बन्धमा छानबिन गर्दा खरिद कारबाहीमा कुनै त्रुटि देखिएमा सार्वजनिक निकायका प्रमुखले कारण खुलाइ लिखित निर्णय गर्नुपर्ने उल्लेख छ । यसबाट प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना प्रकाशित हुनु र प्रस्ताव स्वीकृत हुनु पृथक पृथक् विषय रहेको देखिन आउँछ। उल्लिखित दफा ४७ बमोजिमको पुनरावलोकनको लागि निवेदन दिएको अवस्था सो निवेदनउपर छानबिन गरी त्रुटि सच्याउने निर्णय गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना कार्यान्वयन हुन सक्ने स्थिति नै नरहने ।

बोलपत्र आह्वान भई सुरू मूल्याङ्कन गर्दा निवेदकले पेस गरेको बोलपत्रमा न्यूनतम अङ्क पेस गरेको देखिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम उजुर परी छानबिन हुँदा न्यूनतम अङ्कको बोलपत्रदाता विपक्षी के.डी. इलेक्ट्रिकल वर्कसप देखिएकोले निजको बोलपत्र स्वीकृत गर्ने गरी निर्णय भएको देखिन्छ । यसरी बोलपत्र स्वीकृत गर्दा कुनै कानूनी त्रुटि कायम रहेको देखिँदैन । अर्कोतर्फ, ठेक्का प्राप्त गरेको विपक्षी बोलपत्रदाताले कार्य गरिरहेको भन्ने पनि छ । यस अवस्थामा, के.डी. इलेक्ट्रिकल वर्कसपसँग ठेक्का सम्झौता गर्ने गरी भएको उक्त मिति २०७८।०३।११ को निर्णय तथा मिति २०७८।०३।१७ को पत्राचारसमेत निवेदकले दाबी जिकिर लिएजस्तो कानूनविपरीत रहेको देखिएन। कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत जारी गरिने उत्प्रेषणको आदेश प्रस्तुत रिट निवेदनमा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिने ।

सुरू मूल्याङ्कनउपर परेको उजुरी छानबिनपश्चात् न्यूनतम मूल्याङ्कित देखिन आएका बोलपत्रदाता विपक्षी के.डी. इलेक्ट्रिकल वर्कसपसँग ठेक्का सम्झौता गर्ने गरी मिति २०७८।०३।११ मा भएको निर्णय तथा मिति २०७८।०३।१७ मा भएको पत्राचारसमेत कानूनविपरीत रहेको नदेखिई प्रस्तुत निवेदनको औचित्य नदेखिँदा उल्लिखित निर्णय तथा पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ९ गते रोज २ शुभम् ।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना**, *०७७-WO-१२६९, उत्प्रेषणसमेत, अनुपम भट्टराई वि. शङ्खरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौंसमेत*

कालो सूचीमा राख्न विपक्षी नगरपालिकाबाट सिफारिस भई आएपश्चात् कालो सूचीमा राख्न नपर्ने कुनै कारण र आधार भए स्पष्टीकरण पेस गर्न भनी मिति २०७७।१२।३० मा सार्वजनिक खरिद अनुगमन कार्यालयले निवेदकलाई पत्राचार गरेको देखिन्छ । निवेदकबाट पनि मिति २०७८।०१।०९ मा स्पष्टीकरण पेस गरेकोमा स्पष्टीकरण चित्तबुझ्दो नदेखिएको भनी सार्वजनिक सूचना प्रकाशित मितिदेखि लागु हुने गरी निवेदकलाई १ वर्ष कालो सूचीमा राख्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७७।०३।२१ मा निर्णय गरी सो निर्णयानुसार मिति २०७७।०३।२२ मा सार्वजनिक सूचना प्रकाशित भएको देखिन्छ । यसबाट रिट निवेदकलाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालो सूचीमा राख्ने कारबाही हुँदा निवेदकले सुनुवाइको मौका प्राप्त गरेको देखिने ।

निवेदकले विपक्षी नगरपालिकालाई मिति २०७७।१०।०७ मा लेखेको पत्रमा, त्यस नगरपालिकाको मिति २०७७।०९।२६ को पत्र (१५ दिनभित्र सम्झौता गर्न आउनुहुन सूचना जारी गरिएको) अनुसार बेहोरा अवगत भयो भन्दै १५% ले वृद्धि गरी नयाँ दररेट कायम भएमा सम्झौता गर्ने भनी दररेटमा BARGAINING गरेको देखिएसमेतबाट यी रिट निवेदक सफा हात लिई अदालत प्रवेश गरेको अवस्था

देखिन आउँदैन। तसर्थ, निवेदकलाई उल्लिखित दफा ६३ को उपदफा (१) बमोजिम कालो सूचीमा राख्ने गरी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट भएको निर्णयसमेत निवेदकले दाबी जिकिर लिएजस्तो गैरकानूनी देखिँदैन । कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत जारी गरिने उत्प्रेषणको आदेश प्रस्तुत रिट निवेदनमा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिने।

रिट निवेदक कमला पोलिथिन एण्ड प्लास्टिक इन्डस्ट्रिज प्रा.लि. आफूले पेस गरेको बोलपत्र अनुसार खरिद सम्झौता गर्न नआएको स्थितिमा बोलपत्र जमानत जफत गर्ने गरी सुनुवाइको मौका दिई यी रिट निवेदकलाई १ वर्षको लागि कालो सूचीमा नाम समावेश गर्ने भनी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति मा भएको निर्णय र सो अनुसार मिति २०७८।०३।२२ मा प्रकाशित सूचनासमेत कानूनविपरीत रहेको नदेखिँदा उल्लिखित निर्णय तथा सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

इति संवत् २०७९ साल जेष्ठ ९ गते रोज २ शुभम्।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-WO-०८४८, उत्प्रेषण, इश्वरीप्रसाद जोशी, जिल्ला सुनसरी, धरान स्थित शिव फर्मासिउटिकलसमेत*

श्रम ऐन, २०७४ को दफा १६१(२) मा "श्रम अदालतले पुनरावेदनको रोहमा गरेको निर्णय अन्तिम हुने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । श्रम ऐनअन्तर्गत हेरिने मुद्दाहरू एक तह मात्र पुनरावेदन लाग्ने र प्रस्तुत विवाद श्रम कार्यालयबाट उठान भई श्रम अदालतमा पुनरावेदन परी निर्णय भएको अवस्था छ। श्रम अदालतबाट भएको फैसलाउपर यस अदालतको असाधारण अधिकार क्षेत्र ग्रहण गरी प्रस्तुत रिट निवेदन दर्ता हुन आएको पाइयो । सामान्यतया अन्य वैकल्पिक व्यवस्था नभएको वा सो प्रभावकारी नभएको वा कानूनको प्रयोगमा गम्भीर त्रुटि देखिएको अवस्थामा मात्र त्यस्तो निर्णयउपर असाधारण मार्गको सहायता लिन मिल्ने हो। तर प्रस्तुत विवादमा निवेदकले पाउनुपर्ने सेवा सुविधाको रकम पाइसकेको र उद्योगबाट लिएको ऋण तिर्न बाँकी रहेको भनी प्रत्यर्थी उद्योगको लिखित जवाफबाट देखिने।

निवेदकले दाबी गरेको बाँकी रकम पाउनुपर्ने हो वा होइन भन्ने निष्कर्षमा पुग्न विपक्षी उद्योगले उपलब्ध गराउने सेवा सुविधाका शीर्षक र सोबापत पाउने रकमहरूमा थप प्रमाण बुझी निर्णय दिनुपर्ने हुन्छ। निवेदकले प्रत्यर्थी उद्योगमा राजीनामा दिइसकेको भन्ने देखिन्छ। राजीनामा दिएको अवस्थामा नै के कति सेवा सुविधा प्राप्त गर्ने हो सोहीबखत दाबी गर्नुपर्ने हुन्छ । राजीनामा दिई स्वीकृत भइसकेपछि गरेको अवधिको सेवा सुविधा नपाएको भन्ने निवेदनको दाबी सबुद प्रमाण बुझी निरूपण गरिनुपर्ने विषय हुन्छ। असाधारण अधिकार क्षेत्रअन्तर्गत दायर भएको प्रस्तुत रिट निवेदनको रोहबाट थप प्रमाण झिकाई बुझी निर्णयमा पुग्नु सान्दर्भिक र मनासिब देखिँदैन । पेस भएको प्रमाणहरू बुझिसकेको छ । यसरी श्रम अदालतबाट दुवै पक्षबाट पेस भएका प्रमाण हेरी बुझी भएको फैसलामा कानूनको त्रुटि नदेखिँदा उक्त श्रम अदालत काठमाडौंबाट मिति २०७२।०९।०१ मा भएको फैसलालाई निवेदन मागबमोजिमको आदेश जारी गरी

बदर गर्नुपर्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।
इजलास अधिकृत - डोलनाथ न्यौपाने
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल फाल्गुन २८ गते रोज ३ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७२-WO-०५६३, उत्प्रेषणसमेत, बन्दना श्रेष्ठ बैद्य वि. त्रिभुवन विश्वविद्यालय, पुनरावेदन आयोग, कीर्तिपुर, काठमाडौंसमेत*

निवेदिकाले प्राप्त गरेको DUPLICATE (प्रतिलिपि) ट्रान्सक्रिप्टमा समेत सन् १९९१/वि.सं. २०४८ मा पास गरेको भन्ने नै छ। उक्त DUPLICATE ट्रान्सक्रिप्टमा सन् १९९७ मा लिएको मितिलाई मास्टर डिग्री उत्तीर्ण गरेको मान्न मिल्ने होइन। ट्रान्सक्रिप्टको प्रतिलिपि सन् १९९७ मा लिएको भन्ने आधारले सन् १९९१ मा नै डिग्री उत्तीर्ण गरेको तथ्यलाई अन्यथा हुने होइन । निजले सन् १९९१/वि.सं. २०४८ मा मास्टर डिग्री उत्तीर्ण गरेको तथ्यलाई अन्यथा अर्थ गर्दै निज मिति २०५०।०९।०५ मा सहायक प्राध्यापक (करार) मा नियुक्ति भएको मितिदेखि शिक्षण सेवा अनुभवबापतको अङ्क (नम्बर) नदिई ट्रान्सक्रिप्टको नक्कल लिएको मिति १९९७ लाई आधार मानी अनुभवबापत निवेदिकाले प्राप्त गर्ने नम्बर दिन मिलेन भनी सेवा आयोगबाट भएको निर्णय कानूनसङ्गत देखिएन। अर्कोतर्फ सेवा आयोगबाट भएको निर्णयले विवादको विज्ञापन र सो विज्ञापन अनुसार अन्तर्वार्ता लिई सेवा आयोगको निर्णय अनुसार पदोन्नतिको लागि सिफारिस भएको प्रत्यर्थीहरूलाई नियुक्ति दिइसकेको अवस्था छ । यसरी सहप्राध्यापकको पदमा नियुक्ति पाई कार्यरत प्रत्यर्थीहरूमध्ये केही सेवा निवृत्तसमेत भइसकेको र केहीको प्राध्यापकमा बढुवासमेत भइसकेको भन्ने देखिन्छ। उक्त तथ्यलाई कानून व्यवसायीहरूले बहसको क्रममा स्वीकारसमेत गर्नुभएको छ । अन्य प्रत्यर्थीहरूले सहप्राध्यापकको पदमा नियुक्ति पाई लामो समय अवधि कार्यरत भएको तथ्य पनि स्थापित भएको छ । यसरी लामो समय अवधिपश्चात् निजहरूलाई बढुवा गर्ने गरी भएको निर्णय र सोको आधार पाएको नियुक्तलाई अन्यथा हुने गरी बदर गर्नु न्यायको रोहमा उचित, विवेकयुक्त र मनासिब नदेखिने।

इजलाससमक्ष देखाई फिर्ता लाने गरी विवादित विज्ञापन पदको परीक्षा र नतिजासम्बन्धी सक्कलै कागजात प्रत्यर्थीहरूको कानून व्यवसायीमार्फत पेस भई सोसमेत अध्ययन गरियो । सो रिजल्ट सिटमा निवेदिकाले कानूनबमोजिम प्राप्त गर्नुपर्ने अनुभवबापतको अङ्क पूर्णरूपमा दिएको देखिएन । त्रिभुवन विश्व विद्यालयबाट सन् १९९१ मा नै निवेदकले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहको परीक्षा पास भएको सर्टिफिकेट जारी गरिएको छ । सो तथ्य विवादरहित रहेको छ । स्वयं त्रिभुवन विश्वविद्यालयले जारी गरेको सर्टिफिकेटलाई पछि सन् १९९७ मा प्रतिलिपि लिएको मितिबाट मात्रा अनुभवको अङ्क दिने कार्य आफैँले जारी गरेको सर्टिफिकेटको विश्वसनीयतालाई शङ्का गरेको हुन्छ। सर्टिफिकेटमा पास भएको मिति नै ट्रान्सक्रिप्टमा उल्लेख हुने हो । यसबाट प्रत्यर्थीहरूले निवेदकको सेवा अनुभवबापतको पूर्ण अङ्क नदिई प्रवृत्त भावना लिई निवेदकलाई अनुत्तीर्ण गरेको पाइने।

निवेदकले २०५४ सालदेखिको उपप्राध्यापकको कार्य अनुभवको सम्म पनि अङ्क गणना नगरी निवेदकलाई विवादित उक्त विज्ञापनको सहप्राध्यापक पदको परीक्षामा अनुत्तीर्ण गरेको कार्य गैरकानूनी देखियो । उक्त विज्ञापनको सहप्राध्यापक पदमा नियुक्ति पाउनुपर्ने निवेदिकालाई अन्यायपूर्वक कार्य अनुभवको अङ्क नै नदिएको कारण सो पदमा नियुक्ति प्राप्त गर्न नसकेकोले सोको क्षतिपूर्तिस्वरूप सहप्राध्यापकको पदमा निवेदिकालाई नियुक्ति गरिनु

न्यायोचित हुने देखियो । अतः निवेदिका सेवाबाट निवृत्त नभएको भए त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत अर्थशास्त्र विषयमा रिक्त रहेको वा हुने सहप्राध्यापक पदमा अविलम्ब नियुक्तिको सिफारिस गरी नियुक्ति दिई पदस्थापना गर्नु, गराउनु भनी प्रत्यर्थी नं. १ र २ को नाउँमा परमादेश आदेश जारी हुने ।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम् ।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१७९७, खिचोला छोडाई चलनसमेत, ठाकुर लोहार वि. नारायणठाकुर लोहारसमेत*

विवाद जनिएको न.नं. २ को जग्गा प्रतिवादी भगवान ठाकुरसमेतको भोगमा रहेको भनी उल्लेख भएको देखिन्छ । उक्त न.नं २ मा (१६.६X४२.६) को क्षेत्रफल ज.वि.०-०-३-१३१/४ को जग्गा रहेको देखिन्छ । वादी किसनाथ ठाकुरले आफ्नो कि.नं. ६६० को उत्तरतर्फ ०-०-३-० जग्गा प्रतिवादी दयालपत ठाकुरका एकाघरका छोरा भगवान ठाकुरसमेतले आफ्नो कि.नं. ६५९ को जग्गामा मिसाएको भन्ने वादी दाबी छ । वादीको जग्गाको उत्तरतर्फ रहेको विवाद जनिएको न.नं. ४ को ज.वि. ०-०-०-१०१/२, जग्गा प्रतिवादी दयालपत ठाकुरले खिचोला गरेको भनी सुरू जिल्ला अदालतबाट फैसला भई सो अन्तिम भई बसेको छ । यस अवस्थामा न.नं.२ को पूरै जग्गा खिचोला गरेको भन्ने हो भने वादीले उत्तरतर्फ दाबी गरेको ०-०-३-० जग्गाभन्दा बढी जग्गामा खिचोला गरेको भन्ने देखिन जान्छ । मिसिल संलग्न वादीको नामको कि.नं.६६० को जग्गाको नक्सा ट्रेससमेतलाई हेर्दा उक्त न.नं. २ को दक्षिणतर्फ १०×४२.६ कायम हुन आउने क्षेत्रफलको हदसम्म वादीको कि.नं. ६६० भित्रको जग्गालाई प्रतिवादी भगवान ठाकुरले आफ्नो कि.नं.६५९ को जग्गामा घुसाई खिचोला गरेको देखिने ।

वादीको कि.नं. ६६४ को जग्गाभन्दा पूर्वतर्फ ज.वि. ०-०-२-० जग्गा प्रतिवादी जयलाल ठाकुरले आफ्नो कि.नं. ६६३ को क्षेत्रफल ०-०-१५-० को जग्गामा घुसाई खिचोला गरेको भन्ने छ । पुनरावेदन अदालतले नं.नं. ९ र १० मा उल्लेख भएको क्षेत्रफल ज.बि. ०-०-२-८ मध्ये ज.बि. ०-०-१-४ जग्गासम्म खिचोला गरेको भनी फैसला भएउपर यी पुनरावेदक वादीले उक्त न.नं. ९ र १० को विवाद जनिएको पूरै जग्गा खिचोला कायम गर्नुपर्ने हो भन्ने जिकिर लिएको छ । सोतर्फ हेर्दा प्रतिवादी जयलाल ठाकुरको कि.नं. ६६३ को जग्गामा ज.बि. ०-०-१५-० जग्गा रहेको देखिन्छ । कि.नं. ६६३ को नं.नं. ७ र ८ मा ज.बि. ०-०-१३-१४१/४ जग्गा मात्र रहेको देखिन्छ । अर्कोतर्फ न.नं. ९ र १० मा ज.बि. ०-०-२-८ जग्गा रहेको र सोमा प्रतिवादी जयलाल ठाकुरको भोगमा रहेको भनी उल्लेख भएको छ । उक्त नं.नं. ९ र १० मा उल्लेख भएको पूरै क्षेत्रफलमा खिचोला गरेको हो भनी भन्दा यी प्रतिवादी जयलालको पनि आफ्नो स्रेस्ता अनुसारको क्षेत्रफल पुग्ने देखिँदैन । वादीको कि.नं. ६६४ र प्रतिवादीको कि.नं. ६६३ का जग्गा बन्डापत्र गर्दा बराबर क्षेत्रफल कायम गरी बन्डा भएको जग्गा हो भन्ने छ । दुवै कित्ता जग्गामा बराबर क्षेत्रफल कायम गर्नु नै न्यायोचित हुने देखिन्छ । न्यायको रोहबाट बराबर क्षेत्रफल कायम गर्दाको अवस्थामा उक्त विवाद जनिएको न.नं. ९ र १० मा उल्लेख भएको ज.बि. ०-०-२-८ जग्गामध्ये ज.बि. ०-०-१-४ जग्गासम्म वादीको कायम गर्नुपर्ने देखिन्छ । यसबाट उक्त ज.बि. ०-०-१-४ जग्गासम्म वादीको कि.नं. ६६४ को जग्गा प्रतिवादी जयलाल ठाकुरले खिचोला गरेको देखिने ।

सुरू बारा जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी विवादको न.नं. २ को ज.वि. ०-०-३- १३ मध्ये वादीको कि.नं. ६६० को

जग्गाको नक्सा ट्रेसबमोजिम उक्त न.नं. २ को दक्षिणतर्फ १०X४२.६' कायम हुन आउने क्षेत्रफलको हदसम्म वादीको कि.नं. ६६० को जग्गा प्रतिवादीको कि.नं. ६५९ को जग्गामा घुसाई खिचोला गरेको देखिनाले सो हदसम्म प्रतिवादी भगवान ठाकुर लाहोरको खिचोला मेटाई वादीले चलन चलाई पाउने र विवादको न.नं.९ र १० को ज.वि.०-०-२-८ मध्ये पूर्वतर्फबाट आधा ०-०-१-४ को हदसम्मको वादीको कि.नं. ६६४ को विवादित जग्गा प्रतिवादी जयलालले आफ्नो कि.नं. ६६३ को जग्गामा घुसाई गरेको खिचोला मेटाई वादीले चलन पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१२।०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम्।

२२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CI-०५०७, सार्वजनिक बाटो घर उठाई जग्गा खिचोला चलन, राम अशिस राय यादव वि. रामजनम राय यादव*

मिति २०७९।०४।२९ मा भइआएको नक्सा मुचुल्काको विभिन्न न.नं. हरूलाई विश्लेषण गरी हेर्दा, न.नं.१ मा कि.नं. ३६४ को जग्गामा खपडाको घर रहेको देखिएको छ। सो घर वादीले नै भोग गरिआएको छ भनी बहसका क्रममा निजतर्फको वरिष्ठ अधिवक्ताले बहसका क्रममा भन्नुभएको छ। सो न.नं. १ को जग्गा वादीले फिराद पत्रमा दाबी गरेको कि.नं.३६४ को क्षेत्रफल ०-०-२ मध्ये १ धुर मात्र खिचोला गरेको भनी दाबी लिएको छ। हाल भइआएको नक्सा मुचुल्कामा न.नं.१ को पूरै जग्गा प्रतिवादी रामजनम राय यादवको भोगमा रहेको भनी उल्लेख भएको छ। उक्त न.नं.१ मा ०-०-३ घुर जग्गा रहेको भन्ने देखिन्छ। वादीको कि.नं.३६४ जग्गामा दर्ता स्रेस्तामा २ घुर जग्गा उल्लेख भए पनि ट्रायल चेकबाट ३ धुर जग्गा रहेको भन्ने देखिन्छ। यस तथ्यसमेतका आधारमा वादीको कि.नं.३६४ को जग्गामा प्रतिवादीले पूरै कित्ता जग्गा खिचोला गरेको भन्न पनि मिलेन । किनकि वादीको दाबीभन्दा बढी जग्गा खिचोला गरेको भन्ने हुन्छ । प्रतिवादीको आफ्नो कि.नं. ३६५ को जग्गा न.नं. ३ मा रहेको भन्ने नक्सा मुचुल्काबाट देखिन्छ। न.नं. ३ नं. बाहेक न.नं. ४ र ५ को जग्गा अर्को व्यक्तिले भोग गरेको भन्ने छ। यस तथ्य अनुसार नक्सा र भोग फरक भएको भन्ने नै देखियो। वादी दाबी अनुसार कि.नं. ३६४ को ट्रायल चेक र नक्सा मुचुल्कासमेतबाट देखिएको ३ धुर जग्गामध्ये न.नं.१ को एक धुर जग्गासम्म प्रतिवादीले खिचोला गरेको भन्ने देखिने।

सार्वजनिक बाटो खिचोला गरेको भनी वादीले दाबी लिएतर्फ हेर्दा, न.नं.२ क्षेत्रफल ०-०-१-१३३/४ को नक्सामा रहेको बाटोको जग्गामा खपडाको छानो भएको कच्ची घरको भागसमेतको र जग्गा रही प्रतिवादी रामजनम राय यादवको भोगमा रहेको भनी नक्सा मुचुल्कामा उल्लेख भएको देखिन्छ। नापीको सर्भे नक्सामा कि.नं. ३६४ र ३६५ को बिचमा बाटो रहेको देखिन्छ। ट्रायल चेकबाट पनि सो कुराको पुष्टि भएको र सार्वजनिक बाटो १० फिटको हो भन्ने वादी र प्रतिवादीबिचमा मुख मिलेको नै देखिन्छ। सो विवादित भनी जनिएको न.नं.२ मा प्रतिवादीको घर भई भोग गरेको भन्ने देखिन्छ। न.नं.१ र न.नं. ३ को बिचमा रहेको सार्वजनिक बाटो प्रतिवादीले घर बनाई भोग गरेको देखिएबाट सो न.नं. २ को बाटोमा प्रतिवादी रामजनम राय यादवले बनाएको घर उठाई सार्वजनिक बाटो कायम हुने देखियो। यस अवस्थामा प्रतिवादी रामजनम राय यादवको घर हटाई सार्वजनिक सडक यथावत कायम रहने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेको नदेखिने।

नक्सा मुचुल्कामा न.नं. २२, २३, २४ को

जग्गामध्ये ०-०-२ जग्गा वादीको देखिँदा प्रतिवादी रामजनम राय यादवबाट खिचोला मेटाई चलन पाउने एवं सार्वजनिक सडकको भोगले छोएका हदसम्मको प्रतिवादी रामजनम राय यादवको घर हटाई सार्वजनिक सडक यथावत् कायम रहने भनी रौतहट जिल्ला अदालतबाट भएको फैसलालाई नक्सा मुचुल्कासमेतबाट फिरादीले उल्लेख गरेको सार्वजनिक बाटो यथावत् रहेको र प्रतिवादीको जग्गा निजको दर्ता स्रेस्ताभन्दा घटी रहेको भन्ने आधारमा रौतहट जिल्ला अदालतबाट मिति ०६९।३।१७ मा भएको फैसला उल्टी हुने भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।०९।०६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई यस अदालतबाट मिति २०७९।०४।२९ मा भएको नक्सा मुचुल्का अनुसार वादी दाबी अनुसार कि.नं. ३६४ को ट्रायल चेक र नक्सा मुचुल्कासमेतबाट देखिएको न.नं.१ को ३ धुर जग्गामध्येको एक धुर जग्गा प्रतिवादीले खिचोला गरेको देखिएकोले उक्त एक धुर जग्गामा प्रतिवादी रामजनम राय यादवले गरेको भोग खिचोलासम्म मेटाई वादीले चलन पाउने र न.नं.१ र न.नं. ३ कोबिचमा रहेको सार्वजनिक बाटोमा प्रतिवादीले घर बनाई भोग गरेको देखिएकोले सो न.नं. २ को बाटोमा प्रतिवादी रामजनम राय यादवले बनाएको घर उठाई सार्वजनिक बाटो कायम हुने।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम्।

## २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-WO-०७३७, उत्प्रेषण, कमला चौधरीसमेत वि. मेडिकल कलेज प्रवर्धन विकास समिति गेटा, धनगढी, कैलालीसमेत*

रिट निवेदकहरूले सुकुम्बासीको हैसियतबाट प्राप्त गरेको जग्गाको जग्गाधनी प्रमाण पुर्जामा भोगचलन गर्ने विषयमा विभिन्न सर्तहरूसमेत उल्लेख भएको देखिन्छ । उल्लेख भएको सर्तहरू हेर्दा बसोबासका लागि दिइएको जग्गामा १ वर्षभित्र घर बनाई बसोबास गरी भोगचलन गर्नुपर्ने छ । अविरूपमा घर जग्गा भोगचलन नगरेको अवस्था देखिएमा सो घर जग्गा दुवै जफत हुने छ भन्नेसमेत उल्लेख भएको देखिन्छ। यी निवेदकहरूले उल्लेख भएका सर्तहरूको पालना गरेका थियौँ भनी आफ्नो निवेदनमा खुलाई हक स्थापित भएको आधारहरू उल्लेख गर्न नसकिने।

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।१०।०४ भएको निर्णय हेर्दा, मिति २०५६।०४।०६ को निर्णयानुसार तत्कालीन गेटा गा.वि.स. वडा नं. २ (हाल अत्तरिया न.पा. वडा नं. १२) मा पर्ने ५१.८१ हेक्टर वन क्षेत्रको जग्गा श्री शंकर इन्स्टिच्युट अफ मेडिकल साइन्स एन्ड रिसर्च सेन्टर नामक संस्था स्थापनाको लागि प्रयोग गर्न दिएकोमा सो संस्थाले लामो समयसम्म उक्त इन्स्टिच्युट स्थापनासम्बन्धी कार्य नगरकोले वन विभागको मिति २०६५।०३।२० गतेको पत्रानुसार जिल्ला वन कार्यालय कैलालीको मिति २०६५।०३।२२ गतेबाट सहिद सङ्घारी भिमदत्त पन्त सामुदायिक वन उपभोक्ता समूह गेटा कैलालीलाई उक्त वन क्षेत्रको संरक्षण गर्न जिम्मा दिइएको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।१०।०४ गतेको निर्णयले पुनः सोही ५१.८१ हेक्टर वन क्षेत्रको जग्गा वन मन्त्रालयकै सहमतिमा मेडिकल कलेज प्रवर्धन विकास समिति (हाल मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति) को नाममा ३० वर्षको लागि भोगाधिकार प्रदान गर्ने भनी उल्लेख भएको देखिने।

निवेदकले सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गा नयाँ नापी अनुसार जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको भन्ने तथ्य स्थापित भएको देखिँदैन। यी

निवेदकहरूले सुकुम्बासीको हैसियतले प्राप्त गरेको जग्गा भोग गर्ने सम्बन्धमा उल्लेख भएको सर्तहरूको पालना गरेका छौँ भनी भन्न र लेख्न सकेको देखिँदैन। अर्कोतर्फ यी निवेदकहरूसमेतले प्राप्त गरेको उक्त जग्गाका विषयमा नयाँ नापी अनुसार जग्गाधनी प्रमाण पुर्जा दिलाइपाउँ भनी दायर भएको निवेदन यस अदालतबाट खारेज भएको देखिन्छ। उक्त तथ्यहरूबाट यी निवेदकहरूले प्राप्त गरेको उक्त जग्गामा पूर्णस्वामित्व कायम भएको भन्ने पनि देखिँदैन। सुकुम्बासी बस्तीका जग्गाहरू रोक्का राखिएको भन्ने प्रत्यर्थीहरूको भनाइ पनि देखिँदैन । मेडिकल कलेजले भोगाधिकार प्राप्त गरेको क्षेत्रमा भएको अतिक्रमण हटाउनका लागि पत्राचार भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।१०।०४ मा भएको निर्णय बदर गरिपाउँ भन्ने निवेदनमा मागदाबी लिएको नदेखिँदा निवेदन माग अनुसार आदेश जारी गर्नु परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल फाल्गुन २८ गते रोज ३ शुभम्।

२४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-WO-०७३३, उत्प्रेषण, प्रविणराज मास्के वि. काठमाडौं महानगरपालिका बागदरबार, काठमाडौंसमेत*

निवेदकले दाबी गरेको बाटोसम्बन्धी विवाद यिनै पक्षहरूको बिचमा चलेको ०७७-CP-१०६० को जग्गा खिचोला मुद्दाबाट सम्बोधन हुने नै देखियो। काठमाडौं जिल्ला अदालतबाट सो जग्गा खिचोला मुद्दा फैसला भइसकेको भनी निवेदकले जानकारी गराएको छन् । निवेदक स्वयं उपस्थित भई यो निवेदनबाट थप हेरिनुपर्ने छैन भनी भन्नुभएको पनि छ । प्रस्तुत निवेदनको औचित्य समाप्त भएको भन्ने देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- डोलनाथ न्यौपाने

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-WO-०९२०, उत्प्रेषण, प्रविणराज मास्के वि. काठमाडौं महानगरपालिका बागदरबार, काठमाडौंसमेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-WO-०६६५, उत्प्रेषणयुक्त परमादेशसमेत, कृष्णदेव मण्डल वि. क्षेत्रीय शिक्षा निर्देशनालय पूर्वाञ्चल मुकाम धनकुटासमेत*

रिट निवेदक मिति २०७०।११।११ गतेबाट लगातार विद्यालयमा अनुपस्थित रहेको कुरामा कुनै विवाद छैन । शिक्षा नियमावली, २०५९ को नियम १०७ मा असाधारण बिदा, बेतलबी बिदा र अध्ययन बिदा, विद्यालय व्यवस्थापनको सिफारिसमा जिल्ला शिक्षा अधिकारीबाट स्वीकृत हुने व्यवस्था देखिन्छ । यी निवेदकले विद्यालय व्यवस्थापन समितिबाट असाधारण बिदा स्वीकृतिको लागि सिफारिस गराउन सकेकोसमेत देखिँदैन। क्षेत्रीय शिक्षा निर्देशनालयका निर्देशकबाट निजलाई स्पष्टीकरण सोधी निवेदकलाई सुनुवाइको मौका दिएको पनि देखिन्छ । निजलाई सोधिएको स्पष्टीकरण पत्रमा हुन सक्ने सजायसमेत उल्लेख भएको छ । त्यस्तै क्षेत्रीय शिक्षा निर्देशनालय पूर्वाञ्चलका निर्देशकबाट मिति २०७२।०२।१९ गते यी रिट निवेदकलाई नोकरीबाट हटाउने गरी भएको निर्णय अख्तियार प्राप्त अधिकारीबाट भएको देखिने।

कानूनबमोजिमका सम्पूर्ण प्रक्रिया पूरा गरी अधिकार प्राप्त अधिकारीबाट निवेदकले गरेको कसुरको प्रकृति र मात्रा अनुसार भविष्यमा शैक्षिक नोकरीको

निमित्त अयोग्य नहुने गरी सेवाबाट हटाउने गरी पूर्वाञ्चल क्षेत्रीय निर्देशकबाट मिति २०७२।०२।१९ मा भएको निर्णय कानूनसङ्गत देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम् ।

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७२-WO-०४५५, उत्प्रेषणसमेत, डा. रामहरि लामिछाने वि. पुनरावेदन अदालत पाटनसमेत*

प्रस्तुत निवेदनमा स्थापित भएको तथ्य र कानूनी व्यवस्थासमेतलाई विचार गरी हेर्दा, भवन निर्माणसम्बन्धी सम्झौताको बुँदा नं. १०.६ मा उल्लेख भएको प्रचलित नियम, कानूनबमोजिम मूल्य समायोजन गरिने भनी उल्लेख भएको व्यवस्था र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ को समग्र व्यवस्थाले मुल्य समायोजन गर्ने भन्ने विषयलाई स्वीकार गरेको नै देखिन्छ । सम्झौताका पक्षहरूबिचमा भएको बोल कबुल गर्दाको SCC (GENERA CONDITIONS OF CONTRACT) को दफा १६ मा PRICE ADJUSTMENT सम्बन्धी व्यवस्थाहरू रहेको देखिन्छ । उक्त SCC को दफा १६.१, १६.२, १६.३, १६.४, १६.५ मा PRICE ADJUSTMENT सम्बन्धी व्यवस्थाहरू दफावार रूपमा उल्लेख गरिएको छ । दफा १६.४ मा PRICES SHALL BE ADJUSTED FOR FLUCTUALTION IN THE COST OF INPUTS ONLY IF PRORATED FOR IN THE SCC (SPECIAL CONDITION OF CONTRACT) भनी स्पष्ट गरिएको छ । यसबाट पनि SCC र प्रचलित कानूनको अधीनमा रही मध्यस्थबाट निर्णय भएको हो भन्ने देखिने ।

अर्कोतर्फ मध्यस्थताको नियुक्ति पनि मूल्य समायोजनसम्बन्धी विषयमा पक्षहरूबिच विवाद भई सो निरूपणका लागि दुवै पक्षको सहमतिमा नियुक्ति भएको हो भन्ने नै छ । मध्यस्थता ऐनको दफा ३०(२) विपरीत नियुक्त भएको भन्ने पनि छैन । पक्षहरूबिच सम्झौता भएको छ, मूल्य समायोजनको विषयमा विवाद उठान भएको छ, सोही विषयमा केन्द्रित रही मध्यस्थबाट निर्णय भएको पनि छ । यस अवस्थामा मध्यस्थता ऐन, ०५५ को दफा ३०(२)(३) को व्यवस्था आकर्षित हुने हो भन्ने कानूनी आधार पनि देखिएन । पक्षहरूबिचमा उठेको विवादमा कानूनको सीमाभित्र रही मूल्य समायोजन गर्ने गरी मध्यस्थले गरेको निर्णयको परिणामले सार्वजनिक हित वा नीतिप्रतिकूलको कार्य भएको छ भनी भन्न नमिल्ने ।

निवेदक र प्रत्यर्थी आश्रय निर्माण सेवा प्रा. लि. बिचमा भएको सम्झौताको व्यवस्थालाई कानूनी व्यवस्थाको कसीमा जाँच गरी मध्यस्थबाट मिति २०७१।०३।१९ मा भएको निर्णयलाई तत्कालीन पुनरावेदन अदालत पाटनबाट सदर गर्ने गरी मिति २०७२।०४।२० मा भएको आदेश/फैसलामा कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्नेसम्मको कानूनी आधार देखिएन । तसर्थ प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत :- डोलनाथ न्यौपाने

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७३-CR-०३३२, ठगी, परशुराम अधिकारी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी परशुराम अधिकारीले

अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको, २०६० सालपछि पुनरावेदक प्रतिवादीले बीमितहरूबाट प्रिमियमबापतको रकम उठाएको कुरा वादी पक्षले पुष्टि गर्न नसकेको, २०६० सालभन्दा अघि उठाएको प्रिमियमबापतको रकम बिमा संस्थानमा जम्मा गरेको कुरा स्वयं राष्ट्रिय बिमा संस्थानले स्वीकार गरेको देखिएको, पीडित भनिएका व्यक्तिहरू स्वयंले अदालतसमक्ष प्रतिवादीसँग लिनु दिनु नरहेको भनी लिखित निवेदन दिएकोसमेत का तथ्य र प्रमाणहरूका आधारमा प्रतिवादी परशुराम अधिकारीलाई अभियोग दाबी अनुसार कसुरदार ठहर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलामा सहमत हुन सकिएन।

प्रतिवादी परशुराम अधिकारीलाई अभियोग माग दाबीबमोजिम बिमितहरूको बिगो रु.६,६७,५५४।९८ भरी निज प्रतिवादी परशुराम अधिकारीलाई बिगोबमोजिम रु.६,६७,५५४।९८ (छ लाख सत्सठ्ठी हजार पाँच सय चौवन्न रुपियाँ अन्ठानब्बे पैसा) जरिवाना र २ (दुई) वर्ष कैद हुने ठहरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६७।११।१ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति ०७०।४।२१ को फैसला उल्टी भई प्रतिवादी परशुराम अधिकारीले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत - भेषराज कोइराला

कम्प्युटर - कृष्ण गिरी

इति संवत् २०७९ साल भदौ १६ गते रोज ५ शुभम् ।

## २८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-CR-०१५८, लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. विवेक शाही*

प्रतिवादी ओम भन्ने विवेक शाहीबाट १ ग्राम १०० मिलिग्राम लागु औषध बरामद भएको तथ्यमा विवाद देखिँदैन । प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष बयान गर्दासमेत सेवन गर्ने उद्देश्यले उक्त लागु औषध खरिद गरी ल्याएको तथ्य स्वीकार नै गरेको देखिन्छ । घटना विवरण लेखाउने मानिसहरू कल्पना थापा, तुल्सीराम वि.सी. लगायतको भनाइबाट पनि प्रतिवादी विवेक शाही सेवनकर्तासम्म हुन् भन्ने देखिएको छ । सेवनकर्ताले पनि कोही-कसैबाट मूल्य चुक्ता गरी लागु औषध प्राप्त गर्ने भएकाले बालिया खाँबाट खरिद गरेको भन्ने आधारमा नै निज विवेक शाहीले खरिद बिक्रीको कसुर गरेको रहेछ भनी मान्न मिल्ने देखिँदैन । बिक्रीको प्रयास गरेको वा त्यस प्रकारको तथ्य स्थापित भएको देखिँदैन । बरामद भएको लागु औषधको परिमाणसमेत न्यून मात्राको अर्थात् १ ग्राम १०० मिलिग्राम मात्र देखिएको छ । यस अवस्थाका प्रतिवादीलाई खरिद बिक्री, ओसारपसारतर्फको कसुरदार ठहर गर्नु सर्वदा अनुचित हुने देखिन्छ।

प्रतिवादी ओम भन्ने विवेक शाहीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदन अदालत, नेपालगन्जबाट निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ वर्ष सजाय हुने ठहर गरेको मिति २०७१/८/२१ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत :- हरिप्रसाद आचार्य

कम्प्युटर अपरेटर :- कृष्ण गिरी

इति संवत् २०७९ साल कात्तिक १४ गते रोज २ शुभम्।

## २९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-००४३, ०७४-CR-१५७४, जबरजस्ती करणी, सुवास वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. सुवास वि.क.*

प्रतिवादीले गर्भवती पीडितलाई जबरजस्ती करणी गरेको भनी सोतर्फसमेत थप सजायको माग दाबी रहेको देखिन्छ। मुलुकी ऐन, जबरजस्ती करणीको ३क.नं. मा गर्भवती महिलालाई करणी गरेबापत थप

सजाय हुने व्यवस्था रहेको देखिन्छ । हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (७) मा "छ महिनाभन्दा बढीको गर्भवतीलाई जबरजस्ती करणी गरेमा थप पाँच वर्षसम्म कैद सजाय हुने" व्यवस्था रहेको छ । प्रतिवादीले आफू र पीडितबिच ४ पटक यौन सम्पर्क भएको र पछिल्लो पटक भूकम्प गएको समयतिर गरेको हुँ, त्यसपछि निजसँग शारीरिक सम्पर्क गरेको छैन, वारदात मितिमा म काठमाडौंमा छु । पीडित हाल गर्भवती रहेको र गर्भमा रहेको बच्चा आफ्नो भएको भनी सुरू अदालतमा बयान गरेको देखिन्छ । यसबाट पीडित गर्भवती भएको र गर्भको बच्चा यी प्रतिवादीको भएको कुरामा विवाद देखिएन । पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा "SHE IS ALSO PREGNANT OF ABOUT १८ WEEKS OF GESTATION" भनी उल्लेख गरेको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ अनुसार "छ महिनाभन्दा बढीको गर्भवतीलाई जबरजस्ती करणी गरेको" अवस्थामा थप सजाय हुने हुन्छ । पछिल्लोपटक यौन सम्पर्क भएको मिति २०७२/५/२० लाई प्रमाणित भएको मान्ने हो भने पनि सो अवस्थामा पीडितको गर्भ छ महिनाको भइसकेको देखिँदैन, केवल १८ हप्ता (पाँच महिनाभन्दा कम अवधिको) देखिन्छ । यसरी हेर्दा वर्तमान स्थितिमा प्रतिवादीलाई गर्भवतीउपर जबरजस्ती करणी गरेको भनी थप सजाय गर्न मिल्ने देखिएन ।

प्रतिवादी सुवास वि.क. लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद हुने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४/२/२३ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । वारदात हुँदाको अवस्थामा प्रतिवादी सुवास वि.क.को उमेर १६ (सोह्र) वर्ष रहेको देखिएको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०७४ को दफा ३६(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम उमेर पुगेकालाई हुने सजायको दुई तिहाइ मात्र सजाय हुने भएकोले निज प्रतिवादी सुवास वि.क.लाई ५ (पाँच) वर्ष ४ (चार) महिना कैद सजाय हुने ।

इजलास अधिकृत :- भेषराज कोइराला

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम् ।

## ३०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-CR-०७२३, सवारी ज्यान, नेपाल सरकार वि. कृष्ण तामाङ*

सवारी साधन चलाउँदा कतिपय सन्दर्भमा दुर्भाग्यबस दुर्घटना पनि हुने गरेका हुन्छन् । यस प्रकारका दुर्घटना कहिले सवारी चालकको काबुभन्दा बाहिरको परिस्थितिको कारणबाट, कहिले असावधानी वा लापरबाहीको कारणबाट पनि हुने गर्दछन् । त्यस प्रकारको अवस्थामा मानिस मर्न गएमा अपेक्षाकृत थोरै वा नरम प्रकृतिको सजाय हुने व्यवस्थासमेत कानूनमा रहेको पाइन्छ । तर यसको तात्पर्य जुनसुकै अवस्थामा पनि सवारीले किचेर मानिस मरेको कुरालाई सामान्यीकरण गरेर न्यूनतम सजाय गर्नुपर्दछ भन्ने अवश्य होइन । यो मानिसको जिउ ज्यानसँग सम्बन्धित गम्भीर र संवेदनशील विषय हो । सवारी साधन चलाएको कारणबाट मानिसको जिउ ज्यान अनुचित रूपमा असुरक्षित बन्न जानु हुँदैन । सवारी चलाउने कुरा मानिस मार्ने र बहाना बनाएर फौजदारी दायित्वबाट उम्किने माध्यम पनि बन्नु हुँदैन । त्यसैले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (१) मा कसुर अनुसारको सजायको व्यवस्था गरिएको हो । यो प्रावधान केवल कानूनी अलङ्कार मात्रै होइन । प्रस्तुत मुद्दाका प्रतिवादी कृष्ण तामाङले चलाएको सवारी साधनले ठक्कर दिएपछि सडकमा लडेका पीडित (लक्ष्मण के.सी.) लाई स्वास्थ्योपचारका लागि सम्भव भएसम्मको प्रयास गर्नु निज प्रतिवादीको कर्तव्य हुने थियो । तर निजले उपचार खर्चलगायतका पछि आउने सम्भावित झमेलाबाट

उम्कने दुस्प्रयास स्वरूप दुर्घटनापछि सडकमा लडेका पीडित व्यक्तिमाथि जानीजानी अर्थात् नियतबस गाडी ब्याक गरेर किचेको देखियो । यसलाई गम्भीर आपराधिक कार्यको रूपमा लिइनुपर्दछ र कानूनद्वारा निर्धारित अधिकतम सजाय गरिनु नै सर्वथा न्यायोचित हुन्छ । यस प्रकारका गम्भीर र जघन्य वारदातको कुरामा समेत सवारी तथा यातायात ऐन, २०४९ को दफा १६१(२) को प्रयोग गरी कसुरदारप्रति अवाञ्छित उदारता र पीडितप्रति विवेकहीन उदासीनता प्रदर्शित गर्नु मनासिब देखिँदैन ।

प्रतिवादी कृष्ण तामाङले जानीजानी अर्थात् ज्यान मार्ने नै मनसाय राखेर आफूले चलाएको सवारी साधन बा.१ज. ९२६२ नं. को माइक्रोबसले लक्ष्मण के.सी.लाई किचेको कारणबाट निजको मृत्यु भएको देखियो । तसर्थ, निज प्रतिवादी कृष्ण तामाङलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर गरेको भनी दुई वर्ष मात्र कैद सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालत र उच्च अदालत, पाटनबाट भएको मिति २०७४/३/२६ को फैसला त्रुटिपूर्ण भएकाले सो फैसला केही उल्टी भई निज प्रतिवादी कृष्ण तामाङलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (१) बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत :- भेषराज कोइराला

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम् ।

**३१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-CR-०३७५, जबरजस्ती करणी उद्योग, किरण खड्का वि. नेपाल सरकार*

मुलुकी ऐन, आसय करणीको १ नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ मा पति वा पत्नीबाहेक अन्य व्यक्तिलाई निजको मन्जुरीबिना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा, यौनसम्बन्धी आफ्नो अङ निजलाई छुन समाउन लगाएमा समेत यौन दुर्व्यवहार गरेको मानिने व्यवस्था रहेको देखिन्छ । प्रतिवादी किरण खड्काले पीडितको हात समाती ट्वाइलेटभित्र लगी १०/१५ मिनेटसम्म करणी गर्न दिनु भनी स्तन समाती उत्तेजित लिङ निकाली सुरूवाल तान्न खोज्दा पीडितले प्रतिकार गरेको भन्ने देखिएको छ । प्रतिवादीले बयान गर्दासमेत हामी दुबै जनाले एक अर्कालाई मन पराउने कारण निजको मन्जुरी नभए तापनि मन जितेर सँगै ट्वाइलेटभित्र प्रवेश गरेको भनी अनुसन्धान अधिकारीसमक्षको बयानमा खुलाएको देखिन्छ । यस प्रकारको वारदातलाई जबरजस्ती करणी उद्योगको वारदात नभएर मुलुकी ऐन, आसय करणीको महलको १ नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको यौन दुर्व्यवहारको कसुर मान्नुपर्ने ।

मुलुकी ऐन, आसय करणीको महलको १ नं. तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिम यौन दुर्व्यवहारतर्फको कारबाही प्रक्रिया अवलम्बन गर्नुपर्नेमा प्रतिवादीलाई जबरजस्ती करणीको महलको ५ नं.बमोजिमको कसुरदार ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३/९/।१७ को फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४/८/५ को फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला उल्टी हुने ठहर्छ । साथै, वारदातको रूप र प्रकृतिबाट प्रतिवादी किरण खड्काउपर यौन दुर्व्यवहारको कसुरमा मुलुकी ऐन, आसय करणीको महलको १ नं. सपठित मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिम यौन दुर्व्यवहारतर्फ कारबाही हुने अवस्था देखिएकाले पीडित पक्षलाई झिकाई निजले मुद्दा सकार गरेमा मुलुकी फौज्दारी

कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम यही मिसिलबाट कारबाही र किनारा गर्ने ।
इजलास अधिकृत :- भेषराज कोइराला
कम्प्युटर :- मन्दिरा रानाभाट
इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम् ।

**३२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-RB-००८३, भन्सार चोरी पैठारी, हरिदत्त पाण्डे वि. राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुर*

भन्सार ऐन, २०६४ को दफा ७६(२) मा "कुनै मालवस्तु कानूनबमोजिम पैठारी गरी ल्याएको हो वा सो मालवस्तुमा कानूनबमोजिम लाग्ने महसुल तिरेको छ भन्ने कुराको भन्सार अधिकृतलाई चित्तबुझ्ने गरी प्रमाण दाखिल गर्ने उत्तरदायित्व सो मालवस्तु साथमा राख्ने व्यक्तिको हुने छ" भनी उल्लेख देखिन्छ । यो कुरा अन्यथा प्रमाणित नभएसम्मको अवस्थामा लागु हुने हो । रु. ६० लाखमा गाडी खरिद गर्न स्वीकार गरी रीतपूर्वक भुक्तानी प्रक्रिया मिलाउन मिति २०६५/११/९ मा प्रतिवादीको फर्म हरियाली ट्रेड इन्टरनेसनलको नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको खाताबाट ACCOUNT PAYEE चेकबाट रु.२५ लाख बैनास्वरूप गृहेन्द्र घिमिरेलाई दिई बैना सुरक्षित राख्न गाडी प्रयोग गरेको भन्ने प्रतिवादीको जिकिर निज गृहेन्द्र घिमिरेको बयानबाट पनि समर्थित भएको छ । गृहेन्द्र घिमिरेको बयानबाट निजले बैनास्वरूप लिएको रु. २५ लाख ने.क.पा. माओवादीलाई बुझाएको भन्नेसमेत देखिन्छ । यसरी प्रतिवादीले ने.क.पा. माओवादीबाट गाडी लिएको र रकम बुझाएको तथ्य प्रमाणित भइरहेको अवस्थामा भन्सार ऐन, २०६४ को दफा ७६(२) बमोजिम प्रतिवादी विरुद्ध अन्यथा अनुमान गर्नु न्यायोचित हुने देखिँदैन । भन्सार ऐन, २०६४ को दफा ७६(२) आकर्षित हुन अभियोजन पक्षले प्रतिवादीले नै चोरी पैठारीको कार्य गरेको तथ्य प्रमाणित गर्नुपर्दछ । त्यसपछि मात्र दफा ७६(२) आकर्षित हुने हुन्छ । गाडी ल्याउने र प्रयोग गर्ने अरू नै व्यक्ति थिए भन्ने तथ्य स्थापित भएको अवस्थामा यी प्रतिवादीले पछि आएर गाडी प्रयोग गरेको कारणबाट मात्र दफा ७६(२) बमोजिम प्रमाणको भार निजलाई वहन गराउन मिल्दैन । यस अवस्थामा प्रतिवादीउपर प्रमाणको भार रहेको भनी निजलाई आरोपित कसुरमा सजाय गर्नु मनासिब हुँदैन ।

प्रतिवादी हरिदत्त पाण्डेले नै गाडी चोरी पैठारी गरेको भन्ने तथ्य प्रमाणित हुन आएको नदेखिएकोले निजलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम रु. ६५,००,०००।–(पैँसट्ठी लाख) जरिवाना हुने ठहर गरेको हदसम्म सुरू निर्णय सदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९/२/४ को फैसला त्रुटिपूर्ण देखिँदा केही उल्टी भई निज हरिदत्त पाण्डेले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । गाडी विधिवत् रूपमा पैठारी गरेको भन्ने नदेखिएको अर्थात् सो गाडी चोरी पैठारी गरिएको हो भन्ने तथ्य स्थापित भएको हुँदा सो गाडी जफत हुने ठहर गरेकोसमेतका अन्य कुराका हकमा सुरू फैसला सदर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको फैसला सो हदसम्म मनासिब देखिँदा सदर हुन्छ ।
इजलास अधिकृत : विनोदप्रसाद घिमिरे
कम्प्युटर : कृष्ण गिरी
इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम् ।

## इजलास नं. ६

**३३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री प्रकाशकुमार ढुंगाना**, *०७९-WH-००८१, बन्दीप्रत्यक्षीकरण, शान्ती श्रेष्ठ वि. प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्को सचिवालय सिंहदरबार, काठमाडौंसमेत*

प्रतिवादी ध्रुवेन्द्रबहादुर श्रेष्ठउपर अभियोग दर्तापश्चात् उच्च अदालत पाटनबाट जारी भएको निजको नाउँको समाह्वान म्याद सूचना मिति २०७८।१०।२५ मा तामेल भएको देखिन्छ । उक्त तामेली म्याद सूचना म्यादवाला मानिसको घर/डेरासमेत खोज तलास गर्दा फेला नपरेको भनी बेपत्ते तामेल भएको मिसिलबाट देखिन्छ । तत्पश्चात् उच्च अदालत पाटनका उपरजिस्ट्रारबाट मिति २०७८।११।१३ मा...स्थायी वतनबाहेक अर्को वतन नभएकोले स्थायी वतन उल्लेख गरी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ अनुसार २ पटक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु भन्ने आदेश गरेको देखिन्छ । उल्लिखित आदेशानुसार गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०७८।११।२३ मा र दोस्रो पटक मिति २०७९।१।१२ गते गरी दुई पटक म्याद सूचना प्रकाशित भएको रहेछ । मिसिल हेर्दा यी निवेदकका पति ध्रुवेन्द्रबहादुर श्रेष्ठको वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१४ कलंकी भन्ने स्पष्ट उल्लेख भएको देखिन्छ । निज प्रतिवादीको जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी नेपाली नागरिकताको प्रमाणपत्र तथा निर्वाचन आयोग नेपालबाट जारी भएको मतदाता परिचय-पत्रमा निजको वतन काठमाडौं महानगरपालिका वडा नं.१४ नै देखिएको छ । त्यस्तै काठमाडौं महानगरपालिकाबाट जारी ज्येष्ठ नागरिक परिचय पत्रमा समेत निजको वतन काठमाडौं महानगरपालिका, वडा नं.१४ नै भन्ने देखिन्छ । नेपाल विद्युत् प्राधिकरणको बिजुली बिल पनि सोही वडाबाट निजको श्रीमती शान्ती श्रेष्ठको नामबाट तिरेको देखिएको र बैंकबाट प्राप्त ग्राहक सूचना फाराममा समेत घर भएको स्थानको नक्सा र फोन नं. ०१५२१८७४४ र ९८०६१६३७१४, ९८०३५४२८१६ समेतका नम्बरहरू, पक्षको बाबु, आमा, श्रीमती, छोराछोरीको नामसमेत देखिइरहेको अवस्थामा म्याद बेपत्ते तामेल भइआएपछि मिसिल गहिरोसँग नहेरी, वादी पक्ष वा जाहेरवाला कसैलाई नबुझी, वैकल्पिक वतन छ वा छैन भन्ने नसोधी पत्रिकामा सूचना प्रकाशित गरी रीत पुऱ्याउनेतर्फ मात्र कार्य भएको र परिणामतः पक्षले सुनुवाइ प्राप्त नगरी प्राकृतिक न्यायको सिद्धान्तविपरीत पक्षको प्रतिनिधित्व हुन नसकी मिति २०७९।०३।२४ मा यी निवेदकका पति प्रतिवादी ध्रुवेन्द्रबहादुर श्रेष्ठलाई ६ (छ) दिन कैद र बिगो भराई बिगोबमोजिम जरिवानासमेत हुने ठहऱ्याई फैसला भएको पाइएबाट सो फैसलासमेत त्रुटिपूर्ण देखिँदा सो फैसला र निजको नाममा जारी म्याद सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

ध्रुवेन्द्रबहादुर श्रेष्ठउपर कानूनबमोजिम उच्च अदालत पाटनमा अभियोगपत्र दर्ता भई अदालतबाट फैसला भई फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परी थुनामा रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । अभियोगपत्र दर्तापश्चात्को काम कारबाही बदर भएबाट अब निज निवेदक ध्रुवेन्द्रबहादुर श्रेष्ठलाई निज थुनामा रहेको कारागार कार्यालयबाट उपस्थित गराई निजको बयानसमेत लिई सुनुवाइको मौका दिई कानूनबमोजिम बाँकी कारबाही र फैसलासमेत गर्नु भनी उच्च अदालत पाटनको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : शारदादेवी पौडेल (उपसचिव)

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल मङ्सिर १८ गते रोज १ शुभम् ।

**३४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-CI-००५०, अंश दपोट, बद्रीनाथ तखाछें श्रेष्ठ वि. बैजनाथ तखाछें श्रेष्ठ*

कि.नं. १८४ को प्रतिवादी बैजनाथ तखाछें श्रेष्ठले तायदाती फाँटवारीमा नदेखाई दबाएको, लुकाएको पुष्टि भएको र यसरी निज प्रतिवादीले दबाएको उक्त जग्गाबाट निज प्रतिवादीलगायत सबै छ जना अंशियारहरूले अंश पाउने अवस्था देखिएको

भनी माथि नै विवेचना भइसकेको हुँदा सुरू जिल्ला अदालतले प्रतिवादीले अंश दपोट ठहर गरी उक्त कि.नं. को जग्गा सबै अंशियारलाई बन्डा लाग्ने भनी गरेको फैसलालाई उल्टी गरी उक्त जग्गालाई प्रतिवादीको निजी आर्जनको ठहर गरेको फैसला मिलेको देखिएन।

कि.नं. १८४ को जग्गा प्रतिवादीले मिति २०६१।२।२५ मा तायदाती फाँटवारी पेस गर्दा निजको नाममा दर्ता नै नरही मिति २०६५।९।२ मा मात्र दर्ता भएको अवस्थामा दपोट ठहऱ्याई बन्डासमेत गर्ने ठहऱ्याएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसलालाई नमिलेको भन्दै उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/०५/२८ को फैसला मिलेको देखिएन। उक्त फैसला उल्टी भई कि.नं. १८४ को घर जग्गालाई ६ भाग लगाई ६ भागको १ भाग यी वादीले पाई चलनसमेत चलाइपाउने।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल चैत ०९ गते रोज ४ शुभम्।

**३५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७०-CI-००७२, लेनदेन, प्रदिप शमसेर ज.ब.रा. वि. रवि विक्रम शाह*

विवादित लिखत धनी र ऋणी भई गरेको तमसुकको कागजमा उल्लिखित रकम प्रतिवादीहरूले बुझाउन मन्जुर गरेको, प्रतिवादीमध्येको कृष्ण शमशेरले दायित्वबमोजिम साँवा ब्याजको रकम बुझाउन मन्जुर गरेको र सुरू जिल्ला अदालतको फैसलाउपर पुनरावेदन गरेकोसमेत देखिँदैन। यी प्रतिवादी प्रदिप शमशेरले रकम बुझाएको भन्ने हकमा साबिक मुलुकी ऐन लेनदेन व्यवहारको ५ नं.ले तोकेको प्रक्रियाबमोजिम लिखत फट्टा गराएको वा त्यसको पिठमा बेहोरा जनाएको हुनुपर्ने वा छुट्टै भरपाई लिनुपर्नेमा सो कुनै कुरा गरेको पाइएन। प्रस्तुत विवादमा लिखत यथारूपमा रहेको देखिँदा साहु प्रत्यर्थी/वादी रवि विक्रम शाहलाई निर्दिष्ट कानूनी प्रक्रियाबमोजिम रकम बुझाएको नदेखिएकोले लिखतको सर्तबमोजिमको रकम निज असामीहरूबाट पाइसकेको अर्थ गर्न मिल्ने अवस्था देखिएन। अन्य कुनै प्रक्रियाबाट रकम बुझाएको भनी यकिन गर्न सकिने अवस्था पनि मिसिल अध्ययनबाट देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ (२) मा प्रचलित नेपाल कानूनबमोजिम वादीलाई दिनु वा बुझाउनुपर्ने कुरा सो कानूनबमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुने छ भन्ने उल्लेख भएको पाइन्छ। प्रतिवादीबाट पेस भएका प्रमाण कागजातबाट स्पष्टतः सो प्रमाणित भएको नदेखिँदा रकम बुझाइसकेको भन्ने पुनरावेदन जिकिर सप्रमाण पुष्टि भएको देखिन आएन। यस स्थितिमा दुवै जना प्रतिवादीहरूबाट लिखतमा उल्लिखित साँवा ब्याज बुझाउनुपर्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था देखिएन।

सुरू काठमाडौं जिल्ला अदालतको फैसला मिति २०६६।३।२२ को फैसला केही उल्टी गरी वादीले प्रत्यर्थी प्रतिवादी दुबै जनाबाट साँवा रु.२,५०,००,०००।- (दुई करोड पचास लाख) र सोको कानूनबमोजिम हुने ब्याज समान रूपले भरिपाउने ठहऱ्याई मिति २०६९।१।१० मा तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल मङ्सिर २० गते रोज ३ शुभम्।

**३६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-CR-०९१७, कर्तव्य ज्यान, डेनिस श्रेष्ठ वि. नेपाल सरकार*

विवादित वारदातलाई हेर्दा अनिता गुरुङ, निजको पति प्रेमकुमार गुरुङ र निज अनितासँग शारीरिक रूपमा नजिक रहेको र अनिताकै भनाइमा

श्रीमान् श्रीमतीको रूपमा बस्दैआएका कर्मा गुरुङको बिच रहेको त्रिकोणीय सम्बन्धले सिर्जना गरेको कुरुप परिस्थितिको उपज देखिन्छ । मौका मिलेका बखत प्रेमलाई पाखा लगाउने मनस्थितिमा अनिता र कर्मा रहेको कुरा अनिताको बयानबाट खुल्छ। यो परिस्थिति र घटनाक्रममा यी डेनिस श्रेष्ठ पनि कुनै न कुनै रूपमा संलग्न रहेको देखिन्छ । यी डेनिस श्रेष्ठलाई अनिताले मेरो पछि लाग्थ्यो भनेको छ भने भूमिकाले कर्माको चेलो भनेको अवस्था छ । प्रस्तुत वारदातको विकास मिति २०६४।११।४ भएको, सोही दिन प्रेम अफगानिस्तानबाट आएको, सो साँझ प्रेमकुमार गुरुङ र निजको पत्नी अनिता गुरुङ, निजकी बहिनी भूमिकासमेत राजधानीको नाङ्लो रेस्टुरेन्टमा भेटेको र खाना खाएको, त्यसपछि निजहरू इनसोमेनिक नाइट क्लब गएको र त्यहाँ डेनिस श्रेष्ठसमेत आएको थियो भनी अनिता र भूमिका गुरुङले लेखाएका छन्। कामको नाताले कर्मा घलेसँग नजिक हुने भन्ने कुरा बुझ्न सकिन्छ तर मिसिलमा उल्लिखित तथ्य र परिस्थितिलाई हेर्दा अनिता गुरुङ, अन्य प्रेमकुमार गुरुङ र कर्मासँगको सम्बन्धबारे निज डेनिस श्रेष्ठ जानकार रहेको, अनिताको डेरामा गई निजको रातको समयमा निजको पतिलाई प्रतिवादीहरूले मारेको अवस्था र घटनाक्रमलाई समग्रतामा हेर्दा निज प्रतिवादी डेनिस श्रेष्ठ र किरणलालको संलग्नता फरक फरक देखिन्छ। निज डेनिस श्रेष्ठले कोठाभित्र पसी प्रेमलाई समाएको र सोही अवस्थामा कर्माले प्रेमलाई गोली प्रहार गरेबाट निजको हकमा ज्यानसम्बन्धीको १७ नं. को अवस्था नदेखिई ज्यानसम्बन्धीको १३(४) नं. को अवस्था देखिन आयो । यस स्थितिमा ज्यानसम्बन्धीको १७ नं आकर्षित हुन्छ भन्ने प्रतिवादीतर्फका विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताको जिकिरसँग सहमत हुन सकिएन।

पुनरावेदक प्रतिवादी डेनिस श्रेष्ठ वारदात भइरहेको ठाउँमा गई प्रेम गुरुङलाई मार्नलाई संयोग पारिदिन निमित्त मर्ने मानिसको जिउमा हात हाली पकडी समातिदिने कार्य गरेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) बमोजिम जन्मकैदको सजाय हुने भनी उच्च अदालत पाटनबाट मिति २०७४।४।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : दिप्ती पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल चैत्र १९ गते रोज १ शुभम्।

**३७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७९-WH-००४३, बन्दीप्रत्यक्षीकरण, केदारप्रसाद बराल वि. जिल्ला प्रहरी कार्यालय कास्कीसमेत*

आफूले समेत सही गरेको चेक दिएको भनी निवेदकले आफ्नो निवेदन बेहोरामा नै स्वीकार गरी सो जारी भएको चेकलाई निवेदकले अन्यथा भन्न सकेको पाइँदैन । छुट्टी भिन्न भएको भनी निवेदकले उल्लेख गरेता पनि अंश भरपाई गरिदिएको मिति २०६६/०२/०३ को लिखतमा तथा नागरिकतामा समेत यी निवेदकको वतन कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.८ नै उल्लेख भएको देखिन्छ। सोही वतनमा उच्च अदालत पोखराबाट म्याद जारी भई मिति २०७७/०६/१२ मा तामेल हुँदा २ जना स्थानीय साक्षीसमेत बसी वडा सचिवले समेत सहीछाप गरेको देखिन्छ । यही मुद्दामा पक्राउ परेकी निजकी श्रीमती सीता बरालले आफ्नो बयानमा आफूहरू छुट्टी भिन्न भएको भनेको अवस्था देखिँदैन । मिसिल संलग्न २०७६/०८/२४ को तमसुक हेर्दा सो तमसुकमा यी निवेदकको वतन पोखरा महानगरपालिका वडा नं.८ भन्ने उल्लेख भएको पाइन्छ भने सो तमसुकको बारेमा सीताले बयान गरेकोसमेत देखिन्छ । निजले बयान गर्दा चेक आफूहरूले काटेको भनेको पाइन्छ भने सीता बराल र यी केदार बरालको एन.आई.सी. एसिया

बैंकमा संयुक्त खाता रहेको पनि देखिन्छ । यसबाट यी निवेदकको सीता बरालको भन्दा फरक वतन रहेछ भन्न सकिएन । सीता बरालले सोही वतनलाई स्वीकार गरी मुद्दाको पैरबीमा रहेको र उच्च अदालत पोखराको मिति २०७९/०१/२८ को फैसलाउपर प्रतिवादीमध्येकी सीता बरालको ०७९-RB-००६७ मिति २०७९/०६/०६ मा यस अदालतमा पुनरावेदनसमेत दर्ता भइसकेको मिसिलबाट देखिन आयो । यसबाट एकै वतन देखिएका, बैंकमा समेत संयुक्त खाता रहेका श्रीमान् श्रीमतीलाई अलग-अलग वतनका व्यक्ति हुन् भन्न मिल्ने देखिएन । यस स्थितिमा कानूनबमोजिम तामेल भएको म्याद र सो आधारमा भएको फैसलालाई कानूनतः त्रुटिपूर्ण भन्न मिल्ने नदेखिँदा सो म्याद र अदालतबाट भएको फैसला बदर गर्न मिलेन ।

निवेदकको नागरिकतामा उल्लिखित वतन, अंश भरपाईमा उल्लेख भएको निवेदकको वतनमा नै यी निवेदकका नाउँको म्याद जारी भई सोही वतनमा रीतपूर्वक तामेल भएको तथा उच्च अदालतको फैसलाउपर अर्का प्रतिवादी सीता बरालको यस अदालतमा पुनरावेदनसमेत दर्ता भइसकेको अवस्थामा केवल म्याद जारी भएको अवस्थामा विगत ४ वर्षदेखि स्थायी रूपमा धादिङ जिल्लाअन्तर्गत ग्याँस उद्योगमा कार्यरत रहेको भन्ने अपुष्ट भनाइलाई आधार गरी कानून विरूद्ध म्याद तामेल भएबाट सुनुवाइको मौका नपाएको भन्न मिलेन । यस स्थितिमा निवेदकको मागबमोजिम साधिकार निकायबाट भएको फैसला बदर गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्नु न्याय तथा कानूनको दृष्टिमा औचित्यपूर्ण मान्न सकिने अवस्था देखिएन । तसर्थ निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरण र उत्प्रेषणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने

इजलास अधिकृत :- सदन अधिकारी

इति संवत् २०७९ साल कात्तिक १७ गते रोज ५ शुभम् ।

### ३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-१६८४, ०७३-CR-१७५०, ०७४-RC-०१२४, खुन डाँका, नेपाल सरकार वि. शक्तिकुमार मण्डलसमेत, शक्तिकुमार मण्डल वि. नेपाल सरकार, नेपाल सरकार वि. जितेन्द्र यादवसमेत*

प्रतिवादीमध्येका सिनोद मण्डल र सुमोद साहको हकमा विचार गर्दा यी प्रतिवादीहरू विरूद्ध किटानी जाहेरीसमेत नपरेको तथा निज प्रतिवादीहरूले मौकामा अनुसन्धानमा तथा अदालतमा आई गरेको बयानमा समेत आफू कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादीमध्येका मो. मुन्ना मियाँले अनुसन्धानमा बयान गर्दा आफूले जाहेरवालाको छोरालाई कर्तव्य गरी मारेकोमा साबित रही यी प्रतिवादीहरू सिनोद मण्डल र सुमोद साहको संलग्नता थिएन भनी बयान गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले समेत अनुसन्धान तथा अदालतमा बयान गर्दा यी प्रतिवादीहरूउपर पोल गरेको अवस्थासमेत देखिँदैन भने निजहरूबाट चोरीका दसीका सामानसमेत बरामद भएको अवस्था नहुँदा निजहरू विरूद्धको अभियोग दाबी शंकारहित तवरले पुष्टि हुन आएको देखिँदैन ।

प्रतिवादी सिनोद मण्डल र सुमोद साहलाई अभियोग दाबीबाट सफाइ दिने र प्रतिवादी मनोज मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद र प्रतिवादी बौवा भन्ने जितेन्द्र यादवलाई ऐ. महलको १३(३) नं.बमोजिम कसुर कायम गरी सोही दफाबमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको र चोरीतर्फ कसुर कायम गरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०७२।१२।११ र २०७२।०१।०६ गतेको फैसला मिलेकै देखिँदा सदर हुने र अन्य प्रतिवादीहरू शक्ति कुमार मण्डल र प्रतिवादी मो. मुन्ना मियाँको हकमा वारदातमा निजहरूको भूमिकाको आधारमा मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको सजाय हुने भनी उल्लेख हुनुपर्नेमा ऐ. महलको १३(३) नं. बमोजिम सजाय हुने भनी उल्लेख भएको बेहोरा केही उल्टी भई यी प्रतिवादीहरूलाई ऐ. महलको १३(३) नं. को सट्टा १३(४) नं. बमोजिम जन्म कैदको सजाय हुने ठहऱ्याई मिति २०७३।०८।०८ मा उच्च अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। उक्त मुलुकी ऐन, खारेज भई हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था भएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुर सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाको बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था हुनुको साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा "कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था भएकाले प्रतिवादी वौवा भन्ने जितेन्द्र यादवलाई सर्वस्वको सजाय नहुने हुँदा निजलाई जन्मकैद मात्र सजाय हुने ।

इजलास अधिकृत :- सदन अधिकारी

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल कार्तिक १५ गते रोज ३ शुभम् ।

## ३९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-०२७८,* जालसाजी, *रामनाथ मेहतासमेत वि. सकलीदेवी*

दे.नं.१२८६ को अंशदर्ता दर्ता मुद्दा चल्नुभन्दा पहिले नै कपाली तमसुकको लिखत तयार भएकोले पछि परेको अंशदर्ता मुद्दामा दिएको वारेसनामालाई जालसाज गरी कपाली तमसुक बनाएको भन्न नमिल्ने भनी पुनरावेदक/प्रतिवादीले जिकिर लिएको छ, सो सम्बन्धमा हेर्दा दे.नं. १२८६ को अंशदर्ता मुद्दामा आमा सकलीदेवीको वारेस भई यी पुनरावेदक/ प्रतिवादी महेन्द्र महतो कोइरीले मुद्दाको पुर्पक्ष गरेको भन्ने देखिएको छ । सो मुद्दाको कारबाहीको क्रममा आफूले बारम्बार वारेसनामा दिँदैआएको भनी निज आमा सकलीदेवीले आफ्नो फिरादमा उल्लेख गरेको पाइन्छ । निज आमाको उमेर कपाली तमसुकमा ८५ वर्ष र प्रस्तुत मुद्दाको फिरादमा ८८ वर्ष उल्लेख भई अति वृद्धावस्था रहेको छ भने प्रतिवादी निरन्जन महतो कोइरीले आफू निरक्षर भएकोले वारेसनामा भनी झुक्याई कपाली तमसुकमा साक्षी बनाएको भनी प्रतिउत्तर पेस गरेको देखिन्छ । कपाली तमसुक घरायसी लिखत भएको र त्यस्तो घरायसी लिखतमा जहिलेसुकैको मिति राखी जुनसुकै समयमा तयार गर्न सकिने प्रकृतिको देखिँदा अंशदर्ता मुद्दा दर्ता हुनुभन्दा पहिलेको मिति रहेकै आधारमा अंशदर्ता मुद्दाको लागि वारेसनामा तयार गर्नको लागि भनी झुक्याई वृद्धा अवस्थाको आमालाई ऋणी र निरक्षर भाइलाई अन्तरसाक्षी बनाई यी पुनरावेदक/ प्रतिवादीहरूले आपसी मिलेमतोमा जालसाजी गरी कपाली तमसुक तयार गरेको होइन होला भनी विश्वास गर्न सक्ने स्थिति देखिएन।

प्रतिवादीमध्येका निरन्जन महतो कोइरीले वादी दाबीलाई समर्थन गरी प्रतिउत्तरपत्र दिएको देखिँदा निजलाई जालसाजीमा सजाय गरिपाउँ भन्ने दाबी नपुग्ने र मिति २०५९।१०।१५ मा भएको भनिएको कपाली तमसुकको लिखत जालसाज गरी तयार गरेको ठहऱ्याई प्रतिवादीमध्येका महेन्द्र महतो कोइरी र रामनाथ महतो भन्ने रामनाथ मेहतालाई जनही रु.१५,०००।– जरिवाना हुने ठहऱ्याई पर्सा

जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर :- रेखा भट्टराई

इति संवत् २०७९ साल चैत्र ५ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७३-CI-०४३०, लेनदेन, रामनाथ मेहता वि. सकलीदेवी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-१००९, कर्तव्य ज्यान, नेपाल सरकार वि. कृष्णबहादुर के.सी.*

कसैउपर अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन् । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रतिवादीउपरको अभियोग प्रमाणित गर्ने भार वादीमा रहन्छ । वादीले प्रतिवादीउपरको अभियोग ठोस एवम् वस्तुनिष्ठ तरिकाले पुष्टि गर्नुपर्ने हुन्छ । यसको लागि फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुन्छ । प्रस्तुत मुद्दामा आरोपित कसुरमा प्रतिवादीको संलग्नता रहेको भनी पुष्टि हुने निर्विवाद आधारहरू वादी पक्षबाट पेस हुन सकेको छैन । मृतककी श्रीमती जाहेरवाली स्वयम्ले आफ्नो जाहेरीलाई समर्थन गर्न नसकी निजले मौकामा दिएको जाहेरीलाई खण्डन गर्दै प्रतिकूल बकपत्र गरिदिएको अवस्था पाइन्छ । यस स्थितिमा कृष्णबहादुर के.सी.को कुटपिटबाटै पति राम खत्री (के.सी) को मृत्यु भएको हो भनी आरोपित कसुर अपराधमा निज प्रतिवादी कृष्णबहादुर के.सी.लाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने देखिएन।

प्रतिवादी कृष्णबहादुर के.सी.लाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू रुकुम अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।५।१ फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर :- रेखा भट्टराई

इति संवत् २०७९ साल चैत्र ५ गते रोज १ शुभम् ।

४१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री शारङ्गा सुवेदी**, *०८०-WH-०१९२, बन्दीप्रत्यक्षीकरण, दिनेश बस्नेत वि. उच्च अदालत पाटनसमेत*

निवेदकलाई लागेको अभियोग सम्बन्धमा मुद्दाको सुनुवाइ गरी न्याय निरूपण गर्ने कानूनबमोजिमको अख्तियार प्राप्त सक्षम निकाय (जिल्ला अदालत) बाट निवेदक विरुद्धको अभियोग दाबी तत्काल प्राप्त प्रमाणहरूको विचार मूल्याङ्कन गरी मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने गरी भएको आदेशबमोजिम थुनामा रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन । सुरू अदालतबाट भएको आदेशउपर यिनै निवेदकले पुनरावेदन सुन्ने अदालतसमक्ष निवेदन दिएकोमा पनि प्रचलित कानूनद्वारा निर्दिष्ट गरेबमोजिम सुरू अदालतबाट भएको आदेश मिले नमिलेतर्फ विचार भई सुरू अदालतको आदेश अन्यथा नभएको अवस्थामा निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको भन्न मिल्दैन। कानूनबमोजिम अधिकार प्राप्त अदालतबाट साधारण क्षेत्राधिकारअन्तर्गत आदेशको परीक्षणसमेत भई निरूपण भइसकेको अवस्थामा पुनः सो विषयमा रिट क्षेत्राधिकारबाट मुद्दाको तथ्यमा प्रवेश गरी हस्तक्षेप गर्न मिल्दैन। थुनामा राख्ने कानूनी व्यवस्था नभएको वा अधिकारविहीन अधिकारीद्वारा थुनामा राखिएको वा कानूनमा तोकिएभन्दा बढी अवधि थुनामा राखिएको वा थुनामा राख्दा अनिवार्य अपनाउनुपर्ने प्रक्रिया (DUE PROCESS) पूरा नगरी प्रवृत्त भावनाबाट थुनामा राखिएको अवस्थाहरूमा अदालतले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी

उपचार प्रदान गर्न सक्ने ।

काठमाडौं जिल्ला अदालतबाट कानूनबमोजिम मुद्दा सुनुवाइ गरी पुर्पक्षका लागि यी रिट निवेदकलाई थुनामा राखेको अवस्था देखिँदा र पुनरावेदन सुन्ने उच्च अदालत पाटनबाट समेत सो आदेश परीक्षण भई यी निवेदक मुद्दा पुर्पक्षका लागि थुनामा रहेको देखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत :- गेहेन्द्रराज रेग्मी

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०८० साल पुस २२ गते रोज १ शुभम् ।

**४२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री शारङ्गा सुवेदी,** *०८०-WH-०१८४, बन्दीप्रत्यक्षीकरण, रमेश अधिकारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत*

"कसुरदार हिरासतमा वा थुनामा रहेकोमा त्यस्तो मितिदेखि" भन्ने शब्दावलीभित्र एक वा एकभन्दा बढी मुद्दाको कैद अवधिको गणना गर्ने कुरासमेत पर्ने हुँदा ज्यान मुद्दामा कैद अवधिको गणना गर्दा निवेदक अपहरण मुद्दामा पक्राउ परेको मिति २०७१।०२।२५ बाट नै गर्नुपर्ने हुन आयो। कैद अवधि गणनाको विषयमा उच्च अदालत विराटनगरको मिति २०८०।०६।१८ को आदेश हेर्दा "प्रतिवादीले कर्तव्य ज्यान मुद्दामा तारेखमा छुटेपश्चात् तारेख गुजारी अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुर गरी मुद्दा दर्ता भई सजाय ठहर भएको र उक्त अपहरण तथा शरीर बन्धक मुद्दामा अर्कै जिल्ला अदालत अर्थात् काठमाडौं जिल्ला अदालतबाट भएको थुनछेक आदेश अनुसार थुनामा रहेकोमा मिति २०७६।१०।१० मा मात्र सो तथ्यको जानकारी अदालतलाई गराई कर्तव्य ज्यान मुद्दाबापतको थुनामा जोडिन आएको हुँदा सोही मितिदेखि मात्र कर्तव्य ज्यान मुद्दामा निजको कैदको अवधि असुल हुने भएकोले सोहीबमोजिम मात्र कैद हद हुने देखियो" भन्ने उल्लेख भएको देखियो। अर्को मुद्दामा कैद भएको कुराको जानकारी मिति २०७६।१०।१० मा भएकोले सोही मितिबाट कैद कट्टा हुने भन्ने कुराको कानूनी आधार देखिँदैन । अदालतबाट हिरासतमा राखिएको वा कैद ठेकिएको व्यक्ति कहिलेबाट हिरासत वा कैदमा छ भन्ने जानकारी राख्ने जिम्मेदारी अदालतकै हो । अदालतले जुन मितिमा जानकारी पायो सो मितिबाट नभई जुन मितिबाट व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा अङ्कुस लाग्न पुग्यो सोही मितिबाट कैदको गणना गर्नुपर्छ । अन्यथा थुना वा कैदको अवधि गणना गर्ने कुरा कानूनको मातहत नरही नोकरशाहीको स्वेच्छामा निर्भर रहन पुग्छ । त्यसैले कानूनको दृष्टिमा सो आदेश मिलेको नदेखिने । यस अदालतमा चलेको कर्तव्य ज्यान मुद्दामा मिति २०६५।०९।२९ का आदेशानुसार निवेदक प्रतिवादी पुर्पक्षका लागि तारिखमा रहेकोमा निजले यस अदालतको तारिख गुजारी गैरहाजिर रहेको अवस्थामा निज प्रतिवादीले उक्त अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुर घटाई मुद्दा परी सजाय ठहर भएको देखिएको हुँदा निज निवेदकलाई यस अदालतबाट उक्त कर्तव्य ज्यान मुद्दामा ठेकिएको कैदी पुर्जी मिलेकै देखिएकोले निवेदन मागबमोजिम कैद हद गर्न मिलेन" भनी गरेको आदेशको विषयमा कुनै कुरा उल्लेख गरेको देखिएन । यहाँ यी रिट निवेदकले धरौट तारेखमा रही सो तारेख पनि गुजारी बसेको अवस्थामा अपहरण र शरीर बन्धकको कसुर गरी उक्त कसुरमा मिति २०७१।०२।२५ मा पक्राउ परेको देखिन्छ । सो समयमा निजलाई ज्यान मुद्दामा सुरू सुनसरी जिल्ला अदालत र पुनरावेदन अदालत विराटनगरसमेतबाट मुलुकी ऐन ज्यानसम्बन्धीको १३ (१) को कसुर कायम भई सजाय भइसकेको अवस्था देखिन्छ । यस्तो अवस्थाको व्यक्तिलाई सजाय के कति गर्न सकिने हो भन्ने विषयमा दुवै कसुर साबिक मुलुकी ऐन बहाल रहँदाको अवस्थाको कसुर हुँदा र ज्यान

मुद्दामा सर्वोच्च अदालतबाट अ.वं. १८८ को प्रयोग हुँदासमेत ज्यानसम्बन्धीको १३(१) को कसुरको विषयमा तल्लो अदालतको फैसला सदर गरेकोबाट उक्त कसुरमा सजाय भएपश्चात् अपहरण तथा शरीर बन्धकको कसुरमा भएको सजायलाई जोड्ने वा गाभ्ने विषयमा मुलुकी ऐन दण्ड सजायको ८ नं. समेतको रोहमा हेर्नुपर्ने हुन्छ । उक्त नं.मा जन्मकैदको सजाय पाएको व्यक्तिले धरौट जमानत तरेखमा रहेको वा फरार रहेको अवस्थामा "घटी सजाय हुने खत गरेकोमा खत अनुसार बढीमा चार वर्षसम्म थपी कैद गर्नुपर्छ" भन्ने उल्लेख भएबाट अपहरण र शरीर बन्धकमा के कति कैद थप्ने भन्ने कुरा उक्त अदालतले कैद ठेक्दा निर्णय गर्नुपर्ने देखिन्छ । सुनसरी जिल्ला अदालतको मिति २०८०।०२।१२ को र उच्च अदालत विराटनगरको मिति २०८०।०६।१८ को आदेशमा यो पक्षबाट हेरी आदेश गरेको र कैदी पुर्जी जारी गरिएको अवस्था नदेखिँदा अपहरण र शरीर बन्धकमा भएको सजायमध्ये के कति सजाय थपी कैदी पुर्जी दिने हो भन्ने विषयमा आदेश गर्नुपर्ने अवस्था देखियो । तसर्थ निवेदकले कैद हद गरिपाउँ भनी दिएको निवेदनमा दुवै अदालतबाट भएका आदेशहरू त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, यस विषयमा समेत हेरी पुनः कैदी पुर्जी जारी गर्नु भनी विपक्षी सुनसरी जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

निवेदकको जिकिर २०७१।०२।२५ देखि कैदमा रहेको र ५० प्रतिशत कैद भुक्तान भइसकेको हुँदा कैद कट्टाको लागि सिफारिस गर्नु भनी विपक्षीहरू कारागार कार्यालय डिल्लीबजार, जिल्ला प्रशासन कार्यालय, काठमाडौं, कारागार व्यवस्थापन विभाग एवं गृह मन्त्रालयका नाउँमा समेत परमादेशको आदेश जारी गरिपाउँ भन्ने रहेको देखिन्छ । कैदमा रहेका कैदीको कैद कट्टा गर्नेसम्बन्धी कार्यविधि कारागार नियमावली, २०२० को नियम २९ मा उल्लेख भएको देखिन्छ । नियम २९ को व्यवस्थाअनुसार कैद छुट पाउनको लागि कारागारभित्र बफादारीसाथ काम गर्ने चौकीदार, नाइके, सहनाइके, शिक्षक तथा कामदारलाई जेलरको प्रतिवेदनबमोजिम, दुबै आँखा नदेख्ने, दुवै खुट्टा नचल्ने, अङभङ भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेकोलाई चिकित्सकको सिफारिसबमोजिम राय लेखी जेलरले प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गर्नुपर्ने र जेलरले पेस गरेको रायमाथि विचार गरी उपर्युक्त देखेमा प्रमुख जिल्ला अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाई सोको जानकारी गृह मन्त्रालयमा पठाउनुपर्ने साथै कारागार व्यवस्थापन विभागले समेत राय लेखी गृह मन्त्रालयमा पठाउनुपर्ने र गृह मन्त्रालयले उपर्युक्त देखेमा कैदको सजाय छोट्याउने निर्णय गर्ने भन्ने प्रक्रियागत व्यवस्था रहेकोमा तत्तत् निकायबाट तहगत रूपमा निर्णय हुँदै कैद कट्टाको सिफारिस एवं निर्णय हुने ।

कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१) र (२) को व्यवस्था कैदी बन्दीको चालचलन सुधार लक्षित कानूनी व्यवस्था हो । उक्त व्यवस्थाको कार्यान्वयनबाट कैदीहरूमा आफ्नो आचरणमा सुधार ल्याउन उत्प्रेरित गर्दछ । आफ्नो चालचलन आचरण सुधार गरेका कैदीलाई कानूनबमोजिमको सुविधा दिनु नै पर्ने हुन्छ । दण्डको उद्देश्य मूलत: पीडितलाई न्याय र समाजलाई सुरक्षाको अनुभूति दिलाउने, अपराधको पुनरावृत्ति हुन नदिने, अपराधीमा देखिएको समस्या पहिचान गरी त्यसको यथोचित उपचार गरेर सामाजिक पुनर्स्थापना गराउने हो । तथापि कानूनमा भएको उपर्युक्त व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने निकाय कारागार कार्यालय, प्रमुख जिल्ला अधिकारी, कारागार व्यवस्थापन विभाग गृह मन्त्रालय रहेको र अदालतलाई कैदी बन्दीको चालचलनमा भएको सुधार उसले व्यतीत गरेको सजायको अवधिलगायतका विषयमा जानकारीमा नआउने अवस्था हुँदा कानूनले नै कैदी

बन्दीको कैद कट्टीको सिफारिस गर्दा अपनाउनुपर्ने कार्यविधिसमेतको व्यवस्था गरेको एवं उक्त व्यवस्था बाध्यात्मक नभएको अवस्थामा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरी कैद कट्टाको सिफारिस गर्नु भन्न मिल्ने नदेखिने ।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन कसैलाई गैरकानूनी रूपमा थुनामा राखेको वा कानूनद्वारा निर्दिष्ट गरिएको कार्यविधि नपुऱ्याई थुनामा पठाएको लगायतको अवस्था विद्यमान हुनुपर्दछ । असाधारण क्षेत्राधिकारको आदेश अदालतको साधारण क्षेत्राधिकारको विकल्पको रूपमा एवं पुनरावेदकीय तहको रूपमा हेर्न र प्रयोग गर्न मिल्दैन । सक्षम न्यायिक निकायबाट सबुद प्रमाण बुझी तह तह फैसला भई अन्तिम फैसलाबमोजिम लागेको कैद सजायबापत निवेदकलाई थुनामा राख्न पठाएको देखिँदा त्यस्तो कार्यलाई गैरकानूनी भनी परिभाषित गर्न मिल्दैन । निवेदकलाई कर्तव्य ज्यान मुद्दाको फैसलाबमोजिम १५ वर्ष कैद सजाय भएकोमा यी निवेदक मिति २०७१।०२।२५ देखि थुनामा रहेको र प्रस्तुत निवेदन दर्ता हुँदाका अवस्थामा ९ वर्ष कैद सजाय मात्र भुक्तान भएको अवस्था हुँदा गैरन्यायिक थुनामा रहेको भन्ने पनि देखिएन । साथै तत्कालै थुना मुक्त नगरेमा फैसलाले ठहरेको कैद सजायभन्दा बढी समय कैदमा रहनुपर्ने अवस्था रहेको भन्ने पनि नहुँदा, निवेदक मामा तथा देउती भन्ने रमेश अधिकारीको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेतर्फ प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - हरिकृष्ण तिमिल्सेना

इति संवत् २०८० साल पौष १६ गते रोज २ शुभम् ।

**४३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री शारङ्गा सुवेदी**, *०८०-WO-००१२, उत्प्रेषणसमेत, आमोदकुमार पौड्याल वि. त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्, कीर्तिपुर, काठमाडौंसमेत*

त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयबाट जनस्वास्थ्य केन्द्रीय विभागमा नियुक्त डा. विष्णुप्रसाद चौलागाईँ वरिष्ठ प्राध्यापक नभई सहप्राध्यापक मात्र रहेको भन्ने मिसिल सामेल रहेको निजको नियुक्तिपत्रसमेतबाट देखिन आउँछ । प्रकरण नं. १९ मा उल्लिखित विनियमको व्यवस्थाको ३(क) र (ख) बमोजिमको आधारमा हेर्दा यी निवेदक आमोदकुमार पौडेल वरिष्ठतम प्राध्यापक रहेको देखिन्छ । निजले निमित्त भएर मिति २०७५।११।२१ देखि तीन महिनाको लागि जिम्मेवारी पूरा गरेको एवं मिति २०७६।०३।२३ देखि २०८०।०३।२२ सम्म जनस्वास्थ्य केन्द्रीय विभागको विभागीय प्रमुखको रूपमा कार्य गरेकोलाई विनियम ४(ख) को व्यवस्था अनुसार दुई कार्यकाल पूरा गरेको भनी मान्न मिल्ने देखिँदैन । यस अवस्थामा निवेदकले एक कार्यकाल मात्र पूरा गरेको एवं सेवा अवधि बाँकी रहेको देखिन्छ । साथै निजले पुनः विभाग प्रमुख बन्ने इच्छा राखेको एवं निज यो कारणले विभागीय प्रमुख पदमा नियुक्ति दिन अनुपयुक्त हुने भन्ने विपक्षीतर्फबाट स्पष्ट जवाफसमेत पेस हुन आएको देखिँदैन । त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १६ (२) मा शिक्षाध्यक्षले कम्तीमा ३ जना शिक्षकहरूको नाम पेस गर्नुपर्ने र सोही ३ जना शिक्षकमध्ये ज्येष्ठताको आधारमा कार्यकारी परिषद्ले १ जना शिक्षकलाई केन्द्री विभागको प्रमुखमा नियुक्ति गर्ने व्यवस्था गरेको देखिन्छ । तर शिक्षाध्यक्षले नियुक्तिको लागि सिफारिस गर्दा वरिष्ठतम प्राध्यापकलाई सिफारिस गरेको नदेखिएको यस अवस्थामा निवेदन मागबमोजिम त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान डिनको कार्यालयबाट मिति २०८०।०३।२१ मा जनस्वास्थ्य केन्द्रीय विभागको विभागीय प्रमुख पदमा नियुक्तिको लागि गरिएको सिफारिस, त्रि. वि. सभा तथा कार्यकारी परिषद्को सचिवालयको मिति २०८०।०३।२७ को निर्णय तथा त्रि.वि.

उपकुलपतिको कार्यालयबाट मिति २०८०।०३।२७ मा विपक्षीमध्येका डा. विष्णुप्रसाद चौलागाईँलाई विभागीय प्रमुखमा गरिएको नियुक्तिलगायतका कामकारबाहीहरू त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम १६(३) एवं केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुखसम्बन्धी विनियम, २०७८ को विनियम ३ बमोजिम भए गरेको भन्न मिल्ने नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुनुपर्ने अवस्था देखिन आयो । यस स्थितिमा त्रिभुवन विश्वविद्यालय जनस्वास्थ्य केन्द्रीय विभागको विभागीय प्रमुख पद रिक्त रहनु विश्वविद्यालयको हितमा नहुने हुँदा त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुखसम्बन्धी विनियम, २०७८ बमोजिम पुनः नियुक्ति गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुनुपर्ने देखिने ।

अतः त्रिभुवन विश्वविद्यालय जनस्वास्थ्य केन्द्रीय विभागको विभागीय प्रमुखको नियुक्ति सम्बन्धमा भए गरेका सिफारिस, पत्राचार एवं नियुक्तिलगायतका कामकारबाहीहरू त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुखसम्बन्धी विनियम, २०७८ को विनियम ३(क)(ख)(ग)(घ) समेतको विपरीत देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । विपक्षीमध्येका डा. विष्णुप्रसाद चौलागाईँको नियुक्ति उत्प्रेषणको आदेशले बदर भएकोले पद रिक्त राख्न नमिल्ने हुँदा त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम एवं केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुखसम्बन्धी विनियम, २०७८ ले निर्दिष्ट गरेबमोजिम जनस्वास्थ्य केन्द्रीय विभागको विभागीय प्रमुख पदमा नियुक्ति गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत :- हरिकृष्ण तिमल्सेना

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०८० साल पुस १६ गते रोज २ शुभम् ।

४४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री शारङ्गा सुवेदी**, *०८०-WH-०२१५, बन्दीप्रत्यक्षीकरण, राममान श्रेष्ठ वि. राधिका शाहीसमेत*

निवेदक विरुद्ध दायर भएको जाहेरी दरखास्तमा निजको सम्पर्क मो.नं.९८४७३४८६५४ र ९८५१०८२१९४ भनी उल्लेख भएको र निवेदकले अभियोग दाबीको खाता खोल्दाको अवस्थामा नेपाल बैंक लि. मा व्यक्तिगत ग्राहक पहिचान विवरणमा निजको सम्पर्क नं. ९८५१०८२१९४ भनी उल्लेख गरेको देखिन आएको छ । अभियोग पत्र पेस हुँदा सम्पर्क नं.९८५१०८२२९४ भनी उल्लेख भई फरक परेको अवस्था देखिन्छ । निवेदकका नाउँमा अदालतबाट अभियोगपत्रमा उल्लिखित वतनमा जारी भएको समाह्वान म्याद बेपत्ते तामेल भएको देखिन्छ । म्याद जारी गर्दा तथा पत्रिकामा म्याद प्रकाशन गर्दा निज हाल बसोबास भएको वतनमा म्याद जारी नभई अभियोगपत्रमा उल्लिखित वतनमा नै जारी भएको तथा अभियोग पत्रमा सम्पर्क नं समेत फरक उल्लेख भई निवेदकसँग सम्पर्क हुन नसकेको अवस्था देखिने ।

निवेदक राममान श्रेष्ठले आफू विरुद्ध परेको मुद्दाको जानकारी, म्याद सूचना उचित र उपर्युक्त तवरले रीतपूर्वक प्राप्त गरी सोलाई बेवास्ता गरी बसेको भन्न मिल्ने देखिएन । नेपालको संविधानको धारा २०(८) मा प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुने छ भनी न्यायसम्बन्धी मौलिक हकको व्यवस्था गरिएको पाइन्छ । सोही धारा २०(९) मा प्रत्येक व्यक्तिलाई स्वतन्त्र निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने व्यवस्था गरिएको पाइन्छ । संविधानद्वारा प्रदत्त मौलिक हकको प्रत्याभूति दिनु न्यायपालिकाको कर्तव्य हुन्छ । उच्च अदालत, पाटनबाट यी निवेदकको नाममा तामेल भएको म्यादबाट यी निवेदकले रीतपूर्वक सुनुवाइको

मौका पाएको भन्न मिल्ने अवस्था देखिन आएन । निवेदकका विरुद्ध बैंकिङ कसुर मुद्दा परी फैसला हुँदा निवेदकले रीपूर्वक जानकारी नपाएको कारण सुनुवाइको मौका प्राप्त नगरेको हुँदा स्वच्छ सुनुवाइ भएको मान्न मिलेन । तसर्थ त्यस्तो फैसला उत्प्रेषणको आदेशद्वारा निवेदकलाई बदर गरी निवेदकलाई सुनुवाइको मौका दिनु न्यायोचित हुने देखिने ।

बन्दीलाई कानूनविपरीत थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो । बन्दीप्रत्यक्षीकरणको निवेदनबाट थुनामा परेको व्यक्तिको थुनाको वैधतासम्म परीक्षण हुने हो । प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा, निवेदक विरुद्धको बैंकिङ कसुर मुद्दाको फैसला स्वच्छ सुनुवाइको सिद्धान्त प्रतिकूल हुन गएको भए पनि निवेदकउपर बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा दफा १५(१) बमोजिम सजायसमेतको मागदाबी लिई उच्च अदालत पाटनमा अभियोगपत्र पेस भई निवेदक विरुद्धको अभियोग कायम रहेको अवस्था हुँदा सो अभियोग दाबी सम्बन्धमा यी निवेदकलाई सुनुवाइको मौका दिई पुनः निर्णय हुनुपर्ने देखिन आयो । तसर्थ सोतर्फको कार्यविधि पूरा गरी मुद्दा हेर्ने अदालतबाट कानूनबमोजिम मुद्दा पुर्पक्ष सम्बन्धमा आदेशसमेत भई न्याय निरूपण हुनुपर्ने हुँदा अहिले नै निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको भन्न मिलेन । तसर्थ निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुना मुक्त गर्न नमिल्ने ।

अतः निवेदकले आफू विरुद्ध परेको मुद्दाको रीतपूर्वक जानकारी नपाई आफू विरुद्धको अभियोग सम्बन्धमा प्रतिवाद गर्न नपाएको र निजलाई बैंकिङ कसुरमा कसुरदार ठहऱ्याई फैसला भएको देखिन आई प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुने गरी उच्च अदालत, पाटनबाट निवेदक विरुद्धको ०७६-CB-३४५३ को बैंकिङ कसुर मुद्दामा मिति २०७९।५।१७ मा फैसला भएको देखिँदा अभियोगपत्र दर्ता भएपछिका कारबाही र फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकका नाउँमा रीतपूर्वक समाह्वान म्याद जारी गरी निज थुनामा रहेको, कारागारमार्फत् निजलाई हातैमा बुझाई तत्काल बैंकिङ कसुर मुद्दा हेर्ने क्षेत्राधिकार भएको सम्बन्धित काठमाडौं जिल्ला अदालतमा बयानका लागि उपस्थित गराई नियम अनुसार पुनः मुद्दा कारबाही किनारा गर्नु भनी प्रत्यर्थी उच्च अदालत पाटन र काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : परीक्षा ढकाल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल माघ २१ गते रोज १ शुभम् ।

## ४५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री शारङ्गा सुवेदी**, *०७६-WO-०२९५, उत्प्रेषण, रामचन्द्र जोशी वि. श्रम अदालत, काठमाडौंसमेत*

निवेदक संस्थाले प्रत्यर्थी रामप्रसाद ओलीलाई सेवाबाट हटाउने गरी मिति २०७५।२।९ मा निर्णय गर्दा विनियम ४५(घ) को अवस्था पुष्टि हुने आधार कारण खुलाइएको देखिँदैन । सोबमोजिम निजलाई स्पष्टीकरण सोधिएको भन्ने अवस्था पनि देखिँदैन । तसर्थ निज रामप्रसाद ओलीलाई संस्थाको विनियमावली, २०६२ को विनियम ४५(घ) बमोजिम सेवाबाट हटाउने गरी मिति २०७५।२।९ मा भएको निर्णय उल्टी गरी सोही विनियम ४५(ख) बमोजिम तलब वृद्धि रोक्का हुने ठहऱ्याई श्रम अदालत काठमाडौंबाट मिति २०७६।२।१५ मा भएको फैसला विधिसम्मत नै देखिन आयो । कानूनबमोजिमको अख्तियार प्राप्त निकाय श्रम अदालतबाट श्रम ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम पुनरावेदन सुनी सो फैसला गरेको देखिन आएको, सो फैसलाउपर कानूनबमोजिम पुनरावेदन नलाग्ने भई अन्तिम भएको देखिँदा साधारण क्षेत्राधिकारअन्तर्गत अन्तिम भइसकेको विवादको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गरी अन्यथा गर्न मिल्ने

हुँदैन। उपर्युक्त विवेचित आधार, कारणहरूबाट निवेदन मागबमोजिम उत्प्रेषण परमादेशसमेतको आदेश जारी गरिरहनुपर्ने अवस्था विद्यमान रहेको नदेखिने।

निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी श्रम अदालत काठमाडौंबाट मिति २०७६।२।१५ मा भएको फैसला बदर गरिरहनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल माघ १७ गते रोज ४ शुभम्।

**४६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०७९-WO-१५२४, उत्प्रेषणसमेत, किशोर न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७९।०६।०५ मा प.सं. ०७९/८०, च.नं. २५१ र २५२ बाट क्रमशः इ.श्री सुबोध शर्मा (स्थायी ठेगाना बर्दिया) र इ.श्री उमेशप्रसाद चौधरी (स्थायी ठेगाना रौतहट) गरी २ जना पुरूष विपक्षीलाई तथा मिति २०८०।०३।१७ मा प.सं. ०७९/८०, च.नं. क्रमशः २२६, २२७, २२८, २२९ बाट इ.श्री सुबोधराज सत्याल (स्थायी ठेगाना वीरगन्ज), इ.श्री कृष्ण जि.सि.(**स्थायी ठेगाना बालुङ**), इ.श्री विरोध रिजाल (स्थायी ठेगाना प्युठान) र इ.श्री अंगलाल रोकाया(स्थायी ठेगाना हुम्ला) गरी ४ जना पुरुष गरी ६ जनालाई मनोनयन गरिएको एक जना मात्र मनोनयन गर्न बाँकी रहेको अवस्था मिसिल संलग्न मनोनयन पत्रको प्रतिलिपि तथा लिखित जवाफ बेहोराबाट देखिन आयो । त्यसै गरी लिखित जवाफ बेहोराबाट पनि नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ५(१)(ग) बमोजिम प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी ७ जना सदस्य मनोनयन गरिएको, सोमध्ये तीन जना महिला रहेको भनी मनोनयन विधिसम्मत रहेको तथ्य पुष्टि गर्न सकेको पाइएन । ६ जना पुरुष सदस्य मनोनयन गरिँदा एकै प्रदेशका दुई जनासमेत पर्ने गरी मनोनयन भएको देखिन आएकोले संविधान र कानूनको मर्म र भावना मुताबिक मनोनयन भएको भन्न नमिल्ने ।

नेपालको संविधानको धारा ४२(१) र नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ५(१)(ग)को प्रतिकूल हुने गरी नेपाल इन्जिनियरिङ परिषद् सदस्यको मनोनयन भए गरेको देखिँदा विधिसम्मत मान्न मिलेन तसर्थ निवेदन मागबमोजिम उक्त निर्णय, सोबमोजिम भए गरेको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने देखिन आयो । तसर्थ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७९।०६।०५ र २०८०।०३।१७ को निर्णय र उक्त निर्णयका आधारमा मिति २०७९।०६।०५, च.नं २५१, २५२ र मिति २०८०।०३।१७, च.नं.२२६, २२७, २२८, २२९, को मनोनयन गरिएको पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब संविधानको मर्म र भावनालाई आत्मसात गरी नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ को दफा ५(१)(ग) ले निर्दिष्ट गरेबमोजिमका सदस्यहरू मनोनयन गर्नु भनी परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत - हरिकृष्ण तिमिल्सेना/ बसन्तीकुमारी जोशी

इति संवत् २०८० साल पौष १६ गते रोज २ शुभम्।

४७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टेकप्रसाद ढुङ्गाना**, *०६९-CI-०७११, उत्प्रेषणयुक्त परमादेश/ प्रतिषेध, सुजन कुमार झा वि. ग्लोबल बैंक लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौंसमेत*

ऋणीको स्थायी ठेगाना विराटनगर रही निजले विराटनगरमा रहेका जग्गाहरू धितोमा राखी

ग्लोबल आई.एम.ई बैंकको विराटनगर शाखाबाट ऋण लिएको देखिन्छ । कर्जा प्रवाह गर्ने, ऋण तिर्नलाई ताकेता गर्ने, धितो मूल्याङ्कन गर्ने र लिलाम प्रक्रिया तथा दाखिल खारेज नामसारीको पत्राचारसमेत बैंकको विराटनगर शाखाबाट भएको देखिन्छ। लिलाम गरिएका जग्गाहरूको दाखिल खारेज नामसारी गर्ने प्रक्रियामा समेत विराटनगर शाखाको संलग्नता रहेको देखिन्छ । यस्तो अवस्थामा यो पुनरावेदन अदालतको प्रादेशिक अधिकारक्षेत्रभित्र पर्ने विषय देखिँदा निवेदकहरूले तत्कालीन पुनरावेदन अदालत विराटनगरमा रिट निवेदन दायर गरेबाट निवेदकहरू क्षेत्राधिकार नभएको अदालतमा प्रवेश गरेको भनी मान्न मिल्ने देखिएन । ग्लोबल बैंक लि. केन्द्रीय कार्यालय विराटनगरमा अवस्थित नरहेको आधारमा मात्र प्रस्तुत निवेदन आफ्नो क्षेत्राधिकारभित्र नरहेको भनी रिट खारेज गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको नदेखिने।

रिट खारेज गर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालत विराटनगरको फैसला मिलेको नदेखिँदा उल्टी हुने र मिति २०६८।९।२६ मा भएको लिलामी निर्णय र सो लिलामीपश्चात् भएका दाखिल खारेज नामसारीलगायतका काम कारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। ऋणको हकमा कानूनबमोजिम गर्नु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : परीक्षा ढकाल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०८० साल चैत्र १३ गते रोज ३ शुभम् ।

- यसै लगाउको *०७८-CI-०५७१, लिलामी निर्णय दर्ता बदर दाखिल खारेज नामसारी, कुशेश्वर झासमेत वि. रत्नराज्य बज्राचार्यसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं.९

४८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-WH-०२३०, बन्दीप्रत्यक्षीकरण, मोनिका तामाङ वि. उच्च अदालत, पाटन, ललितपुरसमेत*

रिट निवेदक केन्द्रीय कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेको अवस्था रहँदा निजको वास्तविक म्याद तामेल गर्ने वतन सोही केन्द्रीय कारागार कार्यालय रहेको देखिन्छ । यसरी निवेदक रहेको कारागार कार्यालयभन्दा अन्यत्र म्याद जारी गरी बेपत्ते तामेल भएको म्यादलाई रीतपूर्वक मानी उच्च अदालत पाटनबाट मिति २०७९।०७।०४ मा फैसला भएको देखिँदा रिट निवेदकलाई सुनुवाइको उचित मौका प्रदान गरिएको भन्न नमिल्ने।

निवेदकको नाममा जारी गरी तामेल गरिएको म्याद र सोही तामेली म्यादका आधारमा निवेदकउपर चलेको ०७८-CB-०४५८ को बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट मिति २०७९।०७।०४ मा भएको फैसला कानूनप्रतिकूल रहेको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब यी निवेदक मोनिका तामाङलाई संवैधानिक तथा कानूनले नै सुनिश्चित गरेको प्रक्रियाबमोजिम म्याद जारी गरी तामेल भएको नदेखिएको र निजले आफूलाई लागेको आरोपको प्रतिवाद गर्ने मौकासमेत नपाएको हुँदा अब निजका नामको म्याद पुनः जारी गरी निज रहेको कारागारमा बुझाई/तामेल गरी निवेदकलाई कारागारबाट अदालतमा उपस्थित गराई बयान, थुनछेक तथा प्रमाण बुझ्नेलगायतका मुद्दाको कारबाही, सुनुवाइसमेतको कार्य सम्पन्न गरी पुनः कानूनबमोजिम फैसला गर्नु भनी उच्च अदालत पाटन, वाणिज्य इजलासको नाममा

परमादेशको आदेश जारी ।

निवेदक मोनिका तामाङ विरुद्ध उच्च अदालत, पाटनमा चलेको बैंकिङ कसुर मुद्दामा भएको फैसला उत्प्रेषणको आदेशले बदर हुने ठहरे पनि सो मुद्दामा यी निवेदकउपर अभियोगपत्र दायर भई मुद्दा चलिसकेको अवस्थामा अन्य तथ्यगत एवं कानूनी प्रश्नहरूको निरूपण सोही मुद्दाको सुनुवाइको रोहमा निरूपण हुने नै हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : निराजन शर्मा

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल जेठ १६ गते रोज ३ शुभम् ।

**४९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CI-०६०४, ०७५-CI-०६०५, अंश, हर्कबहादुर गुरुङ वि. बलबहादुर गुरुङसमेत, खड्गबहादुर गुरुङसमेत वि. हर्कबहादुर गुरुङसमेत*

पुनरावेदक एवं प्रत्यर्थीहरूका आमा ज्ञानसुवाको नाममा सो बैंकमा रहेको खाताको विवरण सम्बन्धमा बैंकबाट प्राप्त पत्र अध्ययन गरी हेर्दा ज्ञानसुवा गुरुङको नाममा गन्डकी विकास बैंकमा तीन वटा खाता रहेको देखिन्छ । ज्ञानसुवा गुरुङको नाममा कायम रहेको मिति २०६४।११।२७ मा खोलिएको साबिक खाता नं. १६००१९१ हाल कायम खाता ००१००००५०१८ मा रु. १,८०,०००।- मिति २०६६।०५।०५ मा खोलिएको साबिक खाता नं. १८००१६४ हाल कायम खाता नं. ००१००००२८५१६ मा रु. १,९०,०००।- र मिति २०६८।०७।१४ मा खोलिएको खाता नं. ००१००००१५२१६ मा रु. ३,४०,०००।- मौज्दात रहेको देखिन्छ । पुनरावेदक वादीले फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिपाउन माग दाबी गरी मिति २०६६।०७।१६ मा दर्ता गरेको फिराद दाबीबमोजिम मानो छुट्टिएको मिति कायम गरी सुरू अदालतबाट मिति २०६६।१२।२५ मा तायदाती फाँटवारी माग गरेको देखिन्छ । यी मौज्दात रकमहरू रहेकोमध्ये मानो छुट्टिएको मिति २०६६।०७।१५ गतेअगाडि आमा ज्ञानसुवा गुरुङको नाममा खोलिएको बैंक खाताहरूमा मौज्दात रहेको देखिएको र मानो छुट्टिनुभन्दा अघि मौज्दात रहेको रकम सगोलमा रहँदाकै अवस्था जम्मा गरेको देखिन आएको साथै उक्त मौज्दात रकमहरू निजी आर्जनको भई बन्डा नलाग्ने भनी प्रतिवादीले वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको देखिन नआएकोले प्रमाण ऐन, २०३१ को दफा ६क. बमोजिम मानो छुट्टिनुभन्दा अघि सगोलमा नै रहेको अवस्थामा बैंक खाताहरूमा रहेको मौज्दात रकम बन्डा लाग्ने नै देखिन आएकोले बन्डा लाग्ने होइन भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

विवादित कि.नं. १४० को जग्गा पुनरावेदक/वादी हर्कबहादुर गुरुङको जेठी श्रीमती, सन्तोष गुरुङको आमा तारादेवी गुरुङले कुन्तीदेवी गुरुङबाट मिति २०३६।१२।४ मा र.नं. ३२०८ मार्फत मालपोत कार्यालय, कास्कीबाट राजीनामाको लिखतबाट प्राप्त गरेको देखिन्छ । साबिक जग्गाधनी तारादेवी गुरुङले प्राप्त गरेको सो कित्ता नं. १४० को हकको स्रोतको रूपमा रहेको कित्ता नं. ७०४ को राजीनामा लिखतमा लिनेको तीनपुस्ते महलको वर्ष, नाम, थर खण्डमा वर्ष २५ की तारादेवी गुरुङ, वतन खण्डमा घाचोक गा.वि.स. वडा नं. ८ बाबु/पति खण्डमा पसबहादुरको छोरी र बाजे/ससुरा खण्डमा यामुको नातिनी भन्ने बेहोरा उल्लेख भएको देखियो । सो कित्ता नं. ७०४ को जग्गा कुन्तीदेवीसँग सकार छोडपत्र गरेको मिति २०३९।११।२० को लिखतमा तारादेवीको तीनपुस्ते र वतन हर्कबहादुर गुरुङको श्रीमती माछापुच्छ्रे गा.वि.स. वडा नं. ७ लेखिएको देखिने ।

हर्कबहादुर गुरुङको निवेदन मागबमोजिम सार्दीखोला गाउँ विकास समितिको कार्यालयको

च.नं. २४७ मिति २०६७।१२।७ को सिफारिस पत्रबाट हर्कबहादुर गुरुङ र तारादेवी गुरुङको बिचमा मिति २०३७।८।१३ मा विवाह भएको प्रमाणित गरिन्छ । सोको रेकर्ड २०५९ वैशाखमा गा.वि.स.को कार्यालय भवन आगलागी भई नष्ट हुन गएको भन्ने उल्लेख गरेको देखिन्छ । बलबहादुर गुरुङको निवेदन मागबमोजिम हर्कबहादुर गुरुङ र तारादेवी गुरुङबिच भएको विवाह मितिकै सम्बन्धमा सोही सार्दीखोला गाउँ विकास समितिको कार्यालयको च.नं. २१४ मिति २०६८।०८।१४ को सिफारिस पत्रबाट हर्कबहादुर गुरुङ र तारादेवी गुरुङकोबिचमा मिति २०३७।०८।१३ मा विवाह भएको भनी यस कार्यालयबाट प्रमाणित गरिएकोमा उक्त मिति निजहरूले गलत उल्लेख गरेको हुँदा सो वास्तविक विवाह मिति नभएको बुझिएको हुँदा सोहीबमोजिम उक्त मिति गल्ती उल्लेख भएको भन्ने उल्लेख भएको देखिन्छ । हर्कबहादुर गुरुङ र तारादेवीबिच विवाह भएको मिति सम्बन्धमा अघिबाट सिफारिस जारी गर्ने निकाय सार्दीखोला गाउँ विकास समितिको कार्यालयले सो विवाह मिति गलत भएको बुझिएको भनी फरक बेहोरा उल्लेख गर्दै पुन: सिफारिस जारी गर्नुपर्ने आधार खुलेको देखिँदैन । विवाह मिति गलत हो भनी के कहाँ बुझिएको हो वा अन्य कुनै सर्जमिनलगायतका कार्यहरूबाट सो कुरा पुष्टि भएको हो भनी खुलाउनसमेत सकेको देखिँदैन । यस स्थितिमा एउटै आधिकारिक सरकारी निकायबाट जारी भएको फरक फरक बेहोराको सिफारिसपत्र देखिएकोमा अघिबाट जारी भएको सिफारिसपत्रलाई अन्यथा प्रामाणित नभएको अवस्थामा त्यस्तो सिफारिसपत्रलाई आधिकारिक, तथ्ययुक्त एवं प्रमाणिक प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नै देखिन आयो । त्यसकारण सार्दीखोला गाउँ विकास समितिको कार्यालयको मिति २०६७।१२।०७ को सिफारिस पत्रसमेतबाट हालको कित्ता नं. १४० को जग्गा हर्कबहादुर गुरुङसँग विवाह हुनुअगावै तारादेवी गुरुङले राजीनामाको माध्यमबाट प्राप्त गरेको भन्ने तथ्य पुष्टि हुने ।

कित्ता नं. १४० को स्रोतको रूपमा रहेको साबिक कित्ता नं. १४४८, १४५० र १४५३ को जग्गामा घर निर्माण गर्नको लागि तत्कालीन पोखरा नगर पञ्चायत कार्यालयबाट तारादेवी गुरुङसमेतको नाममा भवन निर्माण गर्ने स्वीकृति प्रदान भएको मिति २०४२।१२।०३ को भवन निर्माण गर्ने स्वीकृति पत्रबाट देखिन्छ । भवन निर्माण स्वीकृति प्रदान भएको केही समयपछि तारादेवीको निधन भई निजको छोरा सन्तोष गुरुङको नाममा नामसारी हुँदाका बखत सो जग्गामा घर निर्माण भइसकेको भन्ने मालपोत कार्यालयको निर्णयसमेतबाट देखिन नआएकोले सो जग्गामा निर्मित घर, सो जग्गाहरू सन्तोष गुरुङको नाममा नामसारी भएपश्चात् मात्र बनेको भन्ने देखियो । यसरी सन्तोष गुरुङ मावली बाजेको संरक्षणमा रही निजको पालनपोषणसमेतको दायित्व मावलीबाट बहन भइरहेको देखिएको साथै सोही बखत घर निर्माण भएको भन्ने अवस्थामा कित्ता नं. १४० मा अवस्थित घर सँगोलको बन्डा लाग्ने सम्पत्ति हो भनी अनुमान गरी बन्डा गर्न प्रमाण ऐन, २०३१ को दफा ६ (क) को कानूनी व्यवस्थाअनुकूल हुने देखिन नआएकोले सुरू अदालतबाट भएको फैसला केही उल्टी भई सन्तोष गुरुङको नामको कि.नं. १४० को घरजग्गा बन्डा नलाग्ने निजले आफूखुसी गर्न पाउने र ज्ञानसुवा गुरुङको नाममा मिति २०६४।११।२७ र मिति २०६६।५।५ मा खोलिएको बैंक खातामा रहेको रकम र सोबाट हुन आउने व्याजमा ४ भागको १ भाग बन्डा लागी वादीले पाउने ठहऱ्याई उच्च अदालत पोखराबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिँदा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने ।

वादी/प्रतिवादी ४ अंशियार कायम गरी ४ भागको १ भाग अंश तथा ज्ञानसुवा गुरुङको नाममा बैंक खातामा रहेको रकम र सोबाट हुन आउने ब्याजमा

४ भागको १ भाग बन्डा लागी वादीले पाउने र सन्तोष गुरुङको नामको कि.नं. १४० को घरजग्गा बन्डा नलाग्ने निजले आफूखुस गर्न पाउने ठहऱ्याई उच्च अदालत, पोखराबाट मिति २०७४।०२।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत :- उदवीर नेपाली

कम्प्युटर :- चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल असोज ४ गते रोज ३ शुभम् ।

५०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-१८६६, अंश दपोट, मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत*

वादी/प्रतिवादीहरू पिता हरिहर शर्मा र माता डिल्लीदेवी शर्माको ७ जना सन्तान भई निजको सम्पत्तिको अंशियारहरू भएकोमा विवाद छैन । मुलुकी ऐनको सातौँ संशोधन (मिति २०३४।०९।२७) मा संशोधन हुनुपूर्व मिति २०३३।०१।०५ मा मानो छुट्टिएको मिति कायम गरी डिल्लीदेवी शर्माको मु.स. गर्ने चन्द्रप्रसाद ढकाल भएको २०६६ सालको दे.पु.नं. ०६६-CI- ०१९७ को अंश मुद्दामा यस अदालतबाट मिति २०६७।७।२४ मा भएको फैसलाबाट वादी प्रतिवादीहरूको बिचमा मानो छुट्टिएको तथ्य स्थापित भएको देखिन्छ । यसरी वादी प्रतिवादीहरूका बिच मिति २०३३।०१।०५ मा मानो छुट्टिइसकेपश्चात् प्रतिवादी कुलप्रसाद ढकालले विवादित कि.नं. १३६, १३९, १४०, १४४, १४५ र १६५ का जग्गाहरू एकनारायण पौडेलबाट मिति २०३९।०१।१५ मा राजीनामाबाट प्राप्त गरेको, सो जग्गाहरूमध्ये कि.नं. १६५ को जग्गा मिति २०३९।११।१९ मा र कि.नं. १३६ को जग्गा २०४६।१।१२ मा राजीनामाद्वारा प्रतिवादी कुलप्रसाद ढकालबाट प्रतिवादी दीर्घनारायण ढकालले प्राप्त गरेको देखिन्छ । उल्लिखित तथ्य अनुसार प्रतिवादीहरूले विवादित जग्गाहरू वादीसँग मिति २०३३।०१।०५ मा मानो छुट्टिएपश्चात् प्राप्त गरेको देखियो । यस्तै प्रश्न समावेश रहेको केशरी पाध्यायनी विरुद्ध टिकानिधि पाध्या भएको अंश दपोट मुद्दामा यस अदालतबाट ने.का.प. २०४० अङ्क ४ नि.नं. १६४४ मा "मानो छुट्टिएभन्दा पछि राजीनामाबाट आर्जन गरेको सम्पत्तिमा अंशहक लाग्न सक्ने कानूनी व्यवस्था नदेखिएबाट दपोट नठहर्ने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । सो प्रतिपादित सिद्धान्तसमेतबाट उक्त कित्ता जग्गाहरू कुलप्रसाद ढकालले र दीर्घनारायण ढकालले मानो छुट्टिएपश्चात् राजीनामाद्वारा प्राप्त गरेकोले सो विवादित जग्गा अंश दपोट गरेको मान्न नमिल्ने ।

पुनरावेदक/वादी मोतिलाल ढकालले वादीमध्येका फणिनारायण ढकालसमेतउपर मिति २०४२।१२।२६ को पारित बन्डा लिखत बदर गरिपाउँ भनी स्याङ्जा जिल्ला अदालतमा दायर गरेको मुद्दा मिति २०५३।३।२ मा मिलापत्र भएको देखिन्छ । यसरी बन्डापत्रको लिखतलाई स्वीकार गरी मिलापत्र भएको अवस्थामा उक्त बन्डापत्रको लिखतबमोजिम अंश प्राप्त गर्ने व्यक्ति फणिनारायण ढकालले कि.नं. २३१ र २३२ को जग्गा मिति २०४१।४।२४ गते र.नं. १८६ को बकसपत्र लिखतबाट लिलावती ढकाललाई र कि.नं. २३४ को जग्गा गौरीमाया ढकाललाई हालैको बकसपत्र गरिदिएको, दीर्घनारायण ढकालले कि.नं. ७६ को जग्गा अंश भागबापत मिति २०४२।१२।२६ को बन्डापत्रबाट प्राप्त गरेको र कि. नं. २१७ को जग्गा जीवकुमारी अधिकारीबाट र.नं. ६८५८ मिति २०४०।२।४ मा हालैको बकसपत्र लिखतबाट प्राप्त गरेको देखिन्छ । यसरी आफैँले अंश मुद्दामा मिलापत्र गरिसकेपश्चात् प्रतिवादी कायम गरेको फणिनारायण ढकालबाट बकसपत्रबाट प्राप्त गरेको कि.नं. २३१, २३२, २३४ को जग्गा दपोट ठहऱ्याइपाउँ भन्ने र प्रतिवादी दीर्घनारायणले बन्डापत्रबाट प्राप्त गरेको कि. नं. ७६ र जीवकुमारी अधिकारीबाट बकसपत्रबाट प्राप्त गरेको कि.नं. २१७ को जग्गासमेत दपोट ठहऱ्याइपाउँ भन्ने पुनरावेदक/वादीको पुनरावेदन जिकिर तथा

यस अदालतबाट मिति २०७५।११।१५ मा प्रत्यर्थी झिकाउने आदेश गर्दा लिइएको आधारसँग समेत सहमत हुन नसकिने।

प्रतिवादी कुलप्रसाद ढकालले विवादित कि.नं. १३९, १४०, १४४ र १४५ को जग्गा र प्रतिवादी दीर्घनारायण ढकालले विवादित कि.नं. १३६, १६१ र १६५ को जग्गा मिति मानो छुट्टिइसकेपछि राजीनामाद्वारा प्राप्त गरेको देखियो। अरू कित्ताहरूको हकमा मिति २०४२।१२।२६ को पारित बन्डा लिखत बदर गरिपाउँ भनी स्याङ्जा जिल्ला अदालतमा दायर गरेको मुद्दा मिति २०५३।३।२ मा मिलापत्र भएको देखिएकोले यस्तो अवस्थामा अंशबन्डाको २७ नं. को कानूनी व्यवस्थाले अंश दपोट गरेको भन्न मिल्ने देखिएन। अतः वादी दाबीको कि.नं. हरूमध्ये कि. नं. १३६, १३९, १४०, १४४, १४५, १६१ र १६५ को जग्गा अंश दपोट गरेको ठहर गरी वादीले एकलौटी खान पाउने गरी सुरू चितवन जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गरेको तत्कालीन पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- निराजन शर्मा

कम्प्युटर :- चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल वैशाख २३ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएको छ :

- ०७५-CR-२०५६, जालसाजी, मोतिलाल ढकाल वि. लिलाकुमारी ढकालसमेत
- ०७५-CI-०९७४, अंश भर्पाई लिखत दर्ता बदर, मोतिलाल ढकाल वि. गौरीदेवी ढकालसमेत
- ०७५-CI-०९७२, लिखत दर्ता बदर, मोतिलाल ढकाल वि. लिलाकुमारी ढकालसमेत
- ०७५-CI-०९७३, अंश भरपाई लिखत दर्ता बदर, मोतिलाल ढकाल वि. लिलाकुमारी ढकालसमेत
- ०७५-CI-०९७१, घर बहाल दिलाई घर जग्गाबाट हटाई खाली गरी चलन, मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत
- ०७५-CR-२०५४, जालसाजी, मोतिलाल ढकाल वि. प्रेमप्रसाद ढकालसमेत
- ०७२-CR-१९७२, जालसाजी, मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत
- ०७२-CI-१८६७, लिखत दर्ता बदर, मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत
- ०७२-CR-१९७१, जालसाजी, मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत
- ०७५-CR-२०५५, जालसाजी, मोतिलाल ढकाल वि. लिलाकुमारी ढकालसमेत
- ०७२-CI-१८६८, लिखत दर्ता बदर, मोतिलाल ढकाल वि. दीर्घनारायण ढकालसमेत

## ५१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-०१४८, ०७६-CR-०९७१, जबरजस्ती करणी, नेपाल सरकार वि. विष्णुप्रसाद शर्मा, विष्णुप्रसाद शर्मा वि. नेपाल सरकार*

प्रतिवादी अदालतमा इन्कार रहे तापनि अधिकार प्राप्त अधिकारीसमक्ष निज प्रतिवादीले बयान गर्दा सवाल जवाफ ८ नं. मा "नाम परिवर्तित भरतपुर (ब-२३) ०७४/०७५ विगत छ महिनादेखि उक्त सेवा केन्द्रमा बस्दैआएका हुन्। संस्थामा बस्दा मैले अनुचित प्रभावमा पारी पटकपटक करणी गर्दैआएको र पछिल्लो पटक २०७५।१।१ गते राति आफ्नो कोठमा बोलाई करणी गरेको हुँ भनी आफैँले नै कसुर स्वीकार गरेको पाइन्छ। साथै मौकामा गरेको साबिती बयानलाई अन्य प्रमाणबाट समर्थित भएको तथ्य र

मिसिल संलग्न प्रमाणबाट पुष्टि गरेकोमा अदालतको इन्कारी बयानबाट मात्र कसुरदार होइन भन्न नमिल्ने भन्ने सिद्धान्तसमेत रहेको छ। मेरो शारीरिक अवस्था कमजोर भएको कारण म जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. ३ मा रहेको श्री गणेश अपाङ धार्मिक सेवा केन्द्रमा विगत ३ महिनादेखि बस्दैआएको थिएँ । निज नाम परिवर्तित ३५ भरतपुर (ब-२३) (०७४/०७५) पनि सोही केन्द्रमा बस्नुहुन्थ्यो । नाम परिवर्तित ३५ भरतपुर (ब-२३) (०७४/०७५) मेरो दिदी हुन्। निजलाई प्रतिवादी विष्णुप्रसाद शर्माले दिदी सुत्ने कोठामा दिदीलाई सुताई नराम्रो काम गर्नुहुन्थ्यो। मैले त्यस्तो नराम्रो काम गरेको धेरै पटक देखेको हुँ" भन्नेसमेत बेहोराको पीडितको साक्षी चन्चलाल प्रजाले गरेको घटनास्थल कागजबाट देखिने ।

परिवर्तित नाम ३५ भरतपुर (भ-२४) ०७४/०७५ लाई करणी गरेतर्फ समेत सुरू अभियोग माग दाबीबमोजिम सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदनको मागदाबीतर्फ विचार गर्दा परिवर्तित नाम ३५ भरतपुर (भ-२४) ०७४/०७५ लाई मैले करणी गरेको छैन। नाम परिवर्तित ३५ भरतपुर (ब-२३) (०७४/०७५) लाई करणी गरेको थाहा पाई निजले समेत जबरजस्ती करणी गरेको भनी लेखाएको हुनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी विष्णुप्रसाद शर्माले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरे तापनि प्रतिवादीले नाम परिवर्तित ३५ भरतपुर (ब-२३) (०७४/०७५) यो संस्थामा नआउँदासम्म मलाई बारम्बार जबरजस्ती करणी गरेका थिए। नाम परिवर्तित ३५ भरतपुर (ब-२३) (०७४/०७५) आएपछि भने कहिलेकाँही ममाथि जबरजस्ती करणी गरेका हुन् । निजले उक्त कुरा कसैलाई नभन्नु भनेकोले कसैलाई पनि भनेको थिइँन । घरबेटी आन्टीले शंका लागि सोधेकोले निजलाई भनेको हो भन्नेसमेत बेहोराको नाम परिवर्तित ३५ भरतपुर (भ-२४) (०७४/०७५) ले सुरू अदालतमा गरेको बकपत्र रहेको देखिन्छ । जबरजस्ती करणीजस्ता अपराध घटाउन अपराधीले अपराध लुकाउन एकान्त स्थान वा त्यस प्रकारको अनुकूल वातावरण रोज्ने हुँदा त्यस प्रकारको घटनामा प्रत्यक्षदर्शी साक्षीको उपस्थित नहुन पनि सक्ने हुँदा पीडित नै घटनाको आधारभूत गवाह भएकोले निज पीडितले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेका कुरालाई प्रमाण ऐन,२०३१को दफा (१) (ख) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने।

पीडित नाम परिवर्तित भरतपुर (ब-२३) ०७४/०७५ को हकमा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम कैद सजाय भएको हुँदा जबरजस्ती करणी महलको ३ (४) नं. बमोजिम ५ वर्ष कैद र पीडित अपाङता अवस्थाकी व्यक्तिलाई जबरजस्ती करणी गर्ने प्रतिवादी विष्णुप्रसाद शर्मालाई ऐ.को ३क. नं. बमोजिममा थप ५ वर्षसमेत जम्मा १० वर्ष कैद हुनुका साथै प्रतिवादीको आर्थिक अवस्थासमेतलाई मध्यनजर राखी जबरजस्ती करणीबाट पीडितलाई पर्न गएको शारीरिक तथा मानसिक क्षति विचार गरी पीडितले प्रतिवादीबाट रु.५०,०००।- क्षतिपूर्तिसमेत भराइपाउने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - अमृताकुमारी शर्मा

कम्प्युटर : चन्द्राबती तिमल्सेना

इति संवत् २०८० साल कार्तिक १७ गते रोज ६ शुभम्।

### ५२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CR-०८२८, नाताकायम, रत्नकाजी वाडे वि. जमुनादेवी गौतम*

जमुनादेवीले नेत्रप्रसाद न्यौपानेसँग मिति २०७०।९।२९ मा मात्रै सम्बन्ध विच्छेद हुने गरी मिलापत्र गरेकोमा सोभन्दाअघि मिति २०६७।१०।११ मा नै प्रतिवादी रत्नकाजी बाडेसँग विवाह गरेको भन्ने

दाबी कायम गरेको मिल्दैन भनी प्रतिवादीले जिकिर लिएको सम्बन्धमा विचार गर्दा, वादी प्रतिवादीले एक अर्कालाई पति पत्नी स्वीकारी बसेको पछि विवाद भई नाता कायम मुद्दा मिति २०७०।०९।१९ मा दायर भएको भए तापनि माथि विवेचना गरिए अनुसार प्रत्यर्थी/वादी जमुनादेवी गौतम र निवेदक/प्रतिवादी रत्नकाजी बाडेबिच व्यावसायिक ऋण लिएको कागजात तथा घर भाडा सम्झौताहरूको बेहोरा अनुसार आचरण र व्यवहारबाट नाता कायम मुद्दा दायर हुनुअगाडि नै निजहरूबिच पत्नी र पतिको नाता कायम हुने देखिएको सार्वजनिक दस्तावेजसमेत रहेको अवस्थामा पहिलो पतिसँग चलेको सम्बन्ध विच्छेद मुद्दामा सम्बन्ध विच्छेद हुने गरी मिति २०७०।०९।२९ मा मिलापत्र हुँदैमा यी वादी र प्रतिवादीबिच वैवाहिक नाता कायम हुन सक्दैन भनी मान्न मिल्ने देखिएन । जहाँसम्म बिहाबारीको महलको ९ नं. ले लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न प्रतिबन्ध लगाएको भन्ने प्रश्नमा उक्त प्रावधान लैङ्गिक समानता कायम गर्न तथा लैंङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ बाट संशोधन भएको देखिन्छ । तर प्रस्तुत मुद्दामा बहुविवाहमा उजुरी परी मुद्दा परेको अवस्था पनि छैन । साथै तत्कालीन मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको २ नं. ले बरू स्वास्नीले अर्कोसँग विवाह गरेमा त्यस्तो लोग्ने स्वास्नीको स्वतः सम्बन्ध विच्छेद हुने कानूनी व्यवस्था गरेको देखिन्छ । प्रस्तुत मुद्दामा वादी प्रतिवादी दुवैले एकअर्कालाई पति पत्नीको रुपमा स्वीकारी बसेको र माथि उल्लिखित अन्य कागज प्रमाणबाट समेत प्रमाणित भएबाट वादीले पहिलो पतिबाट सम्बन्ध विच्छेद गराउनैपर्छ भन्ने बाध्यात्मक व्यवस्था नरहेको अवस्थामा स्वतः सम्बन्ध विच्छेदलाई वैधानिकता दिन पहिलो पतिबाट सम्बन्ध विच्छेद हुने गरी मिलापत्र गराएको आधारमा मात्र दोस्रो पतिसँग सम्बन्ध नरहेको र नाता नरहेको भन्न नमिल्ने ।

तत्कालीन लोग्नेस्वास्नीको महलको २ नं. अनुसार स्वास्नीले अर्कोसँग विवाह गरेकोमा लोग्ने स्वास्नीको सम्बन्ध स्वतः विच्छेद हुन्छ । मिलापत्रले सम्बन्ध विच्छेदलाई सार्वजनिक/सामाजिक घोषणा र वैधानिकता दिने कार्य मात्र गरेको देखिन्छ । प्रतिवादीले वादीसँग आचरण र व्यवहारबाट लोग्ने स्वास्नी भई बसेको भनी मुद्दा संलग्न मिसिल प्रमाणबाट देखिएको अवस्थामा उक्त नजिर प्रतिवादीको हकमा सान्दर्भिक देखिएन । पछि सम्बन्ध विच्छेदको मिलापत्र गरेको आधारमा मात्रै तत्कालीन मुलुकै ऐन, लोग्ने स्वास्नीको महलको २ नं. को स्वतः सम्बन्ध विच्छेद हुने कानूनी व्यवस्थालाई अन्यथा भन्न नसकिने ।

मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ५क नं. बमोजिम वादी जमुनादेवी गौतम वाडे र प्रतिवादी रत्नकाजी वाडेबिच पति पत्नीको नाता सम्बन्ध कायम हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०८।१४।१ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७३।०४।३० को फैसला मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत - विकाशकुमार राजक
कम्प्युटर - सरस्वती दाहाल
इति संवत् २०७९ साल वैशाख ९ गते रोज ६ शुभम् ।

५३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-WO-०१०६, उत्प्रेषणयुक्त परमादेश, बैकुण्ठ थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकले प्रमाणपत्र तहको शैक्षिक उपाधि प्राप्त गरेको नभए तापनि विल्डिङ इलेक्ट्रिसियन तह ३ (तीन) को सिप परीक्षण उत्तीर्ण भएकोलाई प्रमाणपत्र

तहसरह मान्यता दिई उम्मेदवार हुन पाउनुपर्छ भनी जिकिर लिएको देखिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले बनाएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली, २०५१ को नियम १०क. को उपनियम (२) मा "सम्बन्धित विषयमा देहायको सिपको तहको प्रमाणपत्र लिएको व्यक्ति निम्न श्रेणी वा तहको लागि लिइने परीक्षामा उम्मेदवार हुन पाउने छ" भनी सिपको तह तीन भएकाले "नेपाल सरकारको राजपत्रअनङ्कित प्रथप श्रेणी (प्रा.) वा सोसरह वा तह व्यवस्था भएकोमा पाँचौँ तह (प्रा.)" को पदको तथा सिपको तह चार भएकाले "नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी (प्रा.) वा सोसरह वा तह व्यवस्था भएकोमा छैठौँ तह (प्रा.)" पदको लागि उम्मेदवार हुन पाउने व्यवस्था गरेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्था अनुसार रिट निवेदकले तीन तहको सिपको प्रमाणपत्र प्राप्त गरेकाले निज राजपत्रअनङ्कित प्रथम श्रेणीको पदको लागि मात्र परीक्षामा उम्मेदवार हुनको लागि योग्य रहेको तर राजपत्राङ्कित तृतीय श्रेणीको पदको लागि परीक्षामा उम्मेदवार हुनको लागि योग्य रहेको देखिएन। निवेदकले तालिम प्राप्त गरेको तालिम प्रदायक संस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मिति २०७६।०९।१४ को 'प्रमाणपत्रको मान्यताबारे' विषयक पत्रमा "निवेदक श्री बैकुण्ठ थापाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), राष्ट्रिय सिप परीक्षण समितिद्वारा सञ्चालित सिप तह ३ परीक्षा उत्तीर्ण गरी प्राप्त प्रमाणपत्र नेपाल सरकारको राजपत्र अनङ्कित प्रथम श्रेणी (प्रा.) पदका लागि उम्मेदवार हुन आवश्यक न्यूनतम योग्यता भएको" उल्लेख भएबाट समेत राजपत्राङ्कित तृतीय श्रेणीमा बढुवा हुनका लागि रिट निवेदकको योग्यता पुगेको भन्न नमिल्ने।

विपक्षी बढुवा समितिले असान्दर्भिक नजिरका आधारमा निर्णय गरेको भनी रिट निवेदकले दाबी लिएको सम्बन्धमा विचार गर्दा, विपक्षी बढुवा समितिले आफ्नो निर्णयमा उल्लेख गरेको रिट नं. ०७२-WO-०३४२ को रिट निवेदनमा विपक्षीहरू बुदुर झा र सपना पन्थीले पेस गरेको NON ACADEMIC J.T.A. TRAINING (PLANT SCIENCE) र प्रा.स. स्तरीय आधारभूत सेवाकालीन तालिमको प्रमाणपत्रहरू राजपत्र अनङ्कित प्रथम श्रेणीमा नियुक्त हुनको लागि आवश्यक शैक्षिक योग्यता भएकोले सोलाई प्रमाणपत्र तह वा सोसरहको मान्यता दिन नमिल्ने भनी सोही प्रमाणपत्रहरूका आधारमा राजपत्राङ्कित तृतीय श्रेणीमा निजहरूलाई बढुवा गरेको निर्णयलाई बदर गरेको पाइयो । माथि विवेचित कानूनी व्यवस्थाहरूको रोहमा राजपत्र अनङ्कित प्रथम श्रेणीमा नियुक्त हुनको लागि आवश्यक शैक्षिक योग्यता प्राप्त गरेकोलाई प्रमाणपत्र तह वा सोसरहको मान्यता दिन नमिल्ने भनी प्रतिपादित सिद्धान्तलाई सोही प्रकृतिको अवस्था रहेको प्रस्तुत विवादका सम्बन्धमा विपक्षी बढुवा समिति र विपक्षी लोक सेवा आयोगले निर्णयका लागि आधार लिएको विषयलाई रिट निवेदकले दाबी गरेजस्तो असान्दर्भिक मान्न नमिल्ने।

तह तीनको सिप परीक्षण उत्तीर्ण गरेका रिट निवेदक बैकुण्ठ थापा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाको लागि योग्य नहुने भनी विपक्षी बढुवा समितिबाट मितिमा २०७४।१२।२२ तथा विपक्षी लोक सेवा आयोगबाट मिति २०७५।३।१४ मा भएको निर्णय एवं सो सम्बन्धमा मिति २०७४।१२।२३ मा प्रकाशित सूचनासमेत माथि विवेचित कानूनी व्यवस्थाहरू तथा यस अदालतबाट ०७१-WO-००२३ को रिट निवेदनमा प्रतिपादित सिद्धान्तको रोहमा मिलेको देखिँदा उक्त निर्णयहरू र सूचनासमेत बदर हुनुपर्छ

भन्ने निवेदन दाबीसँग सहमत हुन सकिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - विकाशकुमार रजक

कम्प्युटर - चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल जेठ २५ गते रोज ४ शुभम्।

## इजलास नं. ११

### ५४

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CR-००२१, कर्तव्य ज्यान, हिराधन राई वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदन र विशेषज्ञहरूको बकपत्रबाट मृतक बच्चाको टाउकोमा कुनै कडा वस्तु ठोक्किएको वा मृतकको टाउको बजारिन पुगेको वा टाउको कुनै कडा बस्तुसँग ठोक्किन पुगेको भन्ने स्पष्ट हुन आएको देखिन्छ। बच्चालाई चोट लाग्नुअगावै बच्चा बिरामी रहेको भए शव परीक्षण प्रतिवेदनमा र चिकित्सकको बकपत्रमा समेत सो बेहोरा उल्लेख हुनपर्नेमा सो हुन सकेको देखिँदैन। प्रतिवादीको अदालतको बकपत्रबमोजिम मृतक नाबालक खाटबाट भुइँमा लडेकै हो भने खाटबाट भुँइमा लड्दा मृतकको अनुहारभरि, ओठभित्र र बाहिर ओठ च्यातिएको, टाउकोभित्र खप्पर फुटेको अवस्थाको घाउचोटहरू देखिने अवस्था नहुनुपर्नेमा सो अवस्था देखिएबाट मृतक बच्चा आफैँ खाटबाट लडेको वा खसेको कारणबाट ती अलगअलग चोटहरू लागेको होला भनी अनुमान गर्न सक्ने अवस्था देखिन आउँदैन। यी तथ्यहरूबाट बच्चा आफैँ लडेको नभई बच्चालाई उचालेर जोडले कुनै कडा वस्तुजस्तै भुइँ वा भित्तामा पछारेको, बजारिएको एवम् ठोक्काइएको कारणबाट मृतकको टाउकोमा कडा चोट लाग्न गएको भन्ने देखिन आएको छ। यसर्थ, मृतक बच्चाको मृत्यु कुनै दुर्घटनाबश भएको नभई कर्तव्यबाट नै भएको भन्ने पुष्टि हुने।

प्रतिवादी हिराधन राई र जाहेरवाली परस्परमा नाता सम्बन्ध पर्ने कुरा यी पुनरावेदक/प्रतिवादी स्वयंले स्वीकारेको देखिन्छ भने पुनरावेदक/प्रतिवादीको भनाइलाई जाहेरवालीले समेत अन्यथा भन्नसकेको देखिएन। मौकामा बुझिएका मानिस र स्वयं जाहेरवालीका अनुसार पुनरावेदक/प्रतिवादी विदेशबाट फर्केपछि जाहेरवाली सँगसँगै बस्दैआएका र एउटै कोठामा बस्दा रहँदा मृतक बच्चाको कारणबाट बच्चाको यी बाबु आमाबिच दिनहुँ झगडा हुने गर्दथ्यो भन्नेसमेत देखिन आएको छ। नाताभित्रका व्यक्तिबिच शारीरिक संसर्ग भई सो संसर्गबाट गर्भ रही बच्चा जन्मिनु, बच्चाको विषयलाई लिएर बेलाबखत जाहेरवालीसँग प्रतिवादीले झैझगडा कुटपिट गर्नुजस्ता कारणबाट मृतक बच्चा एवम् बच्चाको आमाप्रति यी पुनरावेदक/प्रतिवादीको भित्री मनमा नै एकतर्फी रिस र नकारात्मक सोचको विकास हुँदै गइरहेको भन्ने तथ्य उजागर हुन आएको देखिन्छ। घटना घटेको कोठाको डसनामा रगत लागेको भन्ने घटना स्थल प्रकृति मुचुल्का, मृतकको टाउकोभित्र फुटेको घाउचोटको अवस्थाबाट समेत मृतकको मृत्युको कारण देखिएको उक्त कुटपिट घटना जाहेरवाली र प्रतिवादी बस्ने घरको कोठाको भित्र नै भएको भन्ने देखिन्छ। यसैगरी, कोठाभित्र घटे घटाइएको घटनामा कोठाभित्र मृतकसँगै बस्दैआएका सदस्यको संलग्नता नरहेको भए अथवा उनीहरूबाहेक अरू उनाउ वा तेस्रो पक्षको संलग्नता रहेको थियो भने सो कुराको उजागर, पुस्ट्याइँ मृतकलाई जन्म दिने बाबु आमालगायतका परिवारका सदस्यबाट उजागर वा पोल उजुर हुनुपर्दथ्यो। अन्य उनाउ व्यक्तिउपर पनि त्यस्तो पोल उजुर हुनुपर्नेमा सोसमेत नदेखिने।

मृतक बच्चाको मृत्यु पुनरावेदक/प्रतिवादी हिराधन राई आफूले नै बच्चालाई भुइँमा र भित्तामा बजारेको कारणबाट भएको भन्ने अधिकार

प्राप्त अधिकारीसमक्ष पुनरावेदक/प्रतिवादीले र अनुसन्धानको क्रममा गरेको कागज बेहोरा एवम् जाहेरी तथा मौकामा जाहेरवालीले गरेको कागज बेहोरा, लास प्रकृति एवम् घटनास्थल प्रकृति विवरण, शव परीक्षण प्रतिवेदन, चिकित्सकको बकपत्रसमेतका प्रमाण कागजका अलावा पुनरावेदक/प्रतिवादीको नाताभित्रको जाहेरवालीसँगको शारीरिक सम्पर्कबाट रहन गएको गर्भबाट मृतक बच्चा जन्मिएको अवस्थाका कारण बालकप्रतिको घृणाजस्तो परिस्थितिजन्य प्रमाणका आधारबाट मृतकको मृत्यु पुनरावेदक/प्रतिवादी हिराधन राईको कर्तव्यबाट नै भएको कुरा पुष्टि हुने।

पुनरावेदक/प्रतिवादी हिराधन राईको कर्तव्यबाट निजको दुई वर्षको छोरा एरिक राईको मृत्यु भएको ठहऱ्याई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।०२।२५ मा भएको फैसला उच्च अदालत, पाटनबाट मिति २०७४।०५।२६ मा सदर भएको र उक्त फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०८० साल वैशाख ५ गते रोज ३ शुभम् ।

५५

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WO-०२६०, उत्प्रेषणसमेत, देवकी नेपाल वि. नेपाल स्वास्थ्य व्यवसायी परिषद् (NEPAL MEDICAL COUNCIL), बाँसबारी काठमाडौंसमेत*

रिट निवेदकले जनताको स्वास्थ्यजस्तो गम्भीर विषयमा रिट निवेदन लिई आएको अवस्थामा यस विषयका सम्बन्धमा कुनै निष्कर्षमा पुग्नुअघि निवेदन दाबी यथेष्ट प्रमाणबाट पुष्टि भएको छ छैन भन्नेमा गहन भई विचार गर्नु आवश्यक देखिए पनि प्रस्तुत रिट निवेदनमा दन्त स्वास्थ्य व्यवसायीले गरेका के कस्ता कार्यले चिकित्सकको पेसा रोजगारीलाई असर गरेको र जनताको स्वास्थ्यमा समेत असर परेको भनी स्पष्ट रूपमा खुलाई न्याय सम्पादन कार्यमा सजिलो बनाउन सकेकोसमेत पाइएन । जनताको स्वास्थ्यसँग खेलबाड हुने किसिमका कुनै पनि कार्य चिकित्सक वा विशेषज्ञ वा स्वास्थ्य व्यवसायी कसैले गर्न मिल्दैन । विपक्षी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा नेपाल सरकारबाट मनोनित व्यक्तिको अध्यक्षतामा चिकित्साशास्त्र अध्ययन संस्थानका डिन वा निजले तोकेको प्रतिनिधिलगायत विभिन्न विधाका व्यक्तित्वहरू सदस्यसहितको परिषद् गठन हुने भनी नेपाल स्वास्थ्य व्यवसायी परिषद्को दफा ४ मा उल्लेख गरेको देखिन्छ । यसरी चिकित्साशास्त्र अध्ययन संस्थानको समेत सहभागिता रहेको परिषद्बाट मिति २०६९ सालमा जारी विवादित SPECIFIC CODE OF ETHICS मा चिकित्सकहरूको समूह रहेको देखिएको र सम्बन्धित विधाका विशेषज्ञहरूबाट तैयार पारी जारी भएको आचार संहितालाई कानूनविपरीत वा व्यवसायिक मूल्यविपरीत रहेको दाबी गर्ने पक्षले त्यसको ठोस आधार, कारण प्रस्तुत गर्न सक्नुपर्नेमा सो गरेको देखिएन । यसै गरी विपक्षी नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले विवादित SPECIFIC CODE OF ETHICS मिति २०६९।०४।०१ देखि नेपालभर लागु हुने गरी कार्यान्वयनमा आइसकेको लगभग १० वर्षपछि निवेदकले मिति २०७९।५।२८ मा रिट निवेदन दर्ता गरेको पाइन्छ । विवादित SPECIFIC CODE OF ETHICS लागु भई कार्यान्वयन भएको धेरै समयको अन्तरालमा निवेदकले आफूले गर्ने कामबाट वञ्चित भएको भनी आफ्नो हक र अधिकारको उपचारको खोजी गर्नु कतिसम्म न्यायोचित हुने भन्ने विषयमा समेत मनन गर्नुपर्ने देखिन्छ । अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत रिट निवेदन दर्ता गर्ने समयसीमा कानूनले नतोके पनि जुनसुकै समयमा रिटको उपचारको लागि आउन पाइन्छ भन्ने हुँदैन ।

विवादित विषयवस्तुको प्रकृति, निवेदकले माग गरेको उपचार, निवेदक आफ्नो हक अधिकारप्रति जागरुक भए नभएको, निवेदकले न्यायको लागि अदालतमा प्रवेश गर्न लगाएको समय, निवेदकलाई उपचार दिँदा अर्को पक्षको हक अधिकारमा पर्ने असरजस्ता पक्षहरूलाई हेरी अनुचित विलम्बको सिद्धान्तको विषयसमेत विचारणीय देखिँदा प्रस्तुत मुद्दामा जनताको स्वास्थ्यजस्तो गहन विषयमा निवेदकले विलम्ब गरी उपचारको माग गरी अदालत प्रवेश गरेको देखिन्छ । परिषद्मा दर्ता भएका दन्त स्वास्थ्य व्यवसायीहरूले SPECIFIC CODE OF ETHICS लागु भई १० वर्षसम्म दिइरहेको सेवाबाट वञ्चित हुने र निजहरूको भविष्यलाई समेत असर हुने गरी लामो समयपछि रिट निवेदन लिई आएको हुँदा विवादित SPECIFIC CODE OF ETHICS को बुँदा नं. ३ मा उल्लिखित विषयवस्तु उत्प्रेषणको आदेशले बदर गरी CDS पाठ्यक्रमबमोजिम आचार संहिता निर्माण गर्नका लागि आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन दाबीसँग सहमत हुन नसकिने ।

निवेदन दाबीबमोजिम विवादित SPECIFIC CODE OF ETHICS को बुँदा नं. ३ मा उल्लिखित विषयवस्तुहरू CERTIFICATE IN DENTAL SCIENCE (CDS) को पाठ्यक्रमविपरीत रहेको नदेखिएको र यस विशिष्ट आचार संहितामा उल्लिखित विषयमा सेवा दिँदा अनुभवी चिकित्सक र विशेषज्ञहरूले प्रदान गर्ने सेवामा असर पुग्न गएको वा बिरामीको स्वास्थ्यमा समेत जोखिम पर्न गएको भन्ने सम्बन्धमा यथार्थ विवरण र प्रमाणसमेतको अभावमा जनस्वास्थ्यसँग सम्बन्धित विषयमा लामो समयको अवधिपछि पर्न आएको रिट निवेदनले विपक्षी परिषद्मा दर्ता भएका डेन्टल हाइजेनिस्ट व्यवसायीहरूको सेवामा समेत प्रतिकूल प्रभाव पर्न जाने अवस्था हुँदा निवेदन मागबमोजिम उत्प्रेषणलगायतका आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्

कम्प्युटर: मिलन राणा

इति संवत् २०८० साल वैशाख गते १० रोज १ शुभम् ।

## इजलास नं.२१

### ५६

**मा.न्या.श्री अब्दुल अजीज मुसलमान र मा.न्या. श्री सुनिलकुमार पोखरेल**, *०७९-RC-०१२५, जबरजस्ती करणी, नेपाल सरकार वि. तेजबहादुर सुनार*

मिति २०७६।०१।१० गतेको दिन प्रतिवादी अनिल भन्ने तेजवहादुर सुनार रक्सी खाई घटनास्थलतिर गएका थिए । त्यसको करिब एक डेढ घण्टापछि पीडितको आमा पानी भर्न गएको नानी यतिबेलासम्म किन आइनन् भनी खोज्दै जाँदा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गर्दै गरेको देखेर हारगुहार गर्नुभयो । म पनि उहाँले हार गुहार गरेको सुनी दौडिँदै गई प्रतिवादी अनिल भन्ने तेजबहादुर सुनारलाई धाराभन्दा केही तल रहेको विद्यालयतिर भाग्दै गर्दा समाती प्रहरीलाई जानकारी गराई प्रहरी आएपछि प्रहरीको जिम्मा लगाएका हौँ। मैले पीडितले लगाएका कपडा च्यातिएको देखेको थिएँ । पीडितले प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको हो भनी भनेकी थिइन् भनी घटना विवरणमा कागज गर्ने ध्रुव घिमिरेले अदालतमा बकपत्रसमेत गरिदिएको पाइने ।

प्रतिवादीउपर परेको किटानी जाहेरी, जाहेरीलाई समर्थन हुने गरी गरिदिएको बकपत्र, मौकामा पीडितले गरेको बयान कागज एवम् अदालतको बकपत्र, प्रतिवादीले मौकामा गरेको साबिती बयान, घटना विवरण कागज गर्ने मानिसले अदालतमा गरेको बकपत्र, योनि र मलद्वारमा PENETRATION भएको भन्ने शारीरिक परीक्षण प्रतिवेदन एवम् पीडित पूर्णरूपमा अपाङ्ग भएको

भन्ने छत्रकोट गाउँपालिकाको पत्रसमेतका आधारमा प्रतिवादी अनिल भन्ने तेजबहादुर सुनारलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ उपदफा १ र २ को खण्ड (ग) तथा उपदफा ७ बमोजिम जबरजस्ती करणीको कसुरमा निजलाई सोही संहिताको दफा २१९ उपदफा ३ खण्ड (क) बमोजिम जन्मकैदको सजाय ठहर भई प्रतिवादीबाट पीडितले सोही संहिताको दफा २२८ बमोजिम रु.२,५०,०००।– क्षतिपूर्ति भराइपाउने ठहऱ्याएको उच्च अदालत तुलसीपुर बुटवल इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासले प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (क) बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई मिति २०७७।११।११ मा गरेको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० साल माघ २४ गते रोज ४ शुभम्।

**५७**

**मा.न्या.श्री अब्दुल अजीज मुसलमान र मा.न्या.श्री सुनिलकुमार पोखरेल**, *०७९-RC-०१६३, कर्तव्य ज्यान, नेपाल सरकार वि. गम्भीरबहादुर दनुवार*

घटनास्थलमा कालो पेन्ट, निलो सर्ट, कालो पेटी, सेतो रातो रगत लागेको भेस्ट, फुटेको चश्मा फेला परेको । रगतका टाटाहरू देखिएको, झारपात माडिएको, लासलाई झारपातले छोपिएको, रगतले अनुहार भिजेको, चिउँडो, दायाँ गाला र कन्चटमा गहिरो काटिएको चोट भएको भन्ने घटनास्थल मुचुल्काबाट देखिन्छ। प्रतिवादी बिक्रम राईले अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादी गम्भिरबहादुर दनुवारसमेत भइ पिकनिकमा गएका र निज चित्रबहादुर मग्राती (सार्की) ले मादक पदार्थ सेवन गरेको हुनाले हामीसँग निहुँ खोजेका कारण वादविवाद भएको हो। वादविवाद भएपछि मैले निज चित्रबहादुर मग्रातीलाई २।४ बक्सिङ हानेको र प्रतिवादी गम्भीरबहादुर दनुवारले पनि कुटपिट गरी ढुङ्गाले टाउकोमा हानेको कारणले निजको मृत्यु भएको हो भनी बयान गरेको र जाहेरवालाले आफ्नो जाहेरीलाई समर्थन हुने गरी अदालतमा आई बकपत्रसमेत गरिदिएको पाइन्छ। मृतक चित्रकुमार मग्राती (सार्की) को मृत्युको कारण "CAUSE OF DEATH IS DUE TO INTRACARNIAL HEMORRHAGE AS A RESULT OF BLUNT TRAUMA FORCE" अर्थात् मृत्युको कारण धार नभएको चोटको कारण टाउकोभित्रको रक्तस्रावबाट भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको अवस्थामा मृतक चित्रकुमार मगराती (सार्की) को मृत्यु यिनै प्रतिवादी गम्भीरबहादुर दनुवारसमेतको कुटपिटबाट भएकोमा कुनै विवाद रहेको नदेखिने ।

प्रतिवादी गम्भीरबहादुर दनुवारसमेतको कुटपिटको कारणबाट चित्रकुमार मगरातीको मृत्यु भएको अवस्था प्रमाणित भइरहेकोले निजलाई ज्यानसम्बन्धीको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५(१क) बमोजिम १२ वर्ष मात्र कैद सजाय हुन उपर्युक्त भनी सुनसरी जिल्ला अदालतले राय व्यक्त गरेकोमा ऐ. दफामा प्रचलित कानूनबमोजिम जन्मकैद गर्नुपर्ने मुद्दाको अभियुक्तले कसुर गरेको कुरामा अदालतमा साबित भएकोमा त्यस्तो कसुर गर्दाको परिस्थितिलाई विचार गर्दा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले कारणसहित घटी सजायको प्रस्ताव गरी रायसहित फैसला गरेकोमा त्यसरी फैसला भएको मितिले ३५ दिनभित्र मिसिलसहित पुनरावेदन अदालतमा राय पेस गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा यी प्रतिवादी गम्भीरबहादुर दनुवार वारदातको समयदेखि नै फरार रही न्यायिक प्रक्रियामा सहभागिता नै नजनाएको अवस्था भएकोले जिल्ला अदालतले यी

प्रतिवादीको हकमा घटी सजाय गर्ने गरी व्यक्त गरेको राय कानूनअनुरूप भए गरेको नदेखिँदा घटी सजाय गर्ने गरी व्यक्त गरेको रायसम्म नमिलेको र प्रतिवादी गम्भिरबहादुर दनुवारलाई ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट भएको फैसला कानूनअनुरूप नै भएको देखिने ।

उच्च अदालत विराटनगरबाट प्रतिवादी गम्भिरबहादुर दनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई मिति २०७९।०३।१७ मा गरेको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८० माघ २४ गते रोज ५ शुभम् ।

**५८**

**मा.न्या.श्री अब्दुल अजीज मुसलमान र मा.न्या.श्री सुनिलकुमार पोखरेल**, *०७७-CR-०४५०, ०७७-CR-०६९१, ०७७-CR-०९०२, कर्तव्य ज्यान, नेपाल सरकार वि. गयाराम चौधरीसमेत, विनय रोशन चौधरी थारू वि. नेपाल सरकार, सुरज राई वि. नेपाल सरकार*

जिल्ला सुनसरी, बक्लौरी गा.वि.स. वडा नं.७ स्थित सेउती खेला बगरमा सुन्दर चौधरीलाई धारिलो घरेलु हतियारले प्रहार गरी, रोपी, घोची शरीरको पछिल्लो भाग खुट्टा घुँडाभन्दा मुनि खोलाको दलदल हिलोमा गाडी कर्तव्य गरी मारी छाडेको भन्ने बेहोराको घटनास्थल लास जाँच प्रकृति मुचुल्कामा उल्लेख भएकोमा मृतकको शव परीक्षण रिपोर्टमा CAUSE OF DEATH IS BLEEDING AND SHOCK FROM ABOVE MENTIONED INJURIES भन्नेसमेत बेहोरा उल्लेख भएको तथ्यबाट मृतक सुन्दर चौधरीको मृत्यु स्वाभाविक नभई कर्तव्यबाट मृत्यु भएको भन्ने देखिने ।

प्रतिवादीहरू गयाराम चौधरी, सुरज राई, विनय रोशन चौधरी, नोक्ची भन्ने जिवन चौधरी, विजय चौधरीले प्रस्तुत मुद्दामा के कस्तो कसुर गरेका हुन् भन्नेतर्फ हेर्दा अदालतमा आरोपित कसुरमा निज प्रतिवादीहरूले आफूहरू वारदातको दिन अन्यत्रै रहेको भनी इन्कारी बयान गरेको भए तापनि सो इन्कारी बयानलाई निजहरूले वस्तुनिष्ट प्रमाणले पुष्टि गर्न सकेको देखिँदैन । अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूले मृतकलाई यस्तो प्रकारको हतियारले चोट छोडेको भनी उल्लेख नगरे भए तापनि मिति २०७२।२।१७ गतेको दिनको विवाहमा भएको झगडाको बदला लिने पूर्वाग्रह यी प्रतिवादीहरूले राखेको र मिति २०७२।२।२१ गते बेलुका अ. १९:२० बजेको समयमा पिपराका निज मृतकसमेत मैनी गाउँमा रहेको दुखी सरदारको भट्टी पसलमा रक्सी खान आएको मौका पारी यी प्रतिवादीहरूसमेत संलग्न भइ घटनामा उपस्थित रहेका १३ जनाको समूहले मृतक सुन्दर चौधरीलाई भाग्न उम्कनसमेत नपाउने गरी घेरा हाली मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा सहयोगीको रूपमा कार्य गरेको भन्ने कुरा निजहरूको अनुसन्धानको क्रममा गरेको बयान तथा प्रतिवादी रिमोद चौधरीसमेतले गरेको बयानबाट पुष्टि भइरहेको देखिन्छ । प्रत्यक्षदर्शी भनिएका अनिल चौधरी, रामसागर चौधरी र दुलारे खानले प्रतिवादी जगल्टे भन्ने रिमोद चौधरी, आशिष चौधरी, मिथुन भन्ने अर्जुन चौधरी, सुरज राई, गयाराम चौधरी, प्रेम चौधरी, विजय चौधरी, जिवन चौधरी, इश्वर चौधरी, विनय रोशन चौधरी, अभिशेक चौधरी, सुरज चौधरी र मुसाफिर भन्ने अर्जुन चौधरीसमेतले कर्तव्य गरी मारी दलदलमा गाडेको भनी खुलाएको पाइने ।

प्रतिवादीहरूको बयान, वादीका साक्षीका बकपत्रसमेतबाट यी प्रतिवादीहरू वारदातको समयमा उपस्थित भएका र निज प्रतिवादीहरूले मृतक सुन्दर चौधरीलाई हतियार छाडेको नभए पनि

वारदातस्थलमा उपस्थित भई मृतकलाई घेरा दिने भाग्न उम्कन नदिने कार्य गरेको मिसिल संलग्न कागज प्रमाणहरूबाट पुष्टि भइरहेको देखिन्छ । मुलुकी ऐन, २०२० ज्यानसम्बन्धीको महलको १७(२) नं. मा माथि १ दफामा लेखिएबाहेक घेरा दिने, बाटो गौँडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैरकाम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्था तथा प्रतिवादीहरूको वारदातमा संलग्नताको अवस्था हेर्दा यी प्रतिवादीहरूले ऐ.१७ (२) नं. को कसुर अपराध गरेको प्रमाणित भइरहेको अवस्थामा निजहरूका हकमा १७ (२) नं. अनुसारको कसुर कायम गरेको उच्च अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न सकिने अवस्था देखिएन । ऐ. १७ (२) नं. को कसुर गरेको प्रमाणित भइरहेको अवस्थामा अभियोग मागदाबीबाट पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादीहरू सुरज राई र विनय रोशन चौधरीसमेतको पुनरावेदन जिकिर तथा प्रतिवादीहरू गयाराम चौधरी, सुरज राई, विनय रोशन चौधरी, जीवन चौधरी र विजय चौधरीलाई ज्यानसम्बन्धी महलको १३ (३) नं. को कसुरमा ऐ.१३ (३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

उच्च अदालत विराटनगरले प्रतिवादीहरू गयाराम चौधरी, सुरज राई, विनय रोशन चौधरी, नोक्ची भन्ने जिवन चौधरी र विजय चौधरीलाई ज्यानसम्बन्धी महलको १७ (२) नं. अनुसार जनही ५ वर्ष कैद गर्ने गरी मिति २०७६।०९।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर - चन्द्राबती तिमल्सेना

इति संवत् २०८० माघ २४ गते रोज ५ शुभम् ।